# संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW समिति) बाट नेपाल को छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन

वैशाख २०७८

राष्ट्रिय महिला आयोग

**प्रकाशक :**
राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल ।

**प्रकाशन मिति :** २०७८ वैशाख
**प्रकाशन प्रति :** १००० 
**संस्करण :** प्रथम

**सर्वाधिकार :**
राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

**प्रकाशन सहयोग :** UN Women, Nepal

**डिजाइन/लेआउट :** शान्त शिशिर

**मुद्रण :** मनकामना प्रिन्टिङ्ग प्रेस

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:-
च.नं.:-

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np



## मन्तव्य

संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women – CEDAW), १९७९ अन्तर्गत गठन भएको महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (सिड समिति) ले नेपाल सरकारलाई नोभेम्बर २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयन अवस्थासम्बन्धी समीक्षा सहित यो अध्ययन प्रतिवेदन तयार गरी सार्वजनिक गर्न पाउँदा मलाई खुशी लागेको छ । प्रस्तुत प्रतिवेदनमा नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि सिड समितिले दिएको निष्कर्ष टिप्पणीमा महिलाको अधिकारको सुदृढीकरणका लागि विभिन्न विषयहरूमा प्रस्तुत सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन गरी हालसम्म प्राप्त भएका उपलब्धिहरू, कार्यान्वयनका क्रममा रहेका विषयहरू र कार्यान्वयनमा आउन बाँकी पक्षहरूको समीक्षा गरिएको छ । यस प्रतिवेदन तयारीका क्रममा सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न सरोकारवाला निकायहरूसँग सम्पर्क गरी सूचना सङ्कलन भएको छ ।

नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले राष्ट्रिय महिला आयोगलाई तोकेको काम, कर्तव्य र अधिकार अन्तर्गत यस आयोगले महिलाको हकहितसँग सम्बन्धित कानून र नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने गरेको छ । सोही बमोजिम सिड (CEDAW) महासन्धि अन्तर्गत गठन भएको सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न राष्ट्रिय महिला आयोगले यो प्रतिवेदन तयार गरेको छ । नोभेम्बर २०२२ मा नेपाल सरकारले सातौं आवधिक प्रतिवेदन सिड समितिलाई बुझाउनुपर्ने दायित्व रहेकोले यस मध्यावधि प्रतिवेदनमा उल्लेख भएका कार्यान्वयन हुन बाँकी देखिएका सिड समितिले दिएका सुझावहरू उपर नेपाल सरकारले आगामी दिनमा सकारात्मक कदम चाल्न यस प्रतिवेदनले दिशानिर्देश गर्ने अपेक्षा राखिएको छ । साथै, सिड समितिले दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थासम्बन्धी नियमित अनुगमन गर्न तयार पारिएको अनुगमन संरचना (CEDAW Concluding Observation Monitoring Framework) का लागि यस प्रतिवेदनबाट प्राप्त तथ्याङ्क तथा सूचनाले आधाररेखा तयार गर्नेछ ।

लामो समयको प्रतीक्षा पछि आयोगमा तीन जना पदाधिकारीहरूको नियुक्ति भएको छ । पदाधिकारीहरूको उपस्थितिमा सिड समितिले आयोगलाई लक्षित गरी दिएका सुझावहरू कार्यान्वयन गर्न आयोग प्रतिबद्धता व्यक्त गर्दछ । साथै, आगामी दिनमा पनि सिड महासन्धि अन्तर्गतको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन भए वा नभएको विषयमा निरन्तर अनुगमन गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिन आयोग प्रतिबद्ध रहनेछ ।

सिड समितिले दिएका निष्कर्ष टिप्पणीमा औंल्याइएका विषयहरूमध्ये यस अध्ययनमा ७१.४ प्रतिशत सुझावहरू कार्यान्वयनको क्रममा रहेको र २३.८ प्रतिशत निष्कर्ष सुझावहरू कार्यान्वयन हुन बाँकी रहेको पाइएको छ । कार्यान्वयन गर्न बाँकी र कार्यान्वयनका क्रममा रहेका निष्कर्ष सुझावहरूको शीघ्र तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आयोग नेपाल सरकार (सङ्घ, प्रदेश र स्थानीय सरकार) लाई सिफारिस गर्दछ । सिड समितिले दिएका निष्कर्ष सुझावहरूको कार्यान्वयन गर्नु पक्ष राष्ट्र नेपालको कानूनी तथा नैतिक दायित्व हो । यसका लागि नेपाल सरकार र सम्बद्ध सबै गैरसरकारी संस्थाहरूबीच सहयोग, सहकार्य र समन्वय सुदृढ गर्दै अघि बढ्न आवश्यक हुन्छ ।

प्रतिवेदनलाई यस रूपमा तयार गर्न महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने निर्देशक समितिका सदस्यहरू, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरू, अध्ययनमा अन्तर्वाताका लागि आफ्नो समय दिई आवश्यक सूचना तथा तथ्याङ्क प्रदान गरी सहयोग गर्नुहुने सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी तथा गैरसरकारी निकायका पदाधिकारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । सूचना सङ्कलन तथा विश्लेषणमा संलग्न परामर्शदाता श्री सुमेधा शाक्य र प्रदेश परामर्शदाताहरू श्री अम्बिका पौडेल, श्री जानकी बि.सी., श्री मेनुका बस्नेत विष्ट, श्री शर्मिला महरा, श्री स्मीता अधिकारी र श्री ज्योति थापाप्रति धन्यवाद व्यक्त गर्दछु । यस अध्ययन प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने यु.एन.वुमनकी कार्यक्रम व्यवस्थापक श्री नभनीता सिन्हा र कार्यक्रम विश्लेषक श्री सुभा घले र राष्ट्रिय महिला आयोगका तर्फबाट यस प्रतिवेदन तयारीमा योगदान पुऱ्याउनु हुने माननीय सदस्य श्री कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य श्री विद्या कुमारी सिन्हा, तत्कालीन सचिव श्री शान्ता अधिकारी भट्टराई, उपसचिव श्री मीरा शेरचन, उपसचिव श्री लक्ष्मी आचार्य पराजुली, उपसचिव (कानून) श्री श्याम प्रसाद श्रेष्ठ, प्राविधिक सल्लाहकार श्री पलिता थापा, तत्कालीन उपसचिव (कानून) श्री कल्पना कुमारी खतिवडा, कानून अधिकृत श्री तुलसा गैह्रे, कार्यक्रम अधिकृत श्री एन्जिला रायमाझी र यस प्रतिवेदनलाई थप परिष्कृत तथा सम्पादन गर्न सहयोग गर्नुहुने सचिव श्री मनोजकुमार आचार्यलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ वैशाख

.............................................
कमला कुमारी पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-



## प्रतिवेदन सम्बन्धमा

महिलाहरूको हक-हितको संरक्षण, संवर्द्धन तथा महिला सशक्तीकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न एवं राज्यका सबै तह र निकायमा महिलाको पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न सघाउ पुऱ्याउन राष्ट्रिय महिला आयोग वि.सं.२०५८ फाल्गुन २३ गते स्थापना भई २०७२ सालमा जारी नेपालको संविधानद्वारा संवैधानिक हैसियत प्राप्त गरेको हो । आयोगले संवैधानिक मान्यता प्राप्त गरेसँगै यसका जिम्मेवारी, कार्यक्षेत्र र भूमिका समेतमा व्यापक विस्तार हुन गएको छ । आयोगले नेपाल सरकारलाई महिलाको हकहित सम्बद्ध विषयहरूमा नीतिगत, कानूनी सुधार गरी महिलालाई राज्यको सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्न सुझाव दिँदै आएको छ । साथै, आयोगले नेपाल पक्ष भएका महिला हक, हित र अधिकार संरक्षण तथा महिला भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धि कार्यान्वयनका विविध पक्षमा अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारबाट कार्यान्वयन हुनुपर्ने विषयमा सुझाव समेत पेश गर्दै आएको छ । तसर्थ राष्ट्रिय महिला आयोग वर्तमान सन्दर्भमा नेपाली महिलाहरूको सुरक्षित जीवनको आस्था, आशा, भरोसा र सरोकारको केन्द्र बन्न सफल भएको छ ।

संयुक्त राष्ट्रसंघको पहलमा सन् १९८१ सेप्टेम्बरदेखि कार्यान्वयनमा आएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो । तत्पश्चात् प्रत्येक ४/४ वर्षमा उक्त महासन्धि कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्यहरूलाई समेटी नेपालले सिड समिति (CEDAW Committee) समक्ष आवधिक प्रतिवेदन पेश गर्दै आएको छ । यसै सन्दर्भमा उक्त सिड समितिले नेपालको छैटौं आवधिक प्रतिवेदन माथि दिएका सुझावहरूको कार्यान्वयन अवस्थाको सम्बन्धमा हालसम्म भए गरेका कामकारबाहीको मध्यावधिक समीक्षा गरी यो प्रतिवेदन तयार भएको अवस्था छ । नेपाल सरकारले सातौं आवधिक प्रतिवेदन सन् २०२२ मा सिड समितिलाई बुझाउनु पर्ने सन्दर्भमा अघिल्लो प्रतिवेदनले सुझाएका सुझावहरूको कार्यान्वयन पक्षको यथार्थ अवस्था केलाउँदै यो प्रतिवेदन सार्वजनिक हुँदैछ ।

हाल पदाधिकारीहरूको उपस्थिति पश्चात् सिड समितिले आयोगलाई लक्षित गरी दिएका सुझावहरू कार्यान्वयन गर्न आयोगका तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछौं । साथै, नेपाल सरकारका विभिन्न मन्त्रालय, निकायहरूबाट कार्यान्वयन हुनुपर्ने विषय तदारुकताका साथ कार्यान्वयन गराउन समेत आयोगले आवश्यक भूमिका निर्वाह गर्नेछ । सिड महासन्धि अन्तर्गतको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन भए वा नभएको मूल्याङ्कन गरी उक्त महासन्धि अन्तर्गत हालसम्म भएका उपलब्धिहरूलाई सुरक्षित गरी निर्धारित समयावधि भित्र थप लक्ष्य प्राप्त गर्ने दिशामा समेत आयोगले आफ्नो भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।

यस प्रतिवेदनमा सुझावका रूपमा औंल्याइएका विषयहरूलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्न सम्बन्धित सबै निकायबाट आवश्यक पहल हुनेछ भन्ने मैले विश्वास लिएको छु । हालसम्म भए गरेका कार्यहरूको विस्तृत जानकारी एवं तथ्याङ्क सहित तयार भएको यो प्रतिवेदनले लैङ्गिक समानता सुनिश्चित गरी समन्यायिक समाज निर्माण गर्ने दिशामा आयोगका साथै नेपाल सरकारलाई समेत थप जिम्मेवार बनाउने कुराप्रति म आशावादी छु । यो प्रतिवेदन तयारीका क्रममा सबैलाई निरन्तर हौसला प्रदान गर्नुहुने आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली र  माननीय सदस्य विद्या कुमारी सिन्हा प्रति आभारी छु ।

अन्त्यमा, यस प्रतिवेदनमा सुझावका रूपमा औंल्याइएका विषयहरूलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्न सम्बन्धित सबै निकायबाट आवश्यक पहल हुनेछ भन्ने विश्वास व्यक्त गर्दै प्रतिवेदन तयारीका क्रममा संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकायहरूसँग सम्पर्क गरी सूचना सङ्कलन गर्ने, अध्ययन कार्यको समन्वय गरी प्रतिवेदनलाई पूर्णता दिन खटिनुहुने आयोगका सबै कर्मचारीहरू तथा यु. एन्. वुमनका सम्पूर्ण टीमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ वैशाख

...........................................

कृष्ण कुमारी पौडेल खतिवडा

सदस्य

राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-



# प्रतिवेदन सम्बन्धमा

**यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।**
**यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः ॥**

महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) संयुक्त राष्ट्रसंघको महासभाद्वारा (प्रस्ताव नं. ३४/१८०) पारित भई सदस्य मुलुकहरूको हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको पनि ४१ वर्ष भइसकेको छ । महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु प्रमुख उद्देश्य रहेको यस महासन्धिमा महिला समानता र विकाससम्बन्धी सबै पक्षहरू समेटिएको छ । महासन्धिका पक्षधर राष्ट्रहरूले प्रत्येक ४/४ वर्षमा महासन्धि कार्यान्वयनको प्रगति प्रतिवेदन सिड समिति (CEDAW Committee) समक्ष पेश गर्नुपर्ने प्रावधान बमोजिम नेपालले पनि हालसम्म ६ वटा आवधिक प्रतिवेदन तयार गरी सो समिति समक्ष प्रस्तुत गरिसकेको छ । उक्त प्रतिवेदनहरू माथि सिड समितिले नेपाल सरकारलाई निष्कर्ष सुझावहरु समेत दिँदै आएको छ । ती सुझावहरू कार्यान्वयन गर्नु हाम्रो राष्ट्रिय दायित्व हो ।

राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारको क्षेत्रभित्र एकातिर महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने रहेको छ भने अर्कोतिर नेपाल पक्ष भएको महिलाको हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने रहेको छ । यस सन्दर्भमा राष्ट्रिय महिला आयोगले महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी समिति (CEDAW समिति) बाट नेपाललाई प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न लागेकोमा म आयोगको सदस्यको नाताले निकै खुशी छु । महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था मिश्रित देखिएकोले आगामी दिनमा कार्यान्वयन पक्षलाई अझ जोड दिन आवश्यक देखिएको छ । विशेषत: प्रदेश नं २ का मधेशी महिला, पिछडा वर्ग, अल्पसंख्यक, मुस्लिम महिलाहरु, दलित महिलाहरूका साथै अपाङ्गता भएका

महिलाहरूको लागि नेपाल सरकारले अझै थुप्रै कार्य गर्नुपर्ने देखिएको छ । महिलाको हक हितको लागि विगतको तुलनामा केही प्रशंसनीय कार्य भएको भएता पनि यसमा सन्तोष मान्ने ठाउँ छैन । प्राप्त अधिकारको संरक्षण गर्दै थप अधिकारको लागि हामी समस्त महिलाहरु अझ जुझारु र चनाखो हुन आवश्यक रहेको छ ।

सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव त्यतिबेला मात्र पूर्ण रूपमा कार्यान्वयनमा आउन सक्छ जतिबेला हामी सम्पूर्ण महिला एकजुट रहन्छौँ । सरकार, राष्ट्रिय महिला आयोग र सम्पूर्ण महिला तथा पुरुषको सहकार्य र सहयोगमा हामी एकदिन अवश्य सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझावलाई पूर्ण कार्यान्वयनमा उतार्दै लैङ्गिक समतामूलक समाज सिर्जना गर्न सफल हुनेछौँ भन्ने विश्वास लिएको छु ।

२०७८ वैशाख

......................................
विद्या कुमारी सिन्हा
सदस्य
राष्ट्रिय महिला आयोग

# कार्यकारी सारांश

नेपाल पक्ष रहेको संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ अन्तर्गत महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (सिड समिति) रहेको छ । यस समितिले नेपालले बुझाएको छैटौँ आवधिक प्रतिवेदनमाथि १४ नोभेम्बर २०१८ मा विभिन्न सुझावहरूसहित निष्कर्ष टिप्पणी दिएको थियो । महिला अधिकारको सुदृढीकरणका लागि यस समितिले दिएका सुझावहरूको कार्यान्वयन गर्नु पक्ष राष्ट्र नेपालको राष्ट्रिय दायित्व (State obligation)रहेकोले सो दायित्व बमोजिम कार्य भए नभएको समीक्षा गर्न र हालसम्म भएका उपलब्धिहरू र कार्यान्वयनका कमजोर पक्षहरूलाई उजागर गर्ने उद्देश्यले राष्ट्रिय महिला आयोगले युएन वुमनको सहयोगमा यो प्रतिवेदन तयार गरको छ । नोभेम्बर २०२२ मा नेपाल सरकारले सातौँ आवधिक प्रतिवेदन सिड समितिलाई बुझाउनुपर्ने दायित्व रहेकोले यस मध्यावधि प्रतिवेदनमा उल्लेख भएका सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन हुन बाँकी देखिएका सुझावहरू उपर नेपाल सरकारलाई आगामी दिनमा आवश्यक कदम चाल्न यस प्रतिवेदनले दिशानिर्देश गर्ने अपेक्षा राखिएको छ ।

यस अध्ययनका लागि प्रदेश र स्थानीय तहका विभिन्न निकायहरुबाट सूचना संकलन गर्न १३ वटा प्रश्नावलीहरू र सङ्घीय तहका विभिन्न निकायहरूबाट सूचना संकलन गर्नका लागि १० वटा प्रश्नावलीहरू तयार गरिएको थियो । सङ्घ, सातवटा प्रदेश र चौधवटा स्थानीय तहहरूका कुल १३४ जना सरोकारवाला व्यक्तिहरूसँग विद्युतीय (भर्चुअल) माध्यमबाट, लिखित रूपमा, प्रत्यक्ष भेट गरेर वा टेलिफोन सम्पर्क मार्फत प्रश्नावलीको उत्तर संकलन गरिएको थियो । आयोगले प्रतिवेदनलाई थप परिष्कृत गर्नका लागि सङ्घीय संसदको महिला तथा सामाजिक समिति, सङ्घीय मन्त्रालयहरू, न्याय क्षेत्र र गैरसरकारी संस्थाका प्रतिनिधिहरुसँग छुट्टाछुट्टै चारवटा अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरेको थियो । विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रकाशित वार्षिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन, पुस्तक, लेख र विभिन्न विद्युतीय तथा छापा सञ्चार माध्यममा प्रकाशित लेखहरूबाट यस प्रतिवेदनका लागि थप सूचना सङ्कलन गरिएको थियो । विभिन्न सरोकारवाला निकायहरू तथा प्रतिवेदनहरूबाट संकलित सूचनाहरूको अन्तर्वस्तु केलाएर (triangulate गरी) र विवेचना गरी यस प्रतिवेदनमा लेखबद्ध गरिएको छ ।

सिड समितिले नेपालको छैटौँ आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणीमा महिला समानता प्रवर्द्धन गर्न र महिला विरुद्धको विभेद अन्त्य गर्न महासन्धिको धारा १ देखि १६ अन्तर्गत विभिन्न २१ विषयहरूमा सुझावहरू दिएको छ । यी सुझावहरूमध्ये केही लामा सुझावहरूलाई राष्ट्रिय महिला आयोगले तयार गरेको निष्कर्ष टिप्पणीको अनुगमन संयन्त्र (CEDAW Concluding Observation Monitoring Framework) मा व्यवस्था गरिए बमोजिम यस अध्ययनका लागि टुक्र्याएर जम्मा ८४ वटा सुझावहरू बनाइएकोमा जम्मा ४ वटा सुझावहरूको पूर्ण कार्यान्वयन भएको अवस्था देखिन्छ भने हालसम्म ६० वटा सुझावहरूमा केही मात्रामा कार्य भएको अवस्था छ । सिड समितिले दिएका बाँकी २० वटा सुझावहरू हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

यसरी यस अध्ययनबाट सिड समितिले दिएका प्रायःजसो सुझावहरू कार्यान्वयनको क्रममा रहेको (६० वटा सुझावहरू : ७१.४%) देखिन्छ भने करिब एक चौथाइ सुझावहरू (२० वटा सुझावहरू : २३.८%) हालसम्म कार्यान्वयन हुन नसकेको देखिन्छ । कार्यान्वयन नभएका अधिकांश सुझावहरू विभेदरहित कानूनहरूको निर्माण, परिमार्जन र अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्ने सम्बन्धी रहेका छन् । यस सम्बन्धमा विधायिका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सरोकारवाला निकायहरूसँग छलफल गरी कानून निर्माण तथा सुधारमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

कार्यान्वयन हुन बाँकी सिड समितिले दिएका सुझावहरूको शीघ्र कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । साथै, सिड महासन्धि र सिड समितिले दिएका सुझावहरूको बारेमा अझै पनि तीन तहका सरकारका पदाधिकारीहरूलाई पर्याप्त जानकारी भएको नपाइएकोले सिड समितिका सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि यस महासन्धि र सिड समितिले दिएका सुझावहरूका बारेमा सरोकारवाला निकायहरूलाई अभिमुखीकरण तालिम दिनुपर्ने खाँचो देखिएको छ ।

राष्ट्रिय महिला आयोग-२०५८

# प्रतिवेदनमा प्रयोग भएका संक्षिप्त शब्दहरूको विस्तृत रूप

| | |
|---|---|
| आ.व. | - आर्थिक वर्ष |
| उ.म.न.पा. | - उप महानगरपालिका |
| गा.पा. | - गाउँपालिका |
| गै.स.सं. | - गैर सरकारी संस्था |
| टिभी | - टेलिभिजन |
| म.न.पा. | - महानगरपालिका |
| म.वि.अ. | - महिला विकास अधिकृत |
| न.पा. | - नगरपालिका |
| ना.सु. | - नायब सुब्बा |
| ओएचसीएचआर (OHCHR) | - संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्च आयुक्तको कार्यालय (Office of the High Commissioner for Human Rights) |
| सिड (CEDAW) | - महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women) |
| ओएण्डएम (O&M) | - Organization and Management |
| ओसिएमसी (OCMC) | - One Stop Crisis Management Center |
| एएनसी (ANC) | - Ante Natal Care |
| एचआइभी (HIV) | - Human Immunodeficiency Virus |
| एमएनएच (MNH) | - Maternal and Neonatal Health |
| एमपिडियसआर (MPDSR) | - Maternal and Perinatal Death Surveillance and Response |
| एसएमएनएच (SMNH) | - Safe Motherhood and Newborn Health |
| एसबिए (SBA) | - Skilled Birth Attendant |
| टिपिओ (TPO) | - Transcultural Psychosocial Organization |
| पिएनसी (PNC) | - Prenatal Care |
| पिएसए (PSA) | - Public Service Announcement |
| भिएसओ (VSO) | - Voluntary Service Organization |
| युएनओडिसी (UNODC) | - United Nations Office on Drugs and Crime |
| युएनएफपीए (UNFPA) | - United Nations Population Fund |
| युएनडिपी (UNDP) | - United Nations Development Programme |
| युएन वुमन (UN Women) | - United Nations Entity for Gender Equality and the Empowerment of Women |
| युनिसेफ (UNICEF) | - United Nations Children's Fund |
| युकेएड (UKAid) | - United Kingdom Aid |
| ल्याक (LACC) | - Legal Aid and Consultancy Center |
| सामी (SAMI) | - Safer Migration |
| सिविन (CWIN) | - Child Workers in Nepal |

**नोटः** यस प्रतिवेदनमा टिप्पणी र सुझावलाई समानार्थी शब्दका रुपमा प्रयोग गरिएको छ ।

राष्ट्रिय महिला
NWC आयोग-२०५८

# विषय सूची


**भाग -१ : परिचय** ........ १

१.१. विषय प्रवेश १

१.२. उद्देश्य २

१.३. अध्ययन प्रतिवेदनको महत्व २

१.४. प्रतिवेदन तयारी विधि २

१.५. अध्ययनको सीमा ६

१.६. चुनौती ६

**भाग -२ : महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, महासन्धि अन्तर्गतको समिति, प्रतिवेदन प्रणाली, निष्कर्ष टिप्पणी र राज्यको दायित्वबारे संक्षिप्त जानकारी** ........ ७

२.१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि ७

२.२. सिड महासन्धिको महत्व र यसले अवलम्बन गरेका सिद्धान्तहरू ७

२.३. राज्यको दायित्व ८

२.४. महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (सिड समिति) ९

२.५. प्रतिवेदन प्रणाली र निष्कर्ष टिप्पणी ९

२.६. सिड समितिले दिएका सुझावहरू १०

**भाग -३ : महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था** ........ ११

**भाग -४ : निष्कर्ष, सुझाव तथा उपसंहार** ........ ११६

४.१. निष्कर्ष ११७

४.२. सुझाव ११८

४.३. उपसंहार ११९

**अनुसूची १ :** सूचना संकलनका लागि छनौट गरिएका स्थानीय तहहरु ........ १२१

**अनुसूची २ :** सूचना संकलनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरुको विवरण ........ १२२

**अनुसूची ३ :** अन्तर्क्रिया कार्यक्रमहरुमा सहभागी भएका प्रतिनिधिहरुको विवरण ........ १२७

**अनुसूची ४ :** राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट २०७५ असोजपछि हालसम्म लैङ्गिक समानता सम्बन्धी भएका प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रमको विवरण ........ १३५

राष्ट्रिय महिला NWC आयोग-२०५८

# भाग - १

# परिचय

## १.१ विषय प्रवेश

संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ (Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) - यस उप्रान्त "सिड" भनिएको) अन्तर्गत महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (Committee on the Elimination of Discrimination against Women - यस उप्रान्त, "सिड समिति" भनिएको) गठन भएको छ । सिड समितिले १४ नोभेम्बर २०१८ मा नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि विभिन्न सुझावहरूसहित निष्कर्ष टिप्पणी दिएको थियो । महिला अधिकारका विभिन्न विषयहरूमा सिड समितिबाट प्राप्त सुझावहरूको कार्यान्वयन गर्नु महासन्धिको पक्ष राष्ट्र नेपालको राष्ट्रिय दायित्व (State Obligation) हो । पक्ष राष्ट्रको हैसियतले सिड समितिले दिएका सुझावहरुको कार्यान्वयन अवस्थाबारे विश्व समुदायलाई जानकारी गराउनु नैतिक जिम्मेवारी हो । यसको कार्यान्वयनका सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय जगतलाई विश्वस्त गराउनु आवश्यक हुन्छ ।

नेपालको संविधान[1] र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले राष्ट्रिय महिला आयोगलाई तोकेको काम, कर्तव्य र अधिकार अन्तर्गत यस आयोगले महिलाको हकहितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिन सक्दछ । यसै बमोजिम सिंड समितिले सन् २०१८ मा नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्थाको सम्बन्धमा राष्ट्रिय महिला आयोगले युएन वुमनको सहयोगमा मध्यावधि समीक्षा गरी यो प्रतिवेदन तयार गरेको छ । नोभेम्बर २०२२ मा नेपाल सरकारले सातौं आवधिक प्रतिवेदन सिड समितिलाई बुझाउनुपर्ने दायित्व[2] रहेकोले यस मध्यावधि प्रतिवेदनमा उल्लेख भएका सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन हुन बाँकी देखिएका सुझावहरू उपर नेपाल सरकारलाई आगामी दिनमा आवश्यक कदम चाल्न यस प्रतिवेदनले दिशानिर्देश गर्ने अपेक्षा राखिएको छ ।

---

[1]नेपालको संविधान, धारा २५३ (१) (ख)

[2]सिड समिति, **सिड महासन्धि अन्तर्गत नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणी**, १४ नोभेम्बर २०१८, परिच्छेद ५२
(Committee on the Elimination of Discrimination against Women, **Concluding observations on the sixth periodic report of Nepal**, 14 November 2018, para 52), CEDAW/C/NPL/CO/6, https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CEDAW%2fC%2fNPL%2fCO%2f6&Lang=en

## १.२ उद्देश्य

संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समितिले नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणीमा महिला अधिकारको सुदृढीकरणका लागि दिएका सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन गरी हालसम्म भएका उपलब्धिहरू र कार्यान्वयनका कमजोर पक्षहरूको समीक्षा गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको महत्व

- आगामी दुई वर्षमा नेपालले सिड समितिले दिएका कार्यान्वयन गर्न बाँकी सुझावहरूमा थप कार्य गरी नोभेम्बर २०२२ मा बुझाउनुपर्ने सातौं आवधिक प्रतिवेदनको तयारीका लागि यस प्रतिवेदन सहयोगी हुनेछ ।
- सिड समितिले दिएको निष्कर्ष सुझावको कार्यान्वयन अवस्थासम्बन्धी नियमित अनुगमन गर्न तयार पारिएको अनुगमन संरचना (CEDAW Concluding Observation Monitoring Framework) का लागि यस प्रतिवेदनबाट प्राप्त तथ्यांक तथा सूचनाले आधाररेखा (baseline) तयार गर्नेछ ।
- महिला र महिलाभित्रका सीमान्तकृत वर्गका हकहितको संरक्षण र प्रवर्द्धनका लागि पैरवी गर्ने वकालतपत्र (advocacy document) का रूपमा यो प्रतिवेदन उपयोगी हुनेछ ।

## १.४. प्रतिवेदन तयारी विधि

राष्ट्रिय महिला आयोगले प्रतिवेदन तयारीका लागि विभिन्न मन्त्रालय (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) तथा संघ संस्था (राष्ट्रिय अपाङ्ग महासंघ, राष्ट्रिय आदिवासी महिला समाज, महिला, कानून र विकास मञ्च, दलित महिला संघ, नीलहिरा समाज) का प्रतिनिधिहरुलाई समावेश गरी निर्देशक समिति (Steering Committee) को गठन गरेको थियो । यस समितिले प्रतिवदेन तयारीमा पृष्ठपोषण दिँदै उक्त प्रतिवेदनलाई प्रभावकारी बनाउन अहं भूमिका निर्वाह गरेको थियो । आयोगले यस प्रतिवेदनको प्रक्रिया शुरु गर्नु अघि सिडको निष्कर्ष सुझावहरूको कार्यान्वयन अनुगमन समूहसँग पनि यस विषयमा छलफल गरेको थियो । आयोगले अनुगमन संरचनालाई पनि निर्देशक समिति मार्फत सुझाव संकलन गरी पारित गरेको थियो । यसको साथै गण्डकी र बागमती प्रदेशमा आयोगले माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यमा प्रदेशस्तरीय गोष्ठी समेत सम्पन्न गरेको थियो ।

आयोगले सातै प्रदेशमा प्रदेशस्तरीय गोष्ठी आयोजना गर्ने योजना राखेको थियो । तर कोभिड १९ का कारण सृजित बन्दाबन्दी र समयलाई मध्यनजर राख्दै आयोगले आफ्नो रणनीतिमा केही परिवर्तन गर्दै तथ्याङ्क संकलनका लागि एकजना राष्ट्रिय परामर्शदाता र छ जना प्रदेशस्तरका परामर्शदाताहरू छनौट गरेको थियो । वि.सं. २०७७ साल असोजमा प्रदेशस्तरका परामर्शदाताहरूलाई सिड समितिले दिएको

निष्कर्ष सुझाव र यसको कार्यान्वयन अवस्थाको समीक्षा गर्नका लागि अवलम्बन गर्नुपर्ने सूचना संकलन विधिका विषयमा अभिमुखीकरण तालिम दिई सातै प्रदेशहरूबाट सूचना संकलन गरिएको छ ।

सङ्घीय संरचनामा तीनवटै सरकारहरू (सङ्घ, प्रदेश र स्थानीय सरकार) को सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन गर्ने दायित्व रहन्छ । यस कारण प्रदेश र स्थानीय तहका सरोकारवाला निकायहरूसँग अन्तर्वार्ता गरी सूचना संकलन गर्नका लागि कुल १३ वटा प्रश्नावलीहरू र सङ्घीय तहका विभिन्न निकायहरूबाट सूचना संकलन गर्नका लागि १० वटा प्रश्नावलीहरू तयार गरिएको थियो । राष्ट्रिय महिला आयोगले महिलाको हकहितसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको दायित्व कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्ने संवैधानिक दायित्व[3] रहेकोले आयोगको संस्थागत क्षमता सुदृढ गर्न निर्माण गरिएको 'सिड समितिको निष्कर्ष सुझावको कार्यान्वयन सम्बन्धी अनुगमन संरचना'(CEDAW Concluding Observation Monitoring Framework) का आधारमा गुणात्मक र संख्यात्मक सूचना (qualitative and quantitative data) संकलन गर्ने किसिमले प्रश्नावलीहरू तयार गरिएको थियो । यस अनुगमन संरचनामा सिड महासन्धिका १३ वटा प्रमुख धाराहरू अन्तर्गत सिड समितिले दिएका निष्कर्ष सुझावहरूलाई परिणाम (outcome) का रूपमा प्रस्तुत गरी यस अन्तर्गत गनुपर्ने कार्यक्रम, समयावधि, जिम्मेवार निकाय, सहयोगी निकाय, नतिजा सूचकांक (indicators) र सूचनाको स्रोत उल्लेख गरिएको छ ।

सङ्घ, सातवटा प्रदेश र चौधवटा स्थानीय तहहरूका कुल १३४ जना सरोकारवाला व्यक्तिहरूसँग विद्युतीय (भर्चुअल) माध्यमबाट, लिखित रूपमा, प्रत्यक्ष भेट गरेर वा टेलिफोन सम्पर्क मार्फत प्रश्नावलीको उत्तर संकलन गरिएको थियो । कोभिड-१९ महामारीका बीच सूचना संकलनको कार्य गर्नुपरेकोले संक्रमण सर्नबाट जोगिन सम्भव भएसम्म विद्युतीय माध्यम वा उक्त निकायहरूमा पत्राचार गरी लिखित रूपमा जानकारी लिइएको थियो । *(सूचना संकलन गरिएका स्थानीय निकायहरूको नाम अनुसूची १ मा राखिएको छ ।)*

सूचना संकलनका लागि सम्पर्क गरिएका सरोकारवाला निकायहरू देहाय बमोजिम रहेका छन् :-

### (क) राष्ट्रिय स्तर /सङ्घीय तहका निकायहरू

- सङ्घीय संसद
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[3] नेपालको संविधान, धारा २५३ को उपधारा १(ख)

- गृह मन्त्रालय
- सर्वोच्च अदालत
- नेपाल प्रहरी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय)
- वैदेशिक रोजगार बोर्ड
- राष्ट्रिय न्यायिक प्रतिष्ठान
- गैरसरकारी संस्थाहरू (महिला, कानून र विकास मञ्च, ब्लु डायमण्ड सोसाइटी (नीलहिरा समाज), महिला आदिवासी तथा जनजाति महासंघ)

### (ख) प्रदेशस्तरका निकायहरू

- प्रदेश सभा
- सामाजिक विकास मन्त्रालय
- आन्तरिक मामिला तथा कानून मन्त्रालय
- प्रदेश प्रहरी
- गैरसरकारी संस्था (गै.स.सं. महासंघ, ओरेक, आवाज, माइती नेपाल, साथी, अपांग महिला संघ, सोसेक, साना हातहरु, स्वीट नेपाल, द्वन्द्वपीडित तथा एकल महिला केन्द्र, साहसी कदम, सेतो गुराँस, सिद्धार्थ सामुदायिक समाज, कदम नेपाल, सिर्जनशील समाज)

### (ग) स्थानीय तहका निकायहरू

- प्रत्येक प्रदेशबाट एउटा महानगरपालिका वा उपमहानगरपालिका वा एउटा नगरपालिका र एउटा गाउँपालिका
- न्यायिक समिति
- जिल्ला अदालत
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला सरकारी वकील कार्यालय
- जिल्ला कानूनी सहायता समिति
- जिल्ला प्रशासन कार्यालय
- मालपोत कार्यालय

माथि उल्लिखित विभिन्न सरोकारवाला निकायहरूमा सूचना संकलनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण अनुसूची २ मा दिइएको छ।

आयोगले प्रतिवेदनलाई थप परिष्कृत गर्नका लागि सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुसँग छुट्टाछुट्टै चारवटा अन्तर्क्रिया कार्यक्रमहरू[4] सञ्चालन गरेको थियो । आयोगले सङ्घीय संसदको महिला तथा सामाजिक समितिसँग अन्तर्क्रिया आयोजना गरेको थियो जसको अध्यक्षता समितिको सभापति माननीय निरु पालले गर्नु भएको थियो । यसको सहजीकरण माननीय न्यायाधीश सपना प्रधान मल्लले गर्नु भएको थियो । विभिन्न सङ्घीय मन्त्रालयहरूका प्रतिनिधिहरु र न्याय क्षेत्रका प्रतिनिधिहरु (सरकारी वकील, प्रहरी र नेपाल बार एशोसियसन) सँग भएको अन्तर्क्रियाको सहजीकरण सिड समितिका उपाध्यक्ष श्री वन्दना राणाले गर्नु भएको थियो । उक्त कार्यक्रमहरुबाट प्राप्त सुझावहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । *(अन्तर्क्रिया कार्यक्रमहरूमा सहभागी भएका प्रतिनिधिहरूको विवरण अनुसूची ३ मा दिइएको छ ।)*

राष्ट्रिय महिला आयोगले विद्युतीय माध्यमबाट समेत प्रदेश १, प्रदेश २ र सुदूरपश्चिम प्रदेशसँग र भौतिक उपस्थितिमा बागमती र गण्डकी प्रदेशसँग सिड महासन्धि र सिड समितिले दिएका सुझावहरूको बारेमा आयोजना गरेको छलफल कार्यक्रम तथा लैङ्गिक भेदभाव विरुद्धको १६ दिने अभियानका क्रममा विभिन्न सरोकारवाला निकायहरूसँग आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमहरूबाट समेत सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा सूचना संकलन गरिएको थियो ।

सूचना संकलनका लागि विभिन्न कार्यालयहरूमा जाँदा तथा अन्तर्क्रिया कार्यक्रमहरूको आयोजना गर्दा कोभिड-१९ महामारीबाट बच्ने उपायहरू (भौतिक दूरी, मास्क र स्यानिटाइजरको प्रयोग) मा विशेष ध्यान पुऱ्याइएको थियो ।

यस प्रतिवेदन तयारीका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रकाशित वार्षिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन, पुस्तक, लेख र विभिन्न विद्युतीय तथा छापा सञ्चार माध्यममा प्रकाशित लेखहरूको अध्ययन गरी सूचना सङ्कलन गरिएको थियो ।

विभिन्न सरोकारवाला निकायहरूबाट प्राप्त सूचना तथा प्रतिवेदनहरूबाट संकलित सूचनाहरूको अन्तर्वस्तु केलाएर (triangulate गरी) र विवेचना गरी यस प्रतिवेदनमा लेखबद्ध गरिएको छ । सिड समितिले महिला अधिकार र महिलाभित्रका सीमान्तकृत वर्गका अधिकारसम्बन्धी विभिन्न विषयहरूमा दिएका सुझावहरू र ती प्रत्येक सुझावको कार्यान्वयन अवस्थाका बारेमा तालिका बनाई यस प्रतिवेदनको भाग ३ मा प्रस्तुत गरिएको छ ।

मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सङ्घीय मन्त्रालयहरू, नेपाल प्रहरी, अन्य सरकारी निकायहरू तथा गैरसरकारी संस्थाहरूसँग राष्ट्रिय परामर्श बैठक (National Validation Workshop) गरी विभिन्न चरणमा सुझावहरू संकलन गरी प्रतिवेदनलाई परिष्कृत गरिएको छ । प्रतिवेदनको राष्ट्रिय परामर्श बैठक ५ चैत्र २०७७ मा सम्पन्न गरिएको थियो जसमा विभिन्न निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

[4] मिति २०७७।०९।०३ मा सङ्घीय संसद, मिति २०७७।०९।१० मा सङ्घघीय मन्त्रालयहरू, मिति २०७७।११।०६ मा न्याय क्षेत्रका निकायहरू र मिति २०७७।०८।१८ मा गैरसरकारी संस्थाहरूसँग राष्ट्रियस्तरमा चारवटा अन्तर्क्रिया कार्यक्रमहरू आयोजना भयो ।

## १.५. अध्ययनको सीमा

यो अध्ययन विशुद्ध रूपमा सिड समितिले सन् २०१८ मा निष्कर्ष टिप्पणी मार्फत नेपाललाई दिएका सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा सीमित छ। त्यसैले निष्कर्ष सुझाव बमोजिम विगत दुई वर्षमा भएका उपलब्धिहरू र गर्न बाँकी कार्यहरूलाई मात्र प्रतिवेदनमा समावेश गरिएको छ। नेपालमा महिला अधिकारको समग्र अवस्थाका बारेमा यस अध्ययनले समेटेको छैन।

कोभिड-१९ महामारीका कारण स्वास्थ्य सुरक्षाको जोखिम तथा स्वतन्त्र हिँडडुलमा लागेको प्रतिबन्धका कारण सबै निकायहरूमा प्रत्यक्ष पुगी भेटघाट गरी सूचना संकलन गर्न सम्भव भएन। उपलब्ध समय र स्रोतको सीमाभित्र रहेर सूचना संकलन र प्रतिवेदन तयारी गर्नुपर्दा केही सरोकारवाला निकायहरूसँग सम्पर्क गरी सूचना संकलन गर्न सकिएन। सबै ७५३ वटा स्थानीय तहहरूबाट सूचना संकलन गर्न समय, स्रोत र कोभिड-१९ महामारीका कारण सम्भव नभए तापनि सिड समितिले दिएका निष्कर्ष सुझावहरूको कार्यान्वयनमा स्थानीय तहहरूको समेत भूमिका रहने कुरालाई आत्मसात् गरी प्रत्येक प्रदेशबाट पायक पर्ने एउटा महानगरपालिका वा उपमहानगरपालिका वा एउटा नगरपालिका र एउटा गाउँपालिका छनौट गरी स्थानीय तहको सूचना संकलन भएको छ। साथै, सीमित गैरसरकारी संस्थाहरूको सूचना प्रतिनिधिमूलक ढंगले यस प्रतिवेदनमा समावेश गरिएको छ।

सिड समितिले दिएका निष्कर्ष सुझावहरूमध्ये रोजगारीको अधिकार र सार्वजनिक तथा राजनीतिक क्षेत्रमा महिलाको सहभागिताका विषयमा दिएका केही सुझावहरूको कार्यान्वयन अवस्थाको समीक्षा आवश्यक सूचना प्राप्त हुन नसकी केही प्रभावित भएको छ।

सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन अवस्था सम्बन्धी सूचना तथा तथ्यांक वि.सं. २०७७ असोज देखि २०७७ चैत्रसम्म संकलन भएका हुन् र यी सूचनाहरू समय अनुसार परिवर्तन हुनेछन्। यस प्रतिवेदनमा उल्लिखित कुराहरूले सांकेतिक रूप (indicative manner) मा सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा मात्र जानकारी प्रदान गर्दछ।

## १.६. चुनौती

सिड समितिले दिएका निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्थाको सही मूल्याङ्कन गर्न पर्याप्त सूचनाहरूको आवश्यकता पर्दछ। यस अध्ययनका क्रममा विभिन्न सरोकारवाला निकायहरूसँग सूचनाका लागि सम्पर्क गरिएको भए तापनि विविध कारणले सूचना तथा तथ्यांक प्राप्त गर्न चुनौतीपूर्ण रहन गयो। यसका केही कारणहरूमध्ये कोभिड-१९ महामारीले गर्दा कतिपय सरकारी कार्यालयहरूमा प्रवेश निषेध गरिएको अवस्था, कर्मचारीहरूको कार्यव्यस्तता, कर्मचारी सरुवासँगै संस्थागत अभिलेख (institutional memory) मा ह्रास हुने अवस्था, सङ्घीय संरचनामा सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत सूचना प्राप्त गर्ने संयन्त्र नबनेको अवस्था र हरेक निकायले तयार गर्नुपर्ने वार्षिक प्रतिवेदन जनसाधारणको जानकारीका लागि कार्यालयको website मा समेत उपलब्ध गराउनुपर्नेमा धेरै निकायहरूले सो नगरेको अवस्थाले सूचना संकलनमा केही समस्या भोग्नुपर्‍यो। साथै, खोजे जस्तो संख्यात्मक तथ्यांक (quantitative data) प्राप्त गर्न चुनौतीपूर्ण भयो।

# भाग - २

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, महासन्धि अन्तर्गतको समिति, प्रतिवेदन प्रणाली, निष्कर्ष टिप्पणी र राज्यको दायित्वबारे संक्षिप्त जानकारी

### २.१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) - यस उप्रान्त "सिड" भनिएको) लाई महिलाको अन्तर्राष्ट्रिय अधिकारपत्र (Women's Bill of Rights) का रूपमा लिने गरिन्छ । संयुक्त राष्ट्रसङ्घबाट जारी गरिएका प्रमुख नौ वटा अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिहरूमध्ये यो महासन्धि पनि एक हो । संयुक्त राष्ट्रसङ्घको महासभाबाट १८ डिसेम्बर १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागू भएको यस महासन्धिलाई हालसम्म १८९ वटा राष्ट्रहरूले अनुमोदन गरिसकेका छन् । यस महासन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा विना कुनै शर्त अनुमोदन गरेको हो ।[5]

प्रस्तावना सहित कुल ३० वटा धाराहरू रहेको यस महासन्धिले महिलालाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सार्वजनिक जीवन, शिक्षा, स्वास्थ्य, रोजगारी लगायत विभिन्न क्षेत्रहरूमा समान पहुँच र समान अवसर प्रदान गरी विद्यमान सामाजिक कुरीतिहरुलाई उन्मूलन गरी महिला र पुरुषबीच समानता कायम गर्ने आधार प्रस्तुत गरेको छ ।[6]

### २.२. सिड महासन्धिको महत्व र यसले अवलम्बन गरेका सिद्धान्तहरू

- यो महासन्धिले **अविभेदको सिद्धान्त**लाई आत्मसात् गर्दै 'महिला विरुद्ध हुने भेदभाव' लाई निम्नानुसार विस्तृत रूपमा परिभाषित गरेको छ - "महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषयसम्बन्धी मानवअधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाबीच समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण गर्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।"[7] यस परिभाषा अन्तर्गत प्रत्यक्ष रूपले नियतवश गरिने विभेद मात्र नभई अप्रत्यक्ष रूपले जुनसुकै कार्यको असर स्वरूप महिला र

[5] UN, **UN Treaty Bodies Database**, https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Treaty.aspx?CountryID=122&Lang=EN (accessed on 2021.2.2)

[6] UN Women, **Frequently Asked Questions (FAQ) about CEDAW,** https://asiapacific.unwomen.org/en/focus-areas/cedaw-human-rights/faq(accessed on 2021.3.12)

[7] महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९, धारा १

पुरुषबीच असमानता सृजना हुने अवस्था समेत पर्दछ ।[8] साथै, कुनै पनि सार्वजनिक तथा निजी क्षेत्रमा महिलामाथि विभेद गर्न नहुने कुरालाई पनि यस महासन्धिको व्यवस्थाले समेटेको छ ।

- यो महासन्धि **सारभूत समानता** (substantive equality) को सिद्धान्तमा आधारित छ । महिला र पुरुषबीच अवसरमा मात्र समानता र कानूनी शब्दमा मात्र समानता कायम गर्ने नभई महिलाको जीवनमा सार्थक रूपले समानता कायम गर्ने अर्थात् परिणाममा समानता (equality in results) कायम हुनुपर्ने अवधारणा राखी महासन्धिले विभिन्न व्यवस्था गरेको छ ।

## २.३. राज्यको दायित्व

यस महासन्धिले नेपाल समेत सबै पक्ष राष्ट्रहरूलाई महिलाको मानव अधिकारको सम्मान, संरक्षण र पालना गर्नुपर्ने राज्यको दायित्व तोकेको छ । राज्यउपर आफूले गरेको कार्यका लागि मात्र नभई निजी व्यक्ति र संस्थाहरूबाट हुने भेदभाव समेत अन्त्य गर्ने दायित्व रहन्छ । परिवार, समुदाय, राज्यलगायत सबै निजी तथा सार्वजनिक तहमा हुने लैङ्गिक असमानतालाई सम्बोधन गर्नुपर्ने कुरा यस महासन्धिले उल्लेख गरेको छ ।

नेपाल लगायत यस महासन्धिका सबै पक्ष राष्ट्रहरूको महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्न निम्न लिखित कदम चाल्नुपर्ने दायित्व रहन्छ ।[9]

- महासन्धिको व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा व्यवस्थापिकीय, न्यायिक, प्रशासकीय एवं अन्य उपायहरू अवलम्बन गर्ने ।
- कानून प्रणालीमा महिला र पुरुषबीच समानताको सिद्धान्त अवलम्बन गर्ने, सबै विभेदकारी कानूनहरू खारेज गर्ने र महिला विरुद्ध भेदभाव रहित कानूनहरू बनाउने ।
- महिला विरुद्ध भेदभाव हुन नदिई प्रभावकारी संरक्षण प्रदान गर्न सार्वजनिक निकायहरू र न्यायाधिकरणहरूको गठन गर्ने ।
- व्यक्ति वा संस्थाबाट महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्न उपयुक्त व्यवस्था गर्ने ।
- महिला भित्रका सीमान्तकृत वर्गहरूलाई विशेष अवसरहरू प्रदान गर्ने व्यवस्था मिलाउने ।

यस महासन्धिको पक्ष राष्ट्र भएको नाताले नेपालका लागि यो महासन्धिका हरेक व्यवस्थाहरूको कार्यान्वयन गर्नु कानूनी रूपले बाध्यात्मक छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) ले नेपाल पक्ष भएको कुनै पनि सन्धिको कार्यान्वयनका सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने उल्लेख गरेको छ ।[10]

---

[8]UN Women, **Frequently Asked Questions (FAQ) about CEDAW,** https://asiapacific.unwomen.org/en/focus-areas/cedaw-human-rights/faq (accessed on 2021.3.12)

[9]UN Women, **Convention on the Elimination of All Forms of Discrimination Against Women – Overview of the Convention,**https://www.un.org/womenwatch/daw/cedaw/ (accessed on 2021.3.12)

[10]नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) - “नेपाल सरकार पक्ष भएको कुनै पनि सन्धि प्रचलित कानूनसँग बाझिएमा सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म अमान्य हुने र सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ ।”

## २.४. महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (सिड समिति)

यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको अनुगमनका लागि २३ जना विशेषज्ञहरू रहने गरी समिति गठन हुने व्यवस्था रहेको छ । यस समितिलाई महिला विरुद्धको भेदभाव उन्मूलन गर्ने समिति (Committee on the Elimination of Discrimination against Women) भनिन्छ । यस समितिमा पक्ष राष्ट्रहरूद्वारा निर्वाचित गरिने सदस्यहरूले चार वर्षको कार्यकालका लागि व्यक्तिगत हैसियतमा काम गर्दछन् । समितिका विशेषगरी निम्नलिखित काम कर्तव्य र अधिकारहरू रहेका छन् :-

(क) सिड समितिले पक्ष राष्ट्रले बुझाएको प्रारम्भिक एवं आवधिक प्रतिवेदनमाथि सुझाव सहित निष्कर्ष टिप्पणी (Concluding Observation) दिन्छ ।

(ख) पक्ष राष्ट्रहरूबाट प्राप्त सूचना र आवधिक प्रतिवेदनहरूको पुनरावलोकनका आधारमा पक्ष राष्ट्रहरुको दायित्वका बारेमा सिड समितिले सामान्य सिफारिसहरू (General Recommendations) जारी गर्दछ । हालसम्म सिड समितिले जम्मा ३८ वटा सामान्य सिफारिसहरू जारी गरेको छ ।[11]

(ग) सिड महासन्धिद्वारा प्रदत्त अधिकारको उल्लङ्घन भएको अवस्थामा महासन्धिको पक्ष राष्ट्रका पीडित व्यक्ति वा निजको प्रतिनिधिले राष्ट्रिय न्यायालयबाट अन्तिम चरणमा समेत न्याय प्राप्त गर्न नसकेको अवस्थामा सम्बन्धित पीडित पक्षले सिड समिति समक्ष उजुरी वा सूचना दिन सक्छ । समितिले उजुरी उपर आवश्यक छानबिन गरी निर्णय दिन्छ ।

## २.५. प्रतिवेदन प्रणाली र निष्कर्ष टिप्पणी

यस महासन्धिको पक्ष राष्ट्रले महासन्धिको कार्यान्वयनको सम्बन्धमा चालेका कदमहरूका बारेमा महासन्धि अनुमोदन गरेको एक वर्षभित्र सिड समिति समक्ष प्रारम्भिक प्रतिवेदन र प्रत्येक चार वर्षमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पक्ष राष्ट्रले पेश गर्ने प्रारम्भिक र आवधिक प्रतिवेदनसँगै नागरिक समाजलाई छाया प्रतिवेदन पेश गर्ने अवसर प्राप्त हुन्छ । संयुक्त राष्ट्रसङ्घको जेनेभास्थित कार्यालयमा सिड समिति समक्ष सरकारी प्रतिनिधिहरू उपस्थित भई प्रतिवेदनमाथि संवाद हुन्छ ।[12] यस पश्चात् सिड समितिले पक्ष राष्ट्रले पेश गरेको प्रतिवेदनमा देखिएका सकारात्मक पक्ष, कमजोर पक्ष एवं महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका लागि गर्नुपर्ने कार्यको सम्बन्धमा सुझाव सहित निष्कर्ष टिप्पणी (Concluding Observation) दिने गर्दछ ।

नेपालका सन्दर्भमा सन् १९९१ मा यस महासन्धिको अनुमोदन पश्चात् नेपालले नोभेम्वर १९९८ मा प्रारम्भिक प्रतिवेदन सिड समितिमा बुझाएको थियो जसमाथि समितिले जुन, १९९९ मा निष्कर्ष टिप्पणी दिएको थियो । यसका अतिरिक्त नेपालले बुझाएका विभिन्न आवधिक प्रतिवेदनहरूमाथि सिड समितिले हालसम्म तीनवटा निष्कर्ष टिप्पणीहरू प्रदान गरिसकेको छ । नेपालले बुझाएको संयुक्त दोस्रो र तेस्रो

---

[11] UN Women, **General Recommendations**, https://www.un.org/womenwatch/daw/cedaw/recommendations/index.html ; OHCHR, **General Recommendations**, https://www.ohchr.org/en/hrbodie s/cedaw/pages/recommendations.aspx (accessed on 2021.3.20)

[12] महिला, कानून र विकास मञ्च, **अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र अन्तर्गत राज्यको दायित्व : सहयोगी पुस्तिका**, २०६७, पृष्ठ ४४

आवधिक प्रतिवेदनमाथि सिड समितिले १८ मार्च २००४ मा सुझाव सहित निष्कर्ष टिप्पणी दिएको थियो भने संयुक्त चौथो र पाँचौं आवधिक प्रतिवेदनमाथि ११ अगस्ट २०११ मा निष्कर्ष टिप्पणी दिएको थियो ।[13]पछिल्लो पटक नेपालको छैटौं आवधिक प्रतिवेदनलाई सिड समितिले २३ अक्टोबर २०१८ मा आयोजना गरेको १६३१ औं र १६३२ औं बैठकमा ग्रहण गरी १४ नोभेम्बर २०१८ मा निष्कर्ष टिप्पणी दिएको थियो ।[14]

## २.६. सिड समितिले दिएका सुझावहरू

यस समितिले लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला विरुद्धको भेदभाव अन्त्य गर्न नेपालको छैटौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणीमा विभिन्न १७ वटा विषयहरू[15]मा सुझाव दिएको छ । यी सुझावहरू विशेषगरी निम्नलिखित विषयहरूमा केन्द्रित भई दिइएको पाइन्छ ।

- विभेदरहित कानूनहरूको निर्माण गर्ने र विद्यमान विभेदकारी कानूनहरूको खारेज गर्ने,
- लैंङ्गिक समानता र सशक्तीकरणका लागि महिला लक्षित बजेट सहित पर्याप्त बजेट विनियोजन गर्ने,
- लैङ्गिक समानता, न्यायमा पहुँच र सशक्तीकरणका विभिन्न क्षेत्रहरूमा सचेतना अभिवृद्धि, सरकारी पदाधिकारीहरूलाई तालिमलगायत अन्य कार्यक्रमहरू सञ्चालन गर्ने,
- महिलाभित्रका सीमान्तकृत वर्गहरूका लागि विशेष व्यवस्था गर्ने,
- नीति निर्माण तथा निर्णय तहमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

निष्कर्ष टिप्पणीमा सिड समितिले दिएका सुझावहरूको कार्यान्वयन गर्नु पक्ष राष्ट्र नेपालको कानूनी तथा नैतिक दायित्व हो ।

---

[13]UN, **UN Treaty Body Database**, https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/countries.aspx?CountryCode=NPL&Lang=EN

[14]सिड समिति, **सिड महासन्धि अन्तर्गत नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणी**, १४ नोभेम्बर २०१८
(Committee on the Elimination of Discrimination against Women, **Concluding observations on the sixth periodic report of Nepal**, 14 November 2018), CEDAW/C/NPL/CO/6, https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CEDAW%2fC%2fNPL%2fCO%2f6&Lang=en

[15]संवैधानिक र कानूनी संरचना र विभेदकारी कानून; न्यायमा पहुँच; महिलाको उन्नतिका लागि रहेका राष्ट्रिय संयन्त्रहरू; नागरिक समाजका संस्था र राष्ट्रिय मानव अधिकार संस्थाहरू; अस्थायी विशेष व्यवस्थाहरू; रुढीवादी सोच र हानिकारक अभ्यास; महिला विरुद्ध हुने लैङ्गिकतामा आधारित भेदभाव; महिला, शान्ति र सुरक्षा; मानव बेचबिखन र यौनकार्यमाथिको शोषण; राजनीतिक र सार्वजनिक जीवनमा सहभागिता; नागरिकता; शिक्षा; रोजगारी; आप्रवासी महिला कामदार; स्वास्थ्य; सुविधाबाट वञ्चित महिलाहरूको समूह; विवाह र परिवारसम्बन्धी विभेदकारी कानून ।

# भाग - ३

# महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था

सिड समितिले महासन्धिको धारा १ देखि १६ सम्मका व्यवस्थाहरूलाई समेट्ने गरी नेपालको छैटौँ आवधिक प्रतिवेदनमा २१ वटा परिच्छेदमा विभिन्न विषयगत क्षेत्रहरू (thematic areas) मा सुझावहरू दिएको छ । ती प्रत्येक सुझावको कार्यान्वयन अवस्थाका बारेमा तालिका बनाई यस भागमा प्रस्तुत गरिएको छ ।

सिड समितिले दिएको निष्कर्ष टिप्पणीको नियमित अनुगमन कार्यमा सहयोग पुऱ्याउन तयार पारिएको अनुगमन संरचना (CEDAW Concluding Observation Monitoring Framework) का आधारमा सिड समितिले दिएका कतिपय लामा सुझावहरूलाई सहजताका लागि टुक्र्याई त्यसको कार्यान्वयन अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

यस तालिकाको अन्तिम खण्डमा सुझाव कार्यान्वयनको स्थितिका बारेमा निम्नलिखित आधारमा संक्षिप्त अवस्था समेत उल्लेख गरिएको छ ।

(क) पूर्ण कार्यान्वयन - सिड समितिले दिएको सुझाव अनुसार पूर्ण रूपले कार्य भई उपलब्धि प्राप्त भएको अवस्थामा "पूर्ण कार्यान्वयन" भएको भन्ने स्थिति उल्लेख गरिएको छ ।

(ख) कार्यान्वयनको क्रममा रहेको - सिड समितिले दिएका कतिपय सुझावहरूको परिधि व्यापक छन् र कतिपय सुझाव अन्तर्गत नै धेरैवटा सहायक सुझावहरू समेत समेटिएका छन् । यस्ता सुझावहरूका सन्दर्भमा कम्तीमा पनि कुनै एउटा सुझाव कार्यान्वयन भएको अवस्था रहेको भएमा वा सुझाव कार्यान्वयनका लागि केही कदम चालिएको भएमा "कार्यान्वयनको क्रममा रहेको" भन्ने स्थिति जनाइएको छ ।

(ग) कार्यान्वयन नभएको - सिड समितिले दिएको सुझाव अनुसार कुनै पनि कार्य भएको नपाइएको अवस्थामा "कार्यान्वयन नभएको" भन्ने स्थिति उल्लेख गरिएको छ ।

सिड समितिले नेपालको छैटौं प्रतिवेदनमाथि नोभेम्बर २०१८ मा दिएको निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था निम्नलिखित तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

# तालिका १ : सिड समितिले दिएको सुझावहरूको कार्यान्वयन अवस्था

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| **धारा १ : महिला विरुद्धको भेदभाव *(संवैधानिक र कानूनी संरचना र विभेदकारी कानून)*** | १.१ महिलाविरुद्ध सार्वजनिक र निजी क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदपूर्ण कार्यहरूको परिभाषा सहित पीडितहरूलाई प्रभावकारी न्यायको प्रत्याभूति गर्ने विस्तृत विभेद विरोधी कानून तर्जुमा गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ९(क)) | सिड समितिले दिएको सुझाव अनुरूप महिला विरुद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदपूर्ण कार्यहरूको परिभाषा सहितको विस्तृत विभेद विरुद्धको कानून हालसम्म तर्जुमा भएको छैन ।<br><br>सिड समितिबाट सिफारिस प्राप्त हुनु अगाडि बनेको मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजनक व्यवहारसम्बन्धी कसुरका सम्बन्धमा व्यवस्था गरी भेदभावजन्य कार्यलाई दण्डित गर्ने कानूनी व्यवस्था रहेको छ । यस संहिताको धारा १६० ले कानूनको अधिकार प्रयोग गर्ने अधिकारी (सार्वजनिक पदाधिकारी) ले लिङ्ग, वैवाहिक अवस्था, गर्भावस्था, आर्थिक अवस्था, शारीरिक अवस्था, अपाङ्गता लगायतका कुनै पनि आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न नहुने र सो कार्य भएमा सजाय र पीडितलाई क्षतिपूर्ति हुने सम्मको व्यवस्था गरेको छ । यद्यपि महिला विरुद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदका सम्बन्धमा विस्तृत परिभाषासहित स्पष्ट व्यवस्था भएको छैन । यस संहिताको परिच्छेद १० मा महिला विरुद्ध हुने भेदभावका सम्बन्धमा छुट्टै व्यवस्था गरी सिड महासन्धिको धारा १ मा उल्लेख भएको परिभाषा अनुकूल हुने गरी महिला विरुद्ध | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | सार्वजनिक र निजी क्षेत्रमा हुने प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदपूर्ण कार्यहरूको परिभाषा सहित विभेदबाट पीडित भएका महिलाको न्यायका लागि दण्ड सजाय र क्षतिपूर्तिको व्यवस्था गर्न आवश्यक देखिन्छ। | |
| | १.२ संविधानमा रहेका नागरिकतासम्बन्धी विभेदकारी व्यवस्थाहरू खारेज गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ९(ख)) | नेपालको संविधानमा रहेका नागरिकतासम्बन्धी महिला विरुद्ध भएका विभेदकारी व्यवस्थाहरू संशोधन भएको छैन । जस्तो : नेपाली पुरुष सरह नेपाली महिलाले स्वतन्त्र रूपले आफ्ना सन्तानलाई वंशजको आधारमा नागरिकता हस्तान्तरण गर्नसक्ने र आफ्ना विदेशी पतिलाई अङ्गीकृत नागरिकता दिनसक्ने व्यवस्था संविधानमा छैन । यस विषयमा संविधान संशोधनका बारेमा सङ्घीय संसदमा छलफल भएको छैन । तर गैरसरकारी संस्थाहरूबाट निरन्तर पैरवी भइरहेको छ । नागरिकताको अधिकारका लागि नागरिक समाजको सञ्जालले मिति २०७७०३।१६ मा तयार गरी सम्बन्धित निकायमा ध्यानाकर्षणका लागि बुझाएको मागपत्रमा यस विषयको उठान भएको छ ।[16] सिड महासन्धिको धारा ९ मा नेपालले कुनै शर्त नराखी महासन्धि अनुमोदन गरेको सन्दर्भमा वैवाहिक आधारमा समेत महिलाले स्वतन्त्र ढंगले नागरिकता हस्तान्तरण गर्न पाउनुपर्ने संवैधानिक र कानूनी व्यवस्थाका लागि गैरसरकारी संस्थाहरूबाट पैरवी र सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन हुने गरेको छ । | कार्यान्वयन नभएको |

[16]Civil Society Network on Citizenship Rights, **Statement of Civil Society Network on Citizenship Rights**, 20 June 2020. Available at: https://fwld.org/publications/statement-of-civil-society-network-on-citizenship-rights/ (accessed on 2020.12.2)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | | |
| | १.३ महिला र बालिकाविरुद्ध विभेदकारी कानूनी व्यवस्थाहरू खासगरी सम्बन्ध विच्छेदपछिको वैवाहिक सम्पत्तिको बाँडफाँड र वैदेशिक रोजगारीमा पहुँचजस्ता क्षेत्रमा रहेका सबै व्यवस्थाहरू खारेज गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ९(ख)) | सिड समितिले सरोकार राखेका महिला र बालिका विरुद्ध भएका विभेदकारी कानूनी व्यवस्थाहरूको हालसम्म संशोधन भएको छैन । जस्तै : मुलुकी देवानी संहिता, २०७४ मा सम्बन्ध विच्छेदपछि वैवाहिक सम्पत्तिको बाँडफाँडसम्बन्धी व्यवस्था, विधवा महिलाले अर्को विवाह गरेमा पूर्व पतिबाट प्राप्त सम्पत्ति सन्तानलाई हस्तान्तरण गर्नुपर्ने भन्ने व्यवस्था र मन्त्रिपरिषद्ले मिति २०७२।०१।०८ मा जारी गरेको वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७२ मा रहेको घरेलु कामदारका रूपमा वैदेशिक रोजगारीमा जान चौबीस वर्षमुनिका महिलाहरू र दुई वर्षसम्म उमेर भएका शिशुका आमाहरूलाई लगाइएको प्रतिबन्ध हालसम्म परिमार्जन भएको छैन ।<br><br>महिला, बालिका तथा लैङ्गिक अल्पसंख्यक विरुद्ध भएका विभेदकारी व्यवस्थाहरूको पुनरावलोकन गरी सो व्यवस्थाहरूको संशोधनका लागि सम्बन्धित निकायसँग पैरवी गर्न महिला जागरण तथा विकास केन्द्रले अन्य गै.स.सं.हरूसँग कार्य समूह बनाई मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिता तथा कानूनी सहायता ऐनको लैङ्गिक दृष्टिकोणले पुनरावलोकन गरी तीन महले दस्तावेज तयार गरेर मिति २०७७।०९।१५ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा बुझाएको थियो । साथै, सङ्घीय संसद सदस्यहरू समक्ष यस दस्तावेज प्रस्तुत गरी विभिन्न चरणमा छलफल गरिएको छ । | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गत विद्यमान कानूनहरू लैङ्गिक समानता र समावेशिताको दृष्टिकोणले सिड महासन्धि एवं अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुकूल भए नभएको बारेमा समेत अध्ययन भइरहेको छ । साथै, फोर्ड फाउन्डेसनको सहयोगमा महिला, कानून र विकास मञ्चबाट महिला विरुद्ध विद्यमान विभेदकारी कानूनहरूको पहिचान गर्न अध्ययन भइरहेको छ, जुन सन् २०२१ भित्र प्रकाशन गर्ने लक्ष्य राखिएको छ ।<br><br>सम्बन्ध विच्छेदका क्रममा वैवाहिक सम्पत्तिको बाँडफाँडसम्बन्धी विभेदकारी कानूनी व्यवस्था, विधवा महिलाले अर्को विवाह गरेमा सम्पत्ति सन्तानलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था र वैदेशिक रोजगारीमा घरेलु कामदारका रूपमा चौबीस वर्षमुनिका महिला नपठाउने कार्यकारी आदेश विरुद्धमा महिला, कानून र विकास मञ्च लगायतका गै.स.सं.हरूले सर्वोच्च अदालतमा दायर गरेको सार्वजनिक सरोकारका मुद्दाहरू विचाराधीन अवस्थामा रहेका छन् ।[17] | |

[17]महिला, कानून र विकास मञ्चका तर्फबाट अधिवक्ता मीरा ढुंगाना समेत विरुद्ध नेपाल सरकार भएको रिट निवेदन सर्वोच्च अदालतमा सन् २०२० मे मा दायर भएकोमा सो निवेदनमा मुलुकी देवानी संहिताको दफा २१४(२) को खारेजीको माग गरिएको छ जसमा विधवा महिलाले अर्को विवाह गरेमा पहिलो विवाह मार्फत प्राप्त गरेको सम्पत्ति आफ्नो पहिलो पति तर्फका छोराछोरीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । विधुरहरूका हकमा सम्पत्ति हस्तान्तरण गर्नुपर्ने प्रावधान नरहेको सन्दर्भमा ऐनको यो व्यवस्था महिलाका लागि विभेदकारी रहेको जिकिर गरिएको छ । मुद्दा अदालतमा विचाराधीन छ ।https://fwld.org/works/litigation/ (accessed on 2020.12.10)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| **धारा २: राज्यको दायित्व** ***(न्यायमा पहुँच)*** | २.१ न्यायमा पहुँच प्राप्त गर्न र कानूनी सहायता योजनाहरूका सम्बन्धमा उपलब्ध संयन्त्र र प्रक्रियाको बारेमा जानकारी दिन जानकारीमूलक कार्यक्रमहरू सुदृढ बनाउँदै लैजाने (निष्कर्ष टिप्पणी, परिच्छेद ११(क)) | महिला र बालिकाहरूको अधिकार, विद्यमान कानून र कानूनी उपचार प्राप्त गर्ने संयन्त्रहरूको बारेमा सचेतना जगाई न्यायमा पहुँच सुनिश्चित गर्न सर्वोच्च अदालत अन्तर्गत गठन भएको न्यायमा पहुँच आयोगले विगत दुई वर्षमा विभिन्न १० विषयमा परिमार्जित कानूनी व्यवस्था समेत समावेश गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित लगायतका लक्षित वर्गहरूको कानूनी अधिकारका बारेमा जानकारीमूलक पुस्तिकाहरू प्रकाशन गरी सबै अदालतहरूबाट वितरण गरेको छ । जस्तै : महिलाको पारिवारिक तथा सम्पत्तिसम्बन्धी अधिकारको जानकारी पुस्तिका, फौजदारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारीमूलक पुस्तिका, न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलापसम्बन्धी संक्षिप्त जानकारीमूलक पुस्तिका । आर्थिक रूपले कमजोर व्यक्तिहरूलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सबै जिल्ला र उच्च अदालतहरूमा एक-एक जना वैतनिक कानून व्यवसायी र सर्वोच्च अदालतमा दुई जना वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको बारेमा जानकारी समेत यी पुस्तिकामा समावेश छन् । सो जानकारी पुस्तिकाहरूले लक्षित वर्गको अधिकारका बारेमा सुसूचित गर्ने र न्यायमा पहुँच अभिवृद्धि गर्नमा सहयोगी भूमिका खेलेको छ । अदालतका सेवाग्राहीलाई प्रक्रियागत अलमलविना अदालतबाट न्यायमा पहुँच सुनिश्चित गर्न सर्वसाधारण सेवाग्राहीले बुझ्ने भाषामा अदालती प्रक्रिया तथा कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिकाको मस्यौदा समेत तयार पारिएको छ । न्यायिक तथा अर्धन्यायिक | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा विगत दुई वर्षमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ्मा प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ जस अन्तर्गत महिला सेवाग्राहीसँग गर्नुपर्ने लैङ्गिकमैत्री व्यवहारका बारेमा समेत प्रशिक्षण दिने गरिएको छ ।[18]<br><br>राष्ट्रिय महिला आयोगले भिएसओ र युकेएड को सहयोगमा "महिला अधिकारसँग सम्बन्धित कानूनी व्यवस्थाको सामान्य जानकारी (प्रश्नोत्तर सँगालो)" पुस्तिका तयार गरी वितरण गरेको छ । त्यस्तै नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट विगत दुई वर्षमा लैङ्गिक सचेतना अभिवृद्धि गर्न विभिन्न सात प्रकारका महिला तथा बालबालिका विरुद्धका हिंसा (दाइजो प्रथा, बालविवाह, जबर्जस्ती करणी, बालश्रम, साइबर अपराध, मानव बेचबिखन, घरेलु हिंसा) का बारेमा सार्वजनिक सन्देश (पिएसए) निर्माण गरी राष्ट्रिय टेलिभिजनबाट प्रसारण गरिएको छ । यस निर्देशनालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूबाट युनिसेफको सहयोगमा धनुषा, महोत्तरी, रौतहट र पर्सा जिल्लाहरूका विभिन्न २०-२० वटा विद्यालयहरूमा कक्षा ६ देखि ९ सम्म अध्ययनरत बालबालिकालाई बालअधिकार, बालबालिका सम्बन्धी अपराध सम्बन्धमा विद्यालय बाह्यपहुँच (आउटरिच) | |

[18]सूचनाको स्रोत : ममता खनाल, सहसचिव, न्यायमा पहुँच आयोग, सर्वोच्च अदालत, मिति २०७७/९/२५

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | कार्यक्रम सञ्चालन गरिएको छ । साथै, लैङ्गिक हिंसासम्बन्धी जनचेतनामूलक सडक नाटक प्रदर्शन, भिडियो प्रदर्शन, विद्यार्थी सचेतना, समुदायमा अन्तर्क्रिया आदि कार्यक्रम सञ्चालन गरिएका छन् ।<br><br>विभिन्न गैरसरकारी संस्थाहरूले पनि समुदायस्तरमा कानूनी साक्षरता र कानूनी सहायता कार्यक्रम सञ्चालन गरेका छन् । जस्तै : महिला, कानून र विकास मञ्चले विभिन्न चार जिल्लामा आ.व. २०७५/७६ मा ४० वटा र आ.व. २०७६/७७ मा ४० वटा कानूनी सचेतना अभिवृद्धि कार्यक्रम समुदायस्तरमा सञ्चालन गरेको छ जसमा कुल दुई हजार ८ सय व्यक्तिहरूको सहभागिता रहेको थियो । साथै, महिलाहरूको कानूनी हक अधिकारहरूका बारेमा र कानूनी उपचारका बारेमा जानकारी दिन इन्फोग्राफिक भिडियोहरू बनाई सामाजिक सञ्जाल मार्फत सूचना सम्प्रेषण गरिएको छ । हिंसा पीडित महिलाहरूलाई निःशुल्क कानूनी सहायता प्रदान गर्न ल्याक, ओरेक, महिला, कानून र विकास मञ्च लगायतका संस्थाहरूले विभिन्न जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरेको छ ।<br><br>महिलाको न्यायमा पहुँच सुनिश्चित गर्नका लागि स्थानीय/जिल्ला तहमा विभिन्न संयन्त्रहरू निर्माण भएका छन् । तर यसका बारेमा आमजनतालाई सुसूचित गर्ने कार्यक्रमहरू अझै पर्याप्त नभएको यस अध्ययनले देखाएको छ । जस्तै : हरेक स्थानीय तहमा न्यायिक समिति, मेलमिलाप केन्द्र, जिल्ला कानूनी सहायता समिति, जिल्ला प्रहरी कार्यालयमा महिला, बालबालिका | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जिल्ला सरकारी वकील कार्यालयमा पीडित कक्ष, जिल्ला अदालतमा वैतनिक वकीलको व्यवस्था गरिएको छ भने गैरसरकारी क्षेत्रबाट पनि विभिन्न स्थानमा हिंसा पीडित महिलाहरूका लागि निःशुल्क कानूनी सेवाहरू प्रदान गरिएको छ । तर यी संयन्त्रका बारेमा आमजनतालाई जानकारी दिने उद्देश्यले पर्याप्त सचेतनामूलक कार्यक्रम सञ्चालन भएको पाइँदैन । अधिकांश महिलाहरूलाई कानूनी प्रक्रिया र उपलब्ध सेवाका बारेमा जानकारी छैन । कानूनी साक्षरता कम छ । सङ्घीय संरचनामा प्रत्येक प्रदेश र पालिकाको आ-आफ्नै कानून बनेको छ भने सङ्घीय कानून अलग छ र त्यसले गर्दा सर्वसाधारणलाई कानून बुझ्न अझ जटिल भएको छ ।[19]<br><br>केही स्थानीय न्यायिक समितिहरू (जस्तै : विराटनगर उपमहानगरपालिकाको न्यायिक समिति) ले महिला अधिकारसम्बन्धी कानून, कानूनी उपचार र सहायतासम्बन्धी सचेतनामूलक कार्यक्रमहरू वडा स्तरमा गर्ने गरेको पाइयो भने केही न्यायिक समितिहरूले बजेट र क्षमता अभावमा यस्ता कार्यक्रम सञ्चालन गरेका छैनन् ।[20] महिला अधिकारसम्बन्धी कानून र कानूनी उपचारसम्बन्धी सचेतनामूलक कार्यक्रम कुनै | |

[19]लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको अध्ययन प्रतिवेदन (राष्ट्रिय महिला आयोगको आन्तरिक प्रतिवेदन), २०७७

[20]धनुषाको जनकपुर उपमहानगरपालिकाको न्यायिक समितिले दिएको जानकारी अनुसार न्यायिक समितिले घरेलु हिंसा, सम्बन्ध विच्छेद, माना चामल आदि महिलासँग सम्बन्धित मुद्दा न्यायिक समितिले दर्ता गरी न्यायिक निरूपण गर्ने गरेको छ । सचेतनामूलक कार्यक्रम समयमा भएको छैन । तालिम पर्याप्त छैन र बजेट छुट्टयाइएको छैन । यसले गर्दा प्रभावकारी रूपमा न्यायिक समितिले कार्यसम्पादन गर्न नसकेको अवस्था छ । (प्रदेश २ को अध्ययन प्रतिवेदन, २०७७)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | पनि प्रदेशस्तरका कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयबाट सञ्चालन भएको पाइएन ।[21] | |
| | २.२ महिलाको न्याय प्राप्त गर्ने प्रयासलाई थप भेदभाव निम्त्याउने र लाञ्छना लाग्नेभन्दा पनि वैधानिक र सर्वस्वीकार्य हुने सामाजिक वातावरण प्रवर्द्धन गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ११ (क)) | हिंसा र भेदभावरहित समाजको निर्माण र पीडित महिलाको न्याय प्राप्तिका लागि सामाजिक वातावरण प्रवर्द्धन गर्न राष्ट्रिय, प्रदेश र स्थानीय तहमा धेरै कार्यक्रमहरू सञ्चालन भएका छन् ।<br><br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बलात्कार र यौनजन्य दुर्व्यवहारका सम्बन्धमा सन्देशमूलक सामग्री निर्माण गरी सामाजिक सचेतना वृद्धि गर्न सञ्चार माध्यमबाट सूचना प्रसारण गरेको छ । साथै,नेपाल टेलिभिजन मार्फत लैङ्गिक हिंसा निवारणका विषयमा सङ्गीत सहितको टिभी जिङ्गल उत्पादन तथा प्रसारण गरिएको छ ।[22]नेपाली, थारू, मैथिली, भोजपुरी, डोटेली र तामाङ्ग गरी ६ वटा भाषामा आप्रवासी कामदारहरू विरुद्ध हुने विभेदबाट बच्न सार्वजनिक सन्देश (पिएसए)तयार गरी प्रसारण गरिएको छ । साथै, राष्ट्रिय र प्रदेशस्तरमा विभिन्न कार्यक्रमहरू सहित प्रत्येक वर्ष लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन भएको छ । राष्ट्रियस्तरमा पुरुष अगुवा सञ्जाल परिचालन कार्यविधि, २०७५ तयार भई पुरुषहरूको नेतृत्व र सहभागितामा लैङ्गिक हिंसा निवारण तथा विभेदरहित सामाजिक वातावरण प्रवर्द्धनका लागि कार्यक्रमहरूको आयोजना भएको छ । वि.सं. २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान | कार्यान्वयनको क्रममा रहेको |

[21]सात प्रदेशका अध्ययन प्रतिवेदनहरू (राष्ट्रिय महिला आयोगको आन्तरिक प्रतिवेदन), २०७७

[22]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ १४

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | वर्ष घोषणा गरी महिला र बालिका विरुद्ध हुने घरेलु हिंसा, बालविवाह लगायतका घटना अन्त्यका लागि विभिन्न सामाजिक सचेतना अभियान सञ्चालन गरिएको छ ।[23]<br><br>नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयले समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०७५/७६ मा नेपालभरि लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, जबर्जस्ती करणी र छाउपडीका विषयमा ४,०३८ वटा सचेतनामूलक कार्यक्रमहरू आयोजना गरी २,१२,९७३ व्यक्तिहरूलाई सामाजिक वातावरण प्रवर्द्धन गर्ने सन्देश दिएको छ । साथै, आ.व. २०७६/७७ मा नेपालभरि ५,३६० वटा लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, जबर्जस्ती करणी र छाउपडीका विषयमा सचेतनामूलक कार्यक्रमहरू आयोजना गरी २,९०,५६० व्यक्तिहरूलाई सुसूचित गरेको छ । *(थप विवरणका लागि तल दिइएको तालिका १ र २ हेर्नुहोस् ।)* साथै, समुदायस्तरमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्य सञ्चालन विधि, २०७५ अनुसार हालसम्म स्थानीय तहमा जिल्लास्तरीय ७७, महानगरपालिका स्तरीय ६, उपमहानगरपालिका स्तरीय ९, नगरपालिका स्तरीय २७६, गाउँपालिका स्तरीय ४२७ र वडास्तरीय ५,२३१ गरी जम्मा ६,०२६ वटा लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन गरिएको छ । लैङ्गिक सचेतनाका लागि | |

[23]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ १५

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | "लैङ्गिक हिंसा नियन्त्रणमा प्रहरीको भूमिका" विषयक वृत्तचित्र निर्माण गरी नेपाल प्रहरीको "प्रहरी अनुरोध" कार्यक्रम मार्फत विभिन्न सञ्चार माध्यमहरूबाट प्रसारण गरिएको छ । | |

**तालिका १ : समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०७५/७६ मा सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रमहरू**

| क्र. सं. | जनचेतनामूलक कार्यक्रमको विषय | कुल संख्या | |
|---|---|---|---|
| | | कार्यक्रमको संख्या | सहभागी संख्या |
| १ | लैङ्गिक हिंसा | २,२२७ | १२४,१८० |
| २ | मानव बेचबिखन तथा ओसापसार | ४३८ | २०,२२० |
| ३ | जबर्जस्ती करणी | ४५३ | २५,९३१ |
| ४ | बालविवाह | ८३१ | ३६,५६९ |
| ५ | छाउपडी | ९५ | ६,०७३ |
| | कुल संख्या | ४,०३८ | २१२,९७३ |
| | | | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | **तालिका २ : समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रमहरू** | |

| क्र. सं. | जनचेतनामूलक कार्यक्रमको विषय | कुल संख्या | |
|---|---|---|---|
| | | कार्यक्रमको संख्या | सहभागी संख्या |
| १ | लैङ्गिक हिंसा | २,५५० | १२४,५९३ |
| २ | मानव बेचबिखन तथा ओसापसार | १,३५६ | ८८,३२८ |
| ३ | जबर्जस्ती करणी | २४१ | १५,१५१ |
| ४ | बालविवाह | ७९३ | ४२,४९५ |
| ५ | छाउपडी | ४२० | १९,९९३ |
| | कुल संख्या | ५,३६० | २९०,५६० |

भिएसओ, इन्टरनेसनल अलर्ट, महिला, कानून र विकास मञ्च लगायतका अन्तर्राष्ट्रिय र राष्ट्रिय गै.स.सं.हरूको साझेदारीमा जनवरी २०१९ बाट युकेएडको सहयोगमा सञ्चालन भइरहेको सफल परियोजना अन्तर्गत प्रदेश २ र लुम्बिनी प्रदेशमा परम्परागत हानिकारक अभ्यास र लैंङ्गिक पूर्वाग्रही धारणा परिवर्तन गर्न समुदायस्तरमा धेरै कार्यक्रमहरू र तालिमहरूको आयोजना भएको छ।

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | २.३ अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिलाहरू जस्तैः दलित महिला, जनजाति महिला, मधेशी र थारु महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, अपाङ्गता भएका महिला, दुर्गम स्थानमा बसोबास गर्ने महिला, समलिङ्गी महिला, द्विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति र विस्थापित, आप्रवासनमा परेका महिलाहरूलाई लक्षित गरी वित्तीय सहयोग (निष्कर्ष टिप्पणी, परिच्छेद ११(ख)) | अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका एकल महिला, अपाङ्गता भएका महिला, दुर्गम स्थानमा बसोबास गर्ने महिलाहरूलाई लक्षित गरी वित्तीय सहयोगका केही कार्यक्रमहरू नेपाल सरकारले सञ्चालन गरेको छ । यद्यपि अन्य सीमान्तकृत वर्गका महिलाहरूलाई लक्षित गरी पर्याप्त वित्तीय सहयोगका कार्यक्रम सञ्चालित भएको पाइँदैन ।<br><br>नेपाल सरकारले स्थापना गरेको एकल महिला सुरक्षा कोषमा आ.व. २०७५/७६ मा रु १० लाख थप गरी कोषमा करिव रु. ४ करोड रकम रहेको छ ।[24] उक्त कोषको रकम एकल महिलाको क्षमता विकास, उद्यमशीलता, औषधोपचार, कानूनी सहायता लगायतका कार्यमा उपयोग भएको छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत तीनवटा संस्थाहरूलाई आ.व. २०७७/७८ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एक देखि तीन लाख रुपैंयाँसम्मको अनुदान प्रदान गरेको छ ।<br><br>मानव विकास सूचकाङ्कमा पछि परेका ३० वटा जिल्लाहरूमा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिएकोमा हाल ५५ जिल्लाहरूमा यो कार्यक्रम विस्तार भएको छ, जस अन्तर्गत ६४ वटा महिलाहरूद्वारा सञ्चालित संस्थाहरू छनौट भई १ हजार ९ सय २० सीमान्तकृत | कार्यान्वयनको क्रममा रहेको |

[24]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ ९

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | वर्गका महिलाहरूलाई जीविकोपार्जन सीपमूलक तालिम सहित व्यवसाय सञ्चालनका लागि बीउपूँजी प्रदान गरिएको छ ।[25] प्रत्येक प्रदेशका १०-१० जना उद्यमी महिलाको दरले सातवटै प्रदेशका जम्मा ७० जना महिला उद्यमीलाई दुई चरणमा उद्यमशीलता विकास तथा वित्तीय पहुँचसम्बन्धी तालिम प्रदान गरिएको छ । ज्येष्ठ तथा अपाङ्गता नागरिक ग्राम स्थापना र सञ्चालनका लागि सातै प्रदेशका सामाजिक विकास मन्त्रालयलाई १ करोडका दरले जम्मा ७ करोड अनुदान प्रदान गरिएको छ ।[26] दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५ तयार गरी सो कार्यविधि बमोजिम दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी पायक पर्ने अस्पतालमा पुऱ्याई महिला तथा नवजात शिशुहरूको सम्पूर्ण उपचार खर्च निःशुल्क गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।[27] राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई दीर्घकालीन रूपमा सशक्त ढङ्गबाट सञ्चालन गर्न राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन १० वर्षे रणनीतिक कार्ययोजना तयार भएको छ ।<br><br>नेपालको संविधानको धारा ४३ ले असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लोपोन्मुख जातिका | |

[25] महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **राष्ट्रपति महिला उत्थान कार्यक्रम बुलेटिन**, वर्ष १, अंक १, २०७६ असार, पृष्ठ ५
[26] महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ १५
[27] महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **राष्ट्रपति महिला उत्थान कार्यक्रम बुलेटिन**, वर्ष १, अंक १, २०७६ असार, पृष्ठ ४

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | नागरिक लगायतको सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रावधानको कार्यान्वयन गर्न सामाजिक सुरक्षा ऐन, २०७५ बनेको छ जसमा ६० वर्षभन्दा माथिका दलित र एकल महिला, ज्येष्ठ नागरिक, अशक्त र असहाय, आर्थिक रूपले विपन्न, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने र लोपोन्मुख जातिका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था रहेको छ । यस ऐनले “६० वर्षभन्दा माथिका उमेरका” असहाय एकल महिला[28] र “पूर्ण अपाङ्गता” भएका व्यक्तिहरूले मात्र[29] सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरेको र अन्य उमेर समूहका एकल विधवा महिला र अन्य प्रकारले गम्भीर अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताबाट कानूनी रूपले वञ्चित गरेको छ । वि.सं. २०६७ देखि नै पूर्ण अपाङ्गता र गम्भीर अपाङ्गता भएका व्यक्तिहरूले नीलो परिचयपत्र बनाएपछि भत्ता पाइरहेको र मिति २०६६।११।२६ मा सर्वोच्च अदालतले दिएको निर्देशनात्मक आदेश बमोजिम सबै उमेर समूहका एकल विधवा महिलाहरूले भत्ता पाइरहेकोमा नयाँ बनेको सामाजिक सुरक्षा ऐन, २०७५ र सामाजिक सुरक्षा नियमावली, २०७६ बमोजिम ६० वर्ष उमेर नपुगेका एकल विधवा महिला र गम्भीर अपाङ्गता भएका व्यक्तिहरूले भत्ता नपाउने अवस्था सृजना भएकोले विद्यमान ऐनको दफा ७ र ८ संशोधन गराउने माग सहित एकल | |

[28] सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ७

[29] ऐ, दफा ८

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | महिला समूह र महिला, कानून र विकास मञ्च समेतले सर्वोच्च अदालतमा मिति २०७७।२।७ मा रिट दायर गरे । यसमा अदालतबाट कारण देखाउ आदेश जारी भएको छ ।[30] कानून प्रतिकूल भए तापनि यस आर्थिक वर्षको नेपाल सरकारको बजेटमा सबै उमेर समूहका एकल महिला र गम्भीर अपाङ्गता भएका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था भएको छ । सामाजिक सुरक्षा ऐन, २०७५ लाई तत्काल संशोधन गर्न आवश्यक देखिएकोले सम्माननीय राष्ट्रपतिबाट सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७ मिति २०७७।८।२१ मा जारी भएको छ । यस अध्यादेशले असहाय एकल महिलाको भत्ताको व्यवस्था अन्तर्गत विधवा महिला र सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका महिलाका हकमा उमेरको सीमा हटाएको छ भने पूर्ण अपाङ्गता वा अति अशक्त अपाङ्गताको परिचयपत्र प्राप्त गरेका नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने सकारात्मक व्यवस्था गरेको छ ।<br><br>सङ्घीयता कायम हुनुअगाडि नेपाल सरकारले दलित लगायतका सीमान्तकृत वर्गहरूलाई छुट्याउँदै आएको बजेट सङ्घीय संरचना कायम भएपछि कटौती गरेको र स्थानीय तहहरूले सीमान्तकृत वर्गहरूलाई लक्षित गरी बजेट छुट्याए वा नछुट्याएको मूल्याङ्कन गर्न पनि कठिन रहेको अवस्था छ ।[31] | |

[30] https://fwld.org/works/litigation/ (accessed on 2020.11.29)
[31] सदस्य, स्टेरियङ्ग कमिटि बैठक, १८ मार्च २०२१

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | २.४ आम रूपमा बोलिने भाषामा कानूनी सहायता उपलब्ध गराउने (निष्कर्ष टिप्पणी, परिच्छेद ११(ख)) | विभिन्न तहका अदालतहरूमा सेवाग्राहीलाई उनीहरूले बुझ्ने स्थानीय भाषामा सेवा र सहयोग प्रदान गर्न भाषा अनुवादकहरूको सूची तयार गरी आवश्यकता बमोजिम सम्पर्क गर्ने गरिएको छ । विदेशी भाषाहरूमा अनुवाद गर्न आवश्यक देखिएमा सम्बन्धित देशको राजदूतावासमा अदालतले सम्पर्क गरी अनुवादकको सेवा उपलब्ध गराउने गरेको छ ।<br><br>नेपाल प्रहरीमा पीडित लगायतका सेवाग्राहीलाई कानूनी परामर्श तथा आवश्यक सहायता दिन दोभाषे र सांकेतिक भाषा सहयोगीहरूको दरबन्दी नभएता पनि स्थानीय भाषाको ज्ञान भएको प्रहरी कर्मचारी वा अन्य व्यक्तिलाई दोभाषेको रूपमा प्रयोग गरी सेवा प्रवाह गरिरहेको अवस्था छ । जिल्ला सरकारी वकील कार्यालय तथा जिल्ला कानूनी सहायता समितिमा समेत यस्तै प्रकारको अभ्यास रहेको छ । | कार्यान्वयनको क्रममा रहेको |
| | २.५ यौनजन्य हिंसाका मुद्दाको दर्तामा रहेको हदम्यादको व्यवस्था खारेज गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ११(ग)) | यौनजन्य हिंसाका मुद्दा दर्ताका लागि कानूनमा तोकेको हदम्यादको व्यवस्था खारेज गर्न सिड समितिले दिएको सिफारिस कार्यान्वयन भएको छैन । विद्यमान मुलुकी अपराध संहितामा जबर्जस्ती करणी, यौन दुर्व्यवहार, कसैको संरक्षणमा रहेको व्यक्तिसँग करणी गरेमा कसूर गरेको मितिले एक वर्षभित्र उजुरी दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।[32]<br>तर विगतलाई हेर्दा हदम्यादका सन्दर्भमा कानूनमा सुधार भएको | कार्यान्वयन नभएको |

[32]मुलुकी अपराध संहिता, २०७४ को दफा २२९(२)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | छ । सर्वोच्च अदालतले अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार समेतको[33] मुद्दा र इन्दिरा बस्नेत विरुद्ध नेपाल सरकारसमेतको[34] मुद्दामा तत्कालीन मुलुकी ऐन, २०२० को जबर्जस्ती करणीको महलको ११ नं. को हदम्यादको व्यवस्था कम भई पीडितलाई न्याय दिलाउने काममा बाधा पर्न गएकोले हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नू भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । तत्पश्चात् मुलुकी ऐन, २०२० को जबर्जस्ती करणीको महलको ११ नं. को संशोधन भई जबर्जस्ती करणीको मुद्दा दर्ता गर्न रहेको ३५ दिनको हदम्याद बढाएर ६ महिना कायम भयो भने मुलुकी ऐन खारेज भई बनेको मुलुकी अपराध संहिता, २०७४ मा जबर्जस्ती करणी लगायतका यौनजन्य हिंसाका मुद्दामा उजुरी दर्ता गर्ने हदम्याद एक वर्ष कायम भएको छ ।<br>यौनजन्य हिंसाका मुद्दा दर्ता गर्न विद्यमान कानूनमा रहेको एक वर्षको हदम्यादको प्रावधानका कारण आफूमाथि भएको यौन हिंसाका बारेमा जानकारी हुन नसक्ने उमेरका नाबालिकाहरूले साबालिक भएर धेरै वर्षपछि उजुरी गर्न चाहेमा वा यौन हिंसा सहेर बसेका नाबालिका तथा महिलाहरूले लामो समयपछि उजुरी गर्न चाहेको अवस्थामा वा जबर्जस्ती करणी गरी हत्या गरेका पीडकहरू लामो समयको अन्तरालपछि पत्ता लागेको अवस्थामा एक वर्षको हदम्यादको प्रावधानले न्याय प्राप्तिको मार्गमा अवरोध | |

[33] संवत २०६१ सालको रिट नं. ३३९३, निर्णय नं. ८०३८
[34] संवत २०६३सालको रिट नं. ०४०२

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | सृजना हुने देखिन्छ । यद्यपि केही व्यक्तिहरूको भनाइ अनुसार यौनजन्य हिंसाका मुद्दामा प्रमाण लोप हुन नदिन र अभियोजन कार्यमा सहजताका लागि हदम्यादको व्यवस्था हुनु आवश्यक छ । | |
| | २.६ न्यायपालिकाका सबै सदस्यहरू, स्थानीय न्यायिक समितिका सदस्यहरू, र कानून कार्यान्वयन अधिकारीहरूलाई महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरूका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत अनिवार्य रूपमा तालिम उपलब्ध गराउने। (निष्कर्ष टिप्पणी, परिच्छेद ११(घ)) | राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत दुई वर्षमा न्याय क्षेत्रका विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरू (न्यायाधीश, सरकारी वकील, प्रहरी, कानून व्यवसायी, न्यायिक समिति) का लागि लैङ्गिक समानता, महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरू समेतका बारेमा प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ । सिड समितिबाट निष्कर्ष सुझाव प्राप्त भएको मिति २०७५।०७।०७ देखि राष्ट्रिय न्यायिक प्रतिष्ठानले लैङ्गिक समानता, महिला अधिकार र विभिन्न प्रकृतिका महिला हिंसासँग सम्बन्धित कुल १७ वटा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको छ भने देवानी तथा फौजदारी संहिता र यस अन्तर्गतका लैङ्गिक न्याय र पीडित लक्षित बयान कार्यविधि समेतका व्यवस्था सम्बन्धी १३ वटा प्रशिक्षण र अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गरेको छ । यसका साथै, १२ वटा सेवाकालीन र अन्य प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रमहरू समेत सञ्चालन गरेको छ जसमा लैङ्गिक समानता, न्याय र समावेशिताका विषयहरू समेटिएका छन् । यी प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रमहरूमा न्याय क्षेत्रका २२१ जना महिला (१६.६४ प्रतिशत) सहित कुल १ हजार ३२८ व्यक्तिहरूको सहभागिता रहेको छ । *(प्रतिष्ठानले विगत दुई वर्षमा दिएका प्रशिक्षण तथा अन्तर्क्रियाहरूको विवरण अनुसूची ४ मा राखिएको छ ।)* | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | महिला तथा बालबालिका विरुद्ध हुने अपराधको प्रभावकारी अनुसन्धान गर्न प्रहरीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल प्रहरीले मिति २०७५।०८।१८ र १९ गते सातवटै प्रदेश प्रहरी र ७७ जिल्लाहरूबाट जम्मा ९२ वरिष्ठ प्रहरी अधिकृत रहने गरी लैङ्गिकतामा आधारित हिंसा नियन्त्रण सञ्जालको मानक सञ्चालन विधिसम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठी आयोजना गरेको छ । साथै, निर्देशनालयले विगत दुई वर्षमा युनिसेफको सहयोगमा महानगरीय प्रहरी कार्यालय र सवै प्रदेश अन्तर्गतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत कुल १६० जना प्रहरी कर्मचारीहरूलाई पाँच चरणमा लैङ्गिकतामा आधारित हिंसा, बाल न्याय र मनोसामाजिक परामर्श बिषयक ६ दिवसीय तालिम र ७२ जना प्रहरी कर्मचारीहरूलाई अनलाइन लैङ्गिकतामा आधारित हिंसा डाटाबेस प्रणालीसम्बन्धी ३ दिवसीय तालिम प्रदान गरेको छ । प्रहरी कर्मचारीहरूमा लैङ्गिक हिंसासम्बन्धी क्षमता अभिवृद्धि गर्न अपराध अनुसन्धान समूह र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई लैङ्गिक हिंसा बिषयमा तालिम तथा अभिमुखीकरण प्रदान गरिँदै आइएको छ । साथै, यौनजन्य अपराध अनुसन्धान कार्य निर्देशन पुस्तिका प्रकाशन गरी सम्पूर्ण प्रहरी कार्यालयहरूमा जानकारीका लागि परिपत्र गरिएको छ ।<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र युएनडीपीको साझेदारीमा सञ्चालनमा रहेको न्यायमा पहुँच सुदृढीकरण परियोजना अन्तर्गत वि.सं. २०७६ मा न्याय सेवा तालिम केन्द्रले न्यायिक समितिलाई तालिम दिने स्रोत पुस्तिका तयार गरी ६८२ | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | जना न्यायिक समितिका सदस्यहरू (३२५ महिला सहित) लाई प्रभावकारी न्याय सम्पादनमा न्यायिक समितिको भूमिका बारेमा क्षमता अभिवृद्धि गर्ने १६ वटा तालिम आयोजना गरेको थियो ।[35] गैरसरकारी संस्थाहरू मार्फत पनि न्याय क्षेत्रका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिमहरू सञ्चालन हुने गरेका छन् । जस्तै: महिला, कानून र विकास मञ्चले विभिन्न १३ जिल्लाहरूमा अदालत, सरकारी वकील, प्रहरी, न्यायिक समिति, ओसिएमसी लगायतका निकायहरूका पदाधिकारीहरूलाई पीडितमैत्री अनुसन्धान तथा बयान कार्यविधिका बारेमा पाँच दिने अभ्यास सत्र (mock session) सहितको गोष्ठी आयोजना गरेको छ । फेब्रुअरी २०२० सम्म सञ्चालन भएका यी १३ वटा गोष्ठी कार्यक्रमहरूमा कुल ३२५ जनाको सहभागिता रहेको छ । | |
| **धारा ३: राष्ट्रिय संरचनाद्वारा महिला उत्थान *(महिलाको उन्नतिका लागि रहेका राष्ट्रिय संयन्त्रहरू/नागरिक समाजका संस्था र राष्ट्रिय मानव अधिकार संस्थाहरू)*** | ३.१ महिला अधिकारसम्बन्धी आयुक्तहरूको नियुक्ति प्रक्रियामा शीघ्रता ल्याउने (निष्कर्ष टिप्पणी, परिच्छेद १३(क)) | मिति २०७७।८।३० गते संवैधानिक परिषद्ले राष्ट्रिय महिला आयोगमा पदाधिकारीहरुको नियुक्तिका लागि सिफारिस गरे बमोजिम मिति २०७७।१०।२१ गते अध्यक्ष सहित तीन जना पदाधिकारीहरू आयोगमा नियुक्त भएका छन् । राष्ट्रिय महिला आयोगको अध्यक्षमा माननीय कमला कुमारी पराजुली र सदस्यहरूमा माननीय कृष्ण कुमारी पौडेल खतिवडा र माननीय विद्या कुमारी सिन्हा नियुक्त हुनुभएको छ । पदाधिकारीहरूको नियुक्तिसँगै महिलाको अधिकार संरक्षण, प्रवर्द्धन र महिला सशक्तीकरणको क्षेत्रमा थप उपलब्धि हासिल गर्न आयोगको भूमिका अग्रगामी हुने अपेक्षा गरिएको छ । | पूर्ण कार्यान्वयन भएको |

[35]GoN-UNDP /Enhancing Access to Justice through Institutional Reform (A2J) Project, **Annual Pogress Report 2019**, December 2019

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ३.२ राष्ट्रिय महिला आयोगमा उजुरी सुन्ने संयन्त्र विकास गर्ने, बाध्यकारी निर्णय दिन सक्ने अधिकार प्रदान गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १३(क)) | नेपालको संविधानको धारा २५३ र राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यी संवैधानिक र कानूनी व्यवस्था अनुसार राष्ट्रिय महिला आयोगलाई महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्नसक्ने सम्मको अधिकार दिइएको छ । साथै, घरेलु हिंसा निवारण तथा कसूर ऐन, २०६६ मा पनि यस आयोगमा घरेलु हिंसाका उजुरीहरू दायर गर्नसक्ने र आयोगले उजुरी सुन्ने व्यवस्था रहेको छ । तर पीडितका तर्फबाट दायर उजुरीको सुनुवाई गरी बाध्यकारी निर्णय दिनसक्ने अधिकार संविधान र कानूनले आयोगलाई दिएको छैन । राष्ट्रिय महिला आयोगले 'खबर गरौं ११४५ हेल्पलाइन सेवा' सञ्चालन गरी नेपालका सबै ठाउँहरुबाट हिंसा पीडितहरूको उजुरी प्राप्त गर्ने गरेको छ । आयोगमा दायर हुने उजुरीहरू उपर आयोगले मिलापत्र गराउने, प्रहरीमा जाहेरी दर्ता गरी अनुसन्धान गर्न सिफारिस गर्ने, कानूनी परामर्श दिने र थप कानूनी सहायता, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार र अन्तरिम आवासका लागि पीडितहरूलाई ल्याक, टिपिओ, साथी, नेपाल बार एसोसियसन, सिविन, मानव सेवा आश्रम लगायतका संस्थाहरूमा प्रेषण गरी सेवा प्रदान गर्ने गरेको छ । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ३.३ राष्ट्रिय महिला आयोगमा कार्य सम्पादनको लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू उपलब्ध गराउने। (निष्कर्ष टिप्पणी, परिच्छेद १३(क)) | राष्ट्रिय महिला आयोगमा प्रभावकारी कार्य सम्पादनका लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू उपलब्ध गराउन पहल भइरहेको छ । आयोगमा महिला विकास समन्वय शाखा नामको नयाँ शाखा आ.व. २०७४/७५ मा विस्तार भएको छ जसमा एक जना प्रमुख महिला विकास अधिकृत र एक जना महिला विकास अधिकृतको पदपूर्ति भएको छ । राजपत्र अनङ्कित प्रथम श्रेणीका दुई जना हेल्पलाइन अपरेटर र दुई जना मनोसामाजिक परामर्शदाताको स्थायी दरबन्दी वि.सं. २०७५ देखि थप गरिएको छ । 'खबर गरौं ११४५ हेल्पलाइन सेवा'लाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्नको लागि आवश्यक प्रकिया अगाडि बढाइएको छ । संवैधानिक आयोगको हैसियत कायम भएसँगै संगठन र व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा कुल ३९ स्थायी दरबन्दी रहेको छ जसमा राजपत्रांकित तर्फ १३, राजपत्र अनंकित तर्फ १२ र श्रेणीविहीन तर्फ १४ दरबन्दी रहेको छ । कुल दरबन्दीमध्ये राजपत्रांकित तर्फ ११, राजपत्र अनंकित तर्फ ७ र श्रेणीविहीन तर्फ १४ गरी कुल ३२ पदपूर्ति भएको अवस्था छ भने विभिन्न श्रेणीका ७ पद रिक्त छन् ।[36] आ.व. २०७५/७६ मा आयोगले संगठन र व्यवस्थापन सर्वेक्षण गरी आयोगको केन्द्रमा ४० जनाको दरबन्दी र प्रदेश स्तरमा ७-७ वटा गरी जम्मा ४९ | कार्यान्वयनको क्रममा रहेको |

[36]राष्ट्रिय महिला आयोग, तेह्रौं वार्षिक प्रतिवेदन (आ.व. २०७६ श्रावणदेखि २०७७ असार मसान्तसम्म), काठमाडौं, २०७७, पृष्ठ ५

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | जनाको दरबन्दी प्रस्ताव गरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरेको छ ।[37] संवैधानिक व्यवस्था बमोजिम प्रदेशस्तरमा समेत आयोगको कार्यालय रहनसक्ने व्यवस्था रहेको र नेपालका ७७ वटा जिल्लाबाट महिला हिंसा र अन्य समस्याहरू केन्द्रमा आउने गरेको कारणले भौगोलिक दृष्टिकोणले दूरदराजमा रहेका महिलाहरूलाई सेवा प्रदान गर्न प्रदेशस्तरमा समेत आयोगको सम्पर्क कार्यालय राख्न आवश्यक देखिएको हुँदा आयोगमा पदाधिकारीहरूको नियुक्तिपछि यस बारेमा छलफल अगाडि बढेको छ । आयोगमा हाल महिलाको अधिकारका क्षेत्रमा विशेषज्ञता हासिल गरेका प्राविधिक व्यक्तिहरूको दरबन्दी थप गर्नुपर्ने आवश्यकता देखिन्छ ।<br><br>राष्ट्रिय महिला आयोगमा नेपाल सरकारबाट विनियोजित वार्षिक बजेटमा क्रमिक वृद्धि भएको छ । नेपाल सरकारबाट आ.व. २०७७/७८ मा आयोगलाई विनियोजित चालु बजेट रु. ८,२४,००,०००।- रहेको छ जुन अघिल्लो वर्षभन्दा दोब्बर रहेको छ । आ.व. २०७६/७७ मा रु. ४,१५,००,०००।-, आ.व. २०७५/७६ मा रु. ३,२१,०२,४००।- र आ.व. २०७४/७५ मा रु. ४,३२,३२,०००।- चालु बजेट रहेको थियो ।[38] | |

[37]राष्ट्रिय महिला आयोग, बाह्रौं वार्षिक प्रतिवेदन (आ.व. २०७५ श्रावण देखि २०७६ असारसम्म), काठमाडौं, २०७६, पृष्ठ ११

[38]राष्ट्रिय महिला आयोगको आर्थिक प्रशासन शाखाबाट प्राप्त जानकारी, २०७७/१२/२

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ३.४ राष्ट्रिय लैङ्गिक समानता नीति पारित गर्ने कार्यलाई प्राथमिकतामा राख्ने र सो नीति कार्यान्वयन गर्ने निकायमा निर्णय गर्ने पर्याप्त अधिकार भएको र सबै तहमा महिलाका मानवअधिकार प्रवर्द्धन गर्ने सम्बन्धी र कार्यान्वयनको जिम्मेवारी भएका मन्त्रालयहरू बीचमा समन्वय र सहकार्य गर्न आवश्यक मानवीय र वित्तीय स्रोत उपलब्ध गराउने। (निष्कर्ष टिप्पणी, परिच्छेद १३(ख)) | राष्ट्रिय लैङ्गिक समानता नीति पारित गर्ने सिड समितिको सिफारिसको कार्यान्वयन भएको भए तापनि यसको कार्यान्वयनका लागि आवश्यक मानवीय र वित्तीय स्रोत उपलब्ध गराउने सिफारिस कार्यान्वयन हुन बाँकी छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को मस्यौदा तयार गरी नेपाल सरकार ( मन्त्रिपरिषद्) को स्वीकृतिका लागि मिति २०७७/०४/२२ मा पेश गरेकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७/१०/०५ मा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ स्वीकृत भएको छ । सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७/११/२४ मा १११ औं अन्तर्राष्ट्रिय महिला दिवस समारोहमा यस नीतिको सार्वजनिकीकरण भएको छ।[39]<br><br>यस नीतिले बालबालिका, किशोरी तथा महिलाको सामाजिक तथा आर्थिक विकासका संरचनात्मक अवरोधहरू हटाउने, पितृसत्तात्मक सोच, लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, समानतामा आधारित लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्य राखेको छ।<br><br>राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को स्वीकृतिसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि सिड समितिले दिएको सुझाव बमोजिम यस नीति कार्यान्वयन गर्ने निकायमा निर्णय गर्ने | कार्यान्वयनको क्रममा रहेको |

[39]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रेस विज्ञप्ति, मिति २०७७/११/२४

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | पर्याप्त अधिकार र सबै तहमा महिलाका मानवअधिकार प्रवर्द्धन गर्न जिम्मेवार मन्त्रालयहरू बीचमा समन्वय र सहकार्य गर्न आवश्यक मानवीय र वित्तीय स्रोत उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ । | |
| | ३.५ महिला नेतृत्वलाई स्थानीय तहबाटै विकास गराउन स्थानीय तहको क्षमता र अधिकार सुदृढ गर्ने र लक्षित बजेट विनियोजन गर्ने कार्यलाई पुनः लागू गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १३(ग)) | महिला नेतृत्वलाई स्थानीय तहबाटै विकास गराउन विगतमा १० प्रतिशत महिला लक्षित बजेट विनियोजन गर्ने गरेको भए तापनि सङ्घीय संरचना कायम भएपछि महिला लक्षित बजेट विनियोजन गर्ने गरिएको छैन । केही स्थानीय तहहरूमा महिलालाई लक्षित गरी केही प्रतिशत बजेट छुट्याइएको पाइए तापनि यसमा एकरूपता छैन ।<br><br>हाल नेपाल सरकारको केन्द्रीय बजेटको ३८.२७ प्रतिशत लैङ्गिक उत्तरदायी बजेट रहेको छ । प्रत्येक प्रदेश र स्थानीय सरकारको लैङ्गिक उत्तरदायी बजेट कति हो भन्ने सन्दर्भमा हालसम्म स्पष्ट हिसाब राख्ने प्रणालीको विकास भएको छैन ।<br><br>पहिला जिल्ला तहमा सञ्चालनमा रहेको महिला विकास कार्यालय खारेज भई हाल स्थानीय तहभित्र शाखा वा महाशाखाका रूपमा सीमित भएको छ । यसको भूमिका, कार्यक्रम र बजेट सीमित भएको छ भने महिलाका क्षेत्रमा स्वतन्त्र रूपले कार्य गर्नसक्ने अवस्था पनि छैन । स्रोत र साधनको अभाव र सीमित अधिकारका कारण यी शाखा/महाशाखाले महिला समानता र सशक्तीकरणका लागि प्रभावकारी कार्यसम्पादन गर्न सकेका छैनन् । | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ३.६ महिला अधिकार संरक्षण गर्ने लक्ष्य भएका कानून र कार्यक्रमहरू बनाउँदा महिलाका विषयमा कार्य गर्ने गैरसरकारी संस्थाहरू, राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको सार्थक सहभागिता सुनिश्चित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १५(क)) | महिला अधिकारसँग सम्बन्धित मस्यौदा नीति र विधेयकहरूमाथि परामर्श छलफलमा अधिकांश अवस्थामा सरकारले राष्ट्रिय महिला आयोगलाई संलग्न गराउने गरेको छ । जस्तै : निर्वाचन आयोग र मन्त्रालयहरूको लैङ्गिक समावेशी नीति तर्जुमा गर्ने क्रममा आयोगसँग सुझाव लिइएको छ । यद्यपि, ज्येष्ठ नागरिकसम्बन्धी ऐनको संशोधन र हालै पारित भएको तेजावसम्बन्धी अध्यादेश मस्यौदाको क्रममा आयोगसँग परामर्श गरिएको छैन ।<br><br>महिला मन्त्रालय र अन्य मन्त्रालयहरूले कतिपय महिलाका विषय जोडिने विधेयकहरू तयार गर्दा वा विधेयकमाथि छलफल तथा परामर्श गर्दा महिला अधिकारको क्षेत्रमा लामो समयदेखि काम गरिरहेका गैरसरकारी संस्थाहरू (जस्तै : महिला, कानून र विकास मञ्च) सँग सुझाव लिने गरेको छ । यद्यपि, ब्लु डायमन्ड सोसाइटी लगायतका लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत संस्थाहरूलाई कानून निर्माणको चरणमा सहभागी गराउने नगरिएकोले लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको विषयको उचित सम्बोधन कानूनमा हुनसकेको छैन । | कार्यान्वयनको क्रममा रहेको |
| | ३.७ नागरिक सहभागिताको क्षेत्रको संरक्षण गर्ने र नागरिक समाजको संलग्नता प्रवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार | नागरिक सहभागिताको क्षेत्र (civil space) को संरक्षण गर्न र नागरिक समाजको संलग्नता प्रवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगको भूमिका सामान्य रहेको छ । नेपालको संविधानको धारा २४९(२)(घ) ले मानवअधिकारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | आयोगको कार्यक्षेत्र सुदृढ तुल्याउने (निष्कर्ष टिप्पणी, परिच्छेद १५(ख)) | जसअनुरूप नागरिक समाजसँग समन्वय र सहकार्यमा मानवअधिकारका विभिन्न विषयहरूमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन भएका छन् ।<br>आयोगले समय समयमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवाललाई लिएर सरकारको ध्यानाकर्षण गर्न प्रेस विज्ञप्ति जारी गर्ने गरेको छ । जस्तै : मिति २०७७/२/२४ मा प्रेस विज्ञप्ति मार्फत लकडाउनको अवधिमा अनुगमन तथा समाचार संकलनको क्रममा हिँडेका सञ्चारकर्मीहरूमध्ये २२ जना सञ्चारकर्मीहरू पक्राउ, आक्रमण, धम्की र दुर्व्यवहारमा परेको, उनीहरूलाई सरकारी निकायहरूबाट सूचना प्रदान गर्न अस्वीकार गर्ने गरिएका विषयमा आयोगले पत्रकारहरूलाई आवश्यक सूचना उपलब्ध गराउन, पत्रकारहरूमाथिको आक्रमण, धम्की र दुर्व्यवहार रोक्न, श्रमजीवी पत्रकारहरूको पारिश्रमिक सुनिश्चित गरी सूचनाको पहुँचलाई सहज बनाउन नेपाल सरकारको ध्यानाकर्षण गरेको छ ।[40] यद्यपि गैरसरकारी संस्थाहरूको क्रियाकलापमाथि बन्देज लाग्ने गरी सरकारले तयार गरेको मस्यौदा राष्ट्रिय सदाचार नीति, अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउने गरी तयार भएको मस्यौदा अनलाइन मिडिया निर्देशिका लगायतका विधेयकहरूका सन्दर्भमा आयोगबाट विगत दुई वर्षमा कुनै पनि विज्ञप्ति जारी भएको छैन । | |

[40] https://www.nhrcnepal.org/nhrc_new/doc (accessed on 2021.02.21)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ३.८ मस्यौदा राष्ट्रिय सदाचार नीति, मस्यौदा गोपनीयता नीति र मस्यौदा अनलाइन मिडिया निर्देशिकालाई पुनरावलोकन गर्दा र विद्युतीय कारोवार ऐन र राष्ट्रिय प्रसारण नियमावलीलाई संशोधन गर्दा राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजसँग परामर्श गरी महिला अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको अभिव्यक्ति स्वतन्त्रता र उनीहरूका क्रियाकलाप माथि | गैरसरकारी संस्थाहरूको क्रियाकलापमाथि बन्देज लगाउने गरी सरकारले तयार गरेको मस्यौदा राष्ट्रिय सदाचार नीति २०७५, र व्यक्तिको अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउने गरी तयार भएको मस्यौदा अनलाइन मिडिया निर्देशिका, विद्युतीय कारोवार ऐन र राष्ट्रिय प्रसारण नियमावलीको संशोधन विधेयकमाथि विभिन्न क्षेत्रहरूबाट विरोध भएपछि मस्यौदाहरू पारित भएको छैन । यी नीति र विधेयकहरूको मस्यौदा तयार गर्दा नागरिक समाजसँग परामर्श नलिइएको भए तापनि[41] यो पुनरावलोकनको क्रममा रहेको छ । | कार्यान्वयनको क्रममा रहेको |

[41]मस्यौदा राष्ट्रिय सदाचार नीति, २०७५ तर्जुमा गर्ने क्रममा गैरसरकारी संस्था महासंघले गृह मन्त्रालयमा गैरसरकारी संस्थाहरूको सहभागिताको माग सहित मागपत्र बुझाएको भए तापनि गैरसरकारी संस्थालाई सहभागी गराई परामर्श लिने कार्य भएन । (गै.स.सं.का प्रतिनिधि, स्टेरियङ्ग कमिटि बैठक, १८ मार्च २०२१)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | कुनै रोकावट नहुने कुराको सुनिश्चितता गर्ने।<br>(निष्कर्ष टिप्पणी, परिच्छेद १५(ग)) | | |
| **धारा ४: समानताको सिद्धान्त** ***(अस्थायी विशेष व्यवस्थाहरू)*** | ४.१ स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, शुद्ध पानी र सरसफाइमा पहुँच तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्था समेटिएको विशेष अवसरसम्बन्धी ऐन चाँडो पारित गर्नुपर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १७(क)) | नेपालको संविधानको धारा ३८(५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने मौलिक हकको व्यवस्था गरेको छ । सो मौलिक हकको कार्यान्वयन गर्न संविधानको धारा ४७ अनुसार तीन वर्षभित्र कानून निर्माण गर्नुपर्ने भन्ने प्रावधान रहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले संविधानको धारा ३८(५) को कार्यान्वयनका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरू समेटिएको विशेष अवसरसम्बन्धी विधेयकको मस्यौदा तयार गरी विधेयक उपर सातै प्रदेशमा छलफल र सुझावहरू संकलन गरी २०७५ पुषसम्म अन्तिम मस्यौदा तयार भएको छ ।<br><br>छरिएर रहेका विद्यमान कानूनहरू (जस्तो : निःशुल्क र अनिवार्य शिक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, श्रम ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ मा महिलाका शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा सम्बन्धीविशेष व्यवस्थाहरू रहेको हुँदा छुट्टै कानून ल्याउन नपर्ने भन्ने पनि केही व्यक्तिहरूको धारणा रहेको पाइन्छ । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ४.२ अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिला र बालिकाका विशेष आवश्यकतालाई विशेष अधिकार सम्बन्धी कानूनी व्यवस्थामा समेटिनु पर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १७(ख)) | महिलाहरूभित्रका पछाडि परेका वा पारिएका महिलाहरूको विशेष अधिकार सम्बन्धी छुट्टै कानून बनेको नभए तापनि छरिएर रहेका कानूनहरूमा अन्तर्वर्गीय र बहुविभेदको सामना गरिरहेका महिलाहरूका बारेमा केही विशेष व्यवस्थाहरू रहेको पाइन्छ । जस्तो : दलित महिलाहरूलाई स्थानीय तहको निर्वाचनमा सदस्यमा एक सिट आरक्षणको व्यवस्था गर्ने कानून, सामाजिक सुरक्षा ऐन, २०७५ मा ६० वर्ष उमेर पुगेका दलित ज्येष्ठ नागरिक महिला र एकल महिलाले सामाजिक सुरक्षा पाउने व्यवस्था, अपांगता मैत्री प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने र अति विपन्न सुत्केरी महिलालाई सरकारले भत्ता दिने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५[42] को व्यवस्था रहेको छ ।<br><br>विद्यमान कानूनहरूमा अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिला र बालिकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्दै बनेका विशेष अधिकारसम्बन्धी कानूनी व्यवस्थाहरूको बारेमा महिला, कानून र विकास मञ्चबाट अध्ययन भइरहेको छ । पछिल्लो समय सन् २००४ मा यस विषयमा अध्ययन सम्पन्न भएको थियो । | कार्यान्वयनको क्रममा रहेको |

[42]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २८ र ३३

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ४.३ "विशेष अधिकार" कानूनको कार्यान्वयन पक्षको अनुगमन गरिनु पर्ने र सम्बद्ध सबै सरकारी अधिकारीहरूलाई यस्ता व्यवस्थाहरूको उद्देश्य महिला र पुरुषबीच सारभूत समानता कायम गर्नु हो भनी सचेतना जगाउने र महिला विरुद्ध विगतमा भएको र हाल पनि भइरहेको विभेदलाई हटाउन अन्तरवर्गीय र बहुविभेद भएका खास समूहका महिलाहरू उपरको विभेद हटाउन संरचनागत, सामाजिक तथा सांस्कृतिक परिवर्तन मार्फत कार्य गर्ने। ( निष्कर्ष टिप्पणी, | महिला तथा बालिकाहरूको विशेष आवश्यकता सम्बोधन गर्ने गरी बनेका विशेष अधिकार कानूनहरू र तिनको सारभूत समानता कायम गर्ने उद्देश्यका बारेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सामाजिक सचेतना तथा सामाजिक जागरण ल्याउन सन्देशमूलक सामग्रीहरू उत्पादन र प्रसारण गर्ने कार्य गरिरहेको छ। विभिन्न संघ संस्था तथा महिला सञ्चारिका समूहसँगको सहकार्यमा यस्ता सचेतनामूलक कार्यक्रमहरूको सञ्चालन भएको छ र निरन्तर सन्देश प्रवाह भएको छ।<br>यद्यपि मन्त्रालयभित्र विशेष अधिकार कानूनको कार्यान्वयन पक्षको नियमित अनुगमन गर्न छुट्टै संयन्त्र छैन। | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | परिच्छेद १७(ग)) | | |
| **धारा ५ : लैङ्गिक भूमिका तथा रुढीवादी सोच** ***(रुढीवादी सोच र हानिकारक अभ्यास/ महिला विरुद्ध लिङ्गमा आधारित भेदभाव/ महिला, शान्ति र सुरक्षा)*** | ५.१ सबै प्रकारका परम्परागत हानिकारक अभ्यासहरू उपर प्रतिबन्ध लगाउने कानून चाँडै पारित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १९(क)) | सबै प्रकारका परम्परागत हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाउने छुट्टै कानून बनेको नभए तापनि विद्यमान मुलुकी अपराध संहिता, २०७४ मा छाउपडी, बोक्सीको आरोप, विवाहमा हुने लेनदेन (दाइजो), बालविवाह, बहुविवाह, जातीयता लगायत कुनै पनि आधारमा गरिने भेदभाव लगायतका परम्परागत हानिकारक अभ्यासहरूमा संलग्न दोषीहरूलाई दण्डित गर्ने र पीडितलाई क्षतिपूर्ति दिने गरी कानूनी व्यवस्था रहेको छ । साथै, बोक्सीको आरोपसम्बन्धी छुट्टै कानूनका रूपमा बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ पनि कार्यान्वयनमा छ ।<br><br>कुरीतिजन्य व्यवहारको अन्त्यका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, बालविवाह, दाइजो, तिलक, बोक्सीको आरोप, छाउपडी जस्ता हानिकारक परम्परागत अभ्यासहरू विरुद्धको ५ वर्षीय रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरेको छ र स्वीकृतिका लागि कार्य भइरहेको छ । साथै, मर्यादित महिनावारी प्रवर्द्धनसम्बन्धी निर्देशिका, २०७७ को मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ ।<br><br>महिनाबारी बार्ने, दाइजोको लेनदेन गर्ने जस्ता कुरालाई समाजले हालसम्म स्वीकार गरेको अवस्थाले यसका विरुद्ध थोरै उजुरीहरू प्रहरीमा दायर हुने गरेको अवस्था छ । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ५.२ परम्परागत हानिकारक अभ्यासहरू गर्ने माथि अनुसन्धान तथा अभियोजन गरी पर्याप्त सजायको व्यवस्था गर्ने र पीडितलाई क्षतिपूर्ति समेत दिलाउने व्यवस्था गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद १९(क)) | परम्परागत हानिकारक अभ्यास (बोक्सीको आरोप, जातीय छुवाछुत, छाउपडी प्रथा, बाल विवाह, दाइजो प्रथा) जस्ता कुसंस्कारहरू विरुद्धका उजुरीहरू नेपाल प्रहरीमा दायर हुने गरेको र प्रहरीले यी उजुरीमाथि अनुसन्धान गर्ने गरेको छ । नेपाल प्रहरीको आ.व. २०७३/७४ देखि २०७७/७८ असोजसम्मको तथ्यांक अनुसार बालविवाह, बोक्सी आरोप, जातीय छुवाछुतका उजुरीहरू वार्षिक रूपले बढेको भए तापनि कोभिड-१९ महामारीका कारण आ.व. २०७६/७७ मा प्रहरीमा कम उजुरी दर्ता भएका छन् । आ.व. २०७३/७४ देखि हालसम्म जम्मा २६३ बालविवाह, १७७ बोक्सी आरोप र १२६ जातीय छुवाछुतका उजुरीहरू प्राप्त भई अनुसन्धान र अभियोजन भएको छ । त्यस्तै आ.व. २०७३/७४ देखि हालसम्म छाउपडी बार्ने क्रममा ९ जना महिला तथा किशोरीहरूको मृत्यु भएकोमा ७ जना परिवारका सदस्यका विरुद्धमा प्रहरीमा उजुरी दायर भएको छ । सामाजिक मूल्यमान्यता, रुढीवादी सोच, धार्मिक अन्धविश्वासको उपजको रूपमा रहेको यस प्रकृतिका घटनाहरू प्रहरीमा उजुरी गर्ने संख्या न्यून रहेको छ । *(तालिका ३ र ४ हेर्नुहोस्)* | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | तालिका ३ : नेपाल प्रहरीमा आ.व. २०७३/७४ देखि २०७७/७८ असोजसम्म दर्ता भएका परम्परागत हानिकारक अभ्यासहरू विरुद्धका उजुरी (तालिका तल) | |

**तालिका ३ : नेपाल प्रहरीमा आ.व. २०७३/७४ देखि २०७७/७८ असोजसम्म दर्ता भएका परम्परागत हानिकारक अभ्यासहरू विरुद्धका उजुरी**

| क्र.सं. | आ.व. | बालविवाह | बोक्सी आरोप | जातीय छुवाछुत |
|---|---|---|---|---|
| १ | २०७३/७४ | २६ | २४ | १७ |
| २ | २०७४/७५ | ५९ | ४८ | १८ |
| ३ | २०७५/७६ | ८६ | ४६ | ४३ |
| ४ | २०७६/७७ | ६५ | ३४ | ३० |
| ५ | २०७७/७८ (असोजसम्म) | २६ | २५ | १८ |
| | **जम्मा** | **२६३** | **१७७** | **१२६** |

<table>
<tr><th>सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू</th><th>सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव</th><th>निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था</th><th>कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको)</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th colspan="4">तालिका ४: छाउपडीका कारण मृत्यु भएका महिला तथा बालिकाका परिवार विरुद्ध प्रहरीमा दायर उजुरी</th></tr>
<tr><th>क्र.सं.</th><th>आर्थिक वर्ष</th><th>जिल्ला</th><th>मृत्यु हुनेको संख्या</th></tr>
<tr><td>१</td><td rowspan="2">२०७३/७४</td><td>दैलेख</td><td>१</td></tr>
<tr><td>२</td><td>अछाम</td><td>२</td></tr>
<tr><td>३</td><td>२०७४/७५</td><td>अछाम</td><td>२</td></tr>
<tr><td>४</td><td>२०७५/७६</td><td>बाजुरा</td><td>३</td></tr>
<tr><td>५</td><td>२०७६/७७</td><td>अछाम</td><td>१</td></tr>
<tr><td></td><td colspan="2">जम्मा मृत्यु हुनेको संख्या</td><td>९</td></tr>
<tr><td></td><td colspan="2">परिवार विरुद्ध प्रहरीमा दायर जम्मा उजुरी संख्या</td><td>७</td></tr>
</table>
प्रहरीको सक्रियतामा आ.व. २०७५/७६ मा १७७ र आ.व. २०७६/७७ मा ३९१२ छाउगोठ सुदूरपश्चिम र कर्णाली प्रदेशमा भत्काइएको छ । परम्परागत हानिकारक अभ्यासहरू अझै पनि हाम्रो समाजमा व्याप्त रहेको सन्दर्भमा यस्ता हानिकारक अभ्यासहरूको निर्मूलीकरण तथा कानूनी दायरामा ल्याउन नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट मातहत प्रहरी कार्यालयहरूमा पटक पटक निर्देशन एवं परिपत्रहरू गरिएको छ । नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशमा छाउपडी प्रथा विद्यमान रहेकोमा छाउपडी प्रथा नियन्त्रणसम्बन्धी कानून प्रभावकारी रूपमा कार्यान्वयन
</td><td></td></tr>
</table>

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | गर्नका लागि मुलुकी अपराध संहिता, २०७४ को दफा १६८ को उपदफा (३) अनुसारको अपराध गर्ने गराउनेलाई अनुसन्धान र अभियोजनबाट कानूनको दायरामा ल्याउन निर्देशन समेत भएको छ । छाउपडी प्रथा नियन्त्रणका लागि विभिन्न सरोकारवाला संघसंस्थाहरूसँग समन्वय गरी उक्त जिल्लाहरूमा स्थलगत अनुगमन गरी सचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरिएको छ ।<br><br>परम्परागत हानिकारक अभ्याससम्बन्धी मुद्दाहरूमा कानूनमा व्यवस्था भए अनुरूप अदालतबाट कसूर ठहर भएका पीडकहरूलाई दण्डसजाय र पीडितलाई मनासिब क्षतिपूर्ति दिलाउने फैसला भएको पाइन्छ ।<br><br>युकेएडको सहयोगमा सहज परियोजना मार्फत परम्परागत हानिकारक अभ्यासहरूका बारेमा सचेतनामूलक कार्यक्रमहरू सन् २०१९ देखि समुदायस्तरमा सञ्चालनमा रहेको छ । कानूनी सहायताका लागि बालविवाह, बहुविवाहका केही मुद्दाहरू महिला, कानून र विकास मञ्चमा दायर भएको भए तापनि महिनाबारी बार्ने, दाइजोका मुद्दा आएको अवस्था छैन ।<br><br>पारिवारिक तथा सामाजिक डरत्रास, धम्कीका कारण पीडितहरू खुलेर उजुरी गर्न चाहँदैनन् । साथै, परम्परागत अभ्यासहरूलाई समाजले हालसम्म स्वीकारेको अवस्थाले यसका विरुद्ध थोरै उजुरीहरू दायर हुने गरेको अवस्था छ । सरकारी तथा गैरसरकारीस्तरबाट भएका प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | हुन सकेका छैनन् । जनस्तरमा रहेको परम्परागत रुढीवादी सोचमा परिवर्तन नआउँदासम्म कानूनी कारवाहीले मात्र अपेक्षित परिणाम प्राप्त हुनसक्ने देखिँदैन । | |
| | ५.३ हानिकारक अभ्याससहरूसम्बन्धी कानूनी व्यवस्था र त्यस्ता अभ्यासले महिला र बालिकाहरूमाथि पार्ने दुष्प्रभावका सम्बन्धमा प्रहरी, न्यायपालिका, गाउँमा रहेका स्वास्थ्य सञ्जाल, धार्मिक समुदायका नेताहरू समेतका सरोकारवालाहरू माझ जनचेतना अभिवृद्धि गर्नका निमित्त ठोस लक्ष्य र स्रोतहरूको व्यवस्था समेत गरी नागरिक समाज र स्थानीय सरकार समेतसँगको | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कुरीति विरुद्धको पाँच वर्षीय रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरेको छ र स्वीकृतिका लागि कार्य भइरहेको छ । सो कार्ययोजनामा कुरीति अन्त्यका लागि सबै निकायहरूलाई जिम्मेवार बनाइएको छ । हालै तयार भएको लैङ्गिक हिंसासम्बन्धी वार्षिक कार्ययोजनामा पनि परम्परागत हानिकारक अभ्यासहरूका सन्दर्भमा कार्ययोजना बनेको छ । साथै, मर्यादित महिनावारी प्रवर्द्धनसम्बन्धी निर्देशिका, २०७७ को मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ ।<br><br>यस मन्त्रालयले कुरीति विरुद्ध साझा अभियान सञ्चालन गरेको छ । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | सहकार्यमा विस्तृत रणनीति विकास गर्ने कार्य तत्काल गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद १९(ख)) | | |
| | ५.४ विवाहयोग्य हुने उमेर २० वर्ष तोकी मुलुकी अपराध संहिताको व्यवस्था अनुकूल हुने गरी मुलुकी देवानी संहिताका सम्बन्धित दफाहरूमा परिमार्जन गर्न तयार भएको विधेयकलाई पारित गर्न प्राथमिकताका साथ कार्य गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद १९(ग)) | बीस वर्ष नपुगी भएको विवाह स्वतः बदर हुने मुलुकी अपराध संहिता, २०७४ को व्यवस्था अनुकूल हुने गरी मुलुकी देवानी संहिता, २०७४ को संशोधन भएको छ ।<br><br>मुलुकी देवानी संहिता, २०७४ को तत्कालीन दफा ७३(१)(क) को व्यवस्था अनुरूप २० वर्ष उमेर पूरा नभई भएको विवाह, विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्ने प्रावधान रहेको थियो । तर मुलुकी अपराध संहिता, २०७४ को दफा १७३(२) मा २० वर्ष उमेर पूरा नभई भएको बालविवाहलाई स्वतः बदर हुने व्यवस्था रहेको छ । यी दुई संहिताहरूमा बालविवाहका बारेमा भएका यी फरक व्यवस्थाहरूबाट विरोधाभास उत्पन्न भई एकरूपता कायम गर्न आवश्यक भएकोले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा मुलुकी देवानी संहिता, २०७४ को दफा ७३(१)(क) झिकिएको छ भने दफा ७२(१)(घ) थप गरी बालविवाहलाई स्वतः बदर हुने व्यवस्था गरिएको छ । | पूर्ण कार्यान्वयन |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ५.५ अन्तरलिङ्गी बालबालिकालाई कानून बमोजिम सहमति व्यक्त गर्न समर्थ हुने उमेर नपुग्दै अनावश्यक रूपमा शल्यक्रिया गर्ने वा अन्य मेडिकल जाँच गर्ने कार्यलाई स्पष्ट रूपमा प्रतिबन्ध लगाउने गरी कानून निर्माण गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १९(घ)) | अन्तरलिङ्गी बालबालिकालाई कानून बमोजिम सहमति व्यक्त गर्न समर्थ हुने उमेर नपुग्दै अनावश्यक रूपमा शल्यक्रिया गर्ने वा अन्य मेडिकल जाँच गर्ने कार्यलाई स्पष्ट रूपमा प्रतिबन्ध लगाउने गरी हालसम्म कानून निर्माण भएको छैन । बालबालिका सम्बन्धी ऐन, २०७५ मा पनि यस सम्बन्धी कुनै व्यवस्था भएको छैन । लिङ्गको आधारमा कुनै पनि बालबालिकालाई भेदभाव नगरिने भन्ने सम्मको व्यवस्था यस ऐनमा रहेको छ ।[43]<br><br>यद्यपि स्वास्थ्य मन्त्रालयले यस विषयमा विधेयकको मस्यौदा तयार गरिरहेको जानकारी प्राप्त भएको छ । | कार्यान्वयनको क्रममा रहेको |
| | ५.६ अन्तरलिङ्गी व्यक्तिहरूको अधिकारका बारेमा स्वास्थ्यकर्मी र मनोचिकित्सकहरूलाई समेत तालिम दिने। (निष्कर्ष टिप्पणी, परिच्छेद १९(घ)) | अन्तरलिङ्गी व्यक्तिहरू विरुद्ध स्वास्थ्यकर्मी लगायतका व्यक्तिहरूबाट समेत भेदभाव हुने गरेको भन्ने गुनासाहरू रहेको पाइन्छ । यस सन्दर्भमा सिड समितिले अन्तरलिङ्गी व्यक्तिहरूको अधिकारका बारेमा स्वास्थ्यकर्मी र मनोचिकित्सकहरूलाई समेत तालिम दिन नेपाल सरकारलाई सिफारिस गरेको भए तापनि सङ्घीय, प्रदेश र स्थानीय सरकारले अन्तरलिङ्गी व्यक्तिहरूको अधिकारका बारेमा स्वास्थ्यकर्मी, मनोचिकित्सक लगायतका व्यक्तिहरूलाई तालिम दिने कुनै कार्यक्रम सञ्चालन गरेको | कार्यान्वयन नभएको |

[43]बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५(१)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | पाइएन। | |
| | ५.७ हानिकारक अभ्यासबाट पीडित भएका व्यक्तिहरूलाई बदलाको भावनाको डर वा सामाजिक लाञ्छना विना नै उजुरी गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १९(ङ)) | सबै किसिमका हिंसा पीडितहरूलाई संरक्षण दिने व्यवस्थासहित पीडित संरक्षण ऐन, २०७५ जारी भएको छ । तर यसको नियमावली हालसम्म बन्न नसक्दा ऐन कार्यान्वयनमा समस्या देखिएको छ । मुलुकी अपराध संहितामा समेत पीडित र साक्षी संरक्षणको व्यवस्था रहेको छ । यी कानूनहरूको प्रभावकारी कार्यान्वयन भएमा हानिकारक अभ्यासबाट पीडित भएका महिलाहरूलाई समेत पीडक र समाजको डर विना नै उजुरी गर्नसक्ने वातावरण सिर्जना हुनसक्ने देखिन्छ ।<br><br>परम्परागत हानिकारक अभ्यास लगायत हिंसाबाट पीडित महिला, लैङ्गिक अल्पसंख्यकहरूले विना डर उजुरी गर्न र साक्षीको संरक्षण समेत गर्नका लागि नेपाल प्रहरीबाट देहाय बमोजिमका प्रयासहरू भएका छन् :<br><br>■ प्रहरीमा लैङ्गिकमैत्री वातावरण विकास गर्न तथा पीडितमुखी सेवा प्रदान गर्न जिल्ला र इलाकास्तरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना गरिएको छ । हाल नेपालभरि २३३ स्थानमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा १,३३१ महिला प्रहरीहरूको दरबन्दी कायम भई सेवा प्रवाह भइरहेको छ। ४० वटा जिल्लाहरूमा सेवा केन्द्रको छुट्टै भवन निर्माण भईप्रभावकारी रूपमा सेवा प्रदान भइरहेको छ। पीडित महिला र बालबालिकाले आफ्ना गुनासोहरू सहज रूपमा राख्न सकून् भन्ने उद्देश्यले ती सेवा केन्द्रहरूमा महिला प्रहरी कर्मचारीहरू खटिएका छन् । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | ■ सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा अनुसन्धानमुखी सेवा प्रवाहका लागि विभिन्न तालिम तथा अनुशिक्षणहरू प्रदान गरिएको छ ।<br>■ लैङ्गिक संवेदनशीलता तथा मानवअधिकारको विषयमा समेत प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण दिइएको छ । | |
| | ५.८ हानिकारक अभ्यासबाट पीडित भएका व्यक्तिहरूलाई कानूनी, सामाजिक, उपचारात्मक र मनोवैज्ञानिक परामर्श सहितको सहयोग र आवासको व्यवस्था समेतमा पहुँच हुने व्यवस्था मिलाउने। (निष्कर्ष टिप्पणी, परिच्छेद १९(ङ)) | राष्ट्रिय महिला आयोगले परम्परागत हानिकारक अभ्यासबाट पीडित भएका एवं अन्य हिंसामा परेका महिला र बालिकाहरूलाई कानूनी, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार र आवासको सेवा उपलब्ध गराउन "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सञ्चालन गरी नेपालभरिबाट हिंसा पीडितहरूको उजुरी प्राप्त गर्ने गरेको छ । आयोगको सम्पर्कमा आउने पीडितहरूलाई कानूनी परामर्श दिने र थप कानूनी सहायता, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार र आवासको सेवाका लागि पीडितहरूलाई ल्याक, टिपिओ, साथी, नेपाल बार एसोसियसन, सिविन, मानवसेवा आश्रम लगायतका संस्थाहरूमा सिफारिस गरी सेवा प्रदान गर्ने गरिएको छ । विश्व बैंकको सहयोगमा विगत तीन वर्षदेखि आयोगले यो कार्यक्रम सञ्चालन गरिरहेकोमा परियोजनाको समाप्तिपछि पनि नेपाल सरकारको बजेट मार्फत यस कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको छ ।<br><br>परम्परागत हानिकारक अभ्यास र अन्य हिंसामा परेका महिला र बालिकाहरूलाई कानूनी, स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श सेवा प्रदान गर्न एकद्वार सेवा संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center -OCMC) हाल ७१ वटा | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | जिल्ला अस्पतालहरूमा स्थापना गरी सञ्चालनमा रहेका छन् र चालु आ.व. मा ७७ वटा जिल्लाको ८० वटा अस्पतालमा विस्तार गर्ने सरकारको योजना छ ।[44] यद्यपि यस्ता कतिपय केन्द्रहरूबाट प्रभावकारी सेवा उपलब्ध हुन नसकेको पीडितहरूको गुनासो पनि सुनिन्छ ।<br><br>ल्याक, टिपिओ, साथी, महिला, कानून र विकास मञ्च, ओरेक, रक्षा नेपाल लगायत थुप्रै गैरसरकारी संस्थाहरूले समेत पीडित महिला तथा बालिकाहरूलाई कानूनी सहायता, मनोसामाजिक विमर्श सेवा, उपचार र आपत्कालीन आवास प्रदान गरिरहेका छन् ।<br><br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हिंसा पीडित महिला र बालिकाहरूका लागि दीर्घकालीन आवास सञ्चालन गर्न पाँचवटा प्रदेशमाअनुदान उपलब्ध गराएको छ ।[45]बागमती प्रदेशमा मङ्गला-सहाना दीर्घकालीन आवास सञ्चालनमा रहेको छ । | |

[44]स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि, लैंगिक हिंसा प्रभावितहरुका लागि मनोसामाजिक विमर्शसम्बन्धी वेभिनार, मिति २०७७०८।२४

[45]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ १५

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ५.९ आदिवासी समुदायहरू र अस्थायी शिविरहरूमा रहेका समुदायहरू लगायतका महिला विरुद्धमा हुने लैङ्गिकतामा आधारित हिंसाबाट खास रूपमा प्रभावित समुदायहरूको निमित्त लक्षित सचेतना बढाउने कार्यक्रमहरू सञ्चालन गर्ने र तिनीहरूबाट लैङ्गिक हिंसा निवारण कोषमा पहुँच उपलब्ध गराउने विशेष व्यवस्था गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २१(क)) | लैङ्गिक हिंसा नियन्त्रणका लागि समुदायस्तरमा गठित लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिका ११०२ जना (२८२ पुरुष, ८२० महिला) सदस्यहरूलाई नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयले लैङ्गिकतामा आधारित हिंसा र सञ्चार सीपविषयक अनुशिक्षण तालिम प्रदान गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा छाउपडी उन्मूलन सम्बन्धी साझा अभियान (संघ, प्रदेश र स्थानीय तह) बीच सुदूरपश्चिम प्रदेशमा सञ्चालन भएको छ । यस अभियान अन्तर्गत छाउपडी विरुद्ध सचेतना अभिवृद्धि गर्ने कार्यक्रम समेत रहेको छ । थुप्रै गैरसरकारी संस्थाहरूले पनि लिङ्गमा आधारित हिंसाबाट खास रूपमा प्रभावित समुदायहरूका निमित्त लक्षित सचेतना बढाउने कार्यक्रमहरू सञ्चालन गरेका छन् ।<br><br>लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को दोस्रो संशोधन भइमहिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा निवारण कोषको सञ्चालनका लागि सातवटै प्रदेशमा रु. ५०,००० का दरले जम्मा रु. ३,५०,००० सशर्त अनुदान प्रदान गरेको छ भने ७५३ वटा स्थानीय तहमा रु.१०,००० का दरले रु. ७५,३०,००० सशर्त अनुदान प्रदान गरेको छ । आ.व. २०७५/७६ मा यस कोषमा रु. ७५ लाख विनियोजन भई रू. ६,१६,१७,३०० मौज्दात रहेको छ । यो कोषको रकम लैङ्गिक हिंसामा परेका महिलाहरूको उद्धार, उपचार, परामर्श, कानूनी उपचार तथा पुनःस्थापना कार्यमा खर्च | कार्यान्वयनको क्रममा रहेको |

<table>
<tr><th>सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू</th><th>सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव</th><th>निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था</th><th>कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको)</th></tr>
<tr><td></td><td></td><td>गर्ने गरिएको छ ।[46] केही स्थानीय तहहरू (जस्तो : सुर्खेत, इलाम) मा लैङ्गिक हिंसा निवारण कोषमा आफैंले छुट्टै रकम राखेर समेत कोषको सञ्चालन भएको छ ।</td><td></td></tr>
<tr><td></td><td>५.१० प्रहरी सेवामा आदिवासी महिलाहरूको प्रवेशलाई प्रोत्साहन गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद २१(क))</td><td>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार नेपाल प्रहरीमा हाल कार्यरत जम्मा ६७,१६९ प्रहरीहरूमध्ये महिला प्रहरी ६,८६३ जना (१०.२१ प्रतिशत) छन् । (थप विवरणका लागि तालिका ५ हेर्नुहोस्)<br><br>प्रहरी सेवामा आदिवासी महिलाहरूको संख्या प्राप्त हुन नसके पनि यो प्रतिशत न्यून रहेको पाइन्छ । प्रहरी सेवामा महिलाहरूको प्रवेशलाई प्रोत्साहन गर्न आरक्षणको व्यवस्था रहेको भए तापनि आदिवासी महिलाका लागि कोटा छुट्याइएको अवस्था छैन ।<br><br>तालिका ५: नेपाल प्रहरीमा हाल कार्यरत प्रहरी कर्मचारीको संख्या<br><table><tr><th>क्र.सं.</th><th>लिङ्ग</th><th>जम्मा</th></tr><tr><td>१</td><td>महिला</td><td>६,८६३</td></tr><tr><td>२</td><td>पुरुष</td><td>६०,३०६</td></tr><tr><td colspan="2">जम्मा कार्यरत</td><td>६७,१६९</td></tr><tr><td colspan="2">दरबन्दी संख्या</td><td>७९,५४३</td></tr></table></td><td>कार्यान्वयन नभएको</td></tr>
<tr><td></td><td>५.११ लैङ्गिक</td><td>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला</td><td>कार्यान्वयनको क्रममा रहेको</td></tr>
</table>

[46]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७५/७६)**, काठमाडौं, २०७६, पृष्ठ २२

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | सशक्तीकरण र लिङ्गमा आधारित हिंसासम्बन्धी रणनीति र कार्ययोजना पारित गर्ने र यसको कार्यान्वयनको निमित्त लिङ्गमा आधारित हिंसा अन्त्य गर्ने कोष लगायत पर्याप्त स्रोतहरू विनियोजन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २१(ख)) | विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि ( CEDAW) र बेइजिङ्ग कार्यमञ्चको घोषणा (BPFA) कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना, २०७७ को मस्यौदा तयार गरेको छ । यस मस्यौदा कार्ययोजना पारित भएपछि यसको कार्यान्वयनका लागि सिड समितिले दिएको सुझाव बमोजिम पर्याप्त स्रोतहरू विनियोजन गर्न आवश्यक देखिन्छ । | |
| | ५.१२ अपराध संहितालाई संशोधन गरी यौनजन्य हिंसा, जबर्जस्ती करणी र बलजफ्ती गर्भपतनलाई यातनाकै रूपमा परिभाषित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २१(ग)) | यौनजन्य हिंसा, जबर्जस्ती करणी र बलजफ्ती गर्भपतनलाई यातनाकै रूपमा परिभाषित गर्ने र रोम विधान अनुकूलको व्यवस्था गर्ने गरी मुलुकी अपराध संहिता, २०७४ को संशोधन भएको छैन । गै.स.सं. ले यसबारे सरकारसँग पैरवी गरेको भए तापनि कानूनमा परिमार्जन भएको अवस्था छैन । सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको संशोधन विधेयकको मस्यौदामा समेत जबर्जस्ती करणी लगायतका यौनजन्य हिंसालाई यातनाको रूपमा परिभाषित गरिएको छैन । कानूनमा जबर्जस्ती करणी लगायतका यौनजन्य हिंसा र यातनाका विषयमा फरक फरक व्यवस्था रहेको छ । | कार्यान्वयन नभएको |
| | ५.१३ सशस्त्र द्वन्द्वको समयमा भएका | जुन २०१८ मा सरकारबाट सरोकारवाला निकायहरूसँग छलफलका लागि सार्वजनिक गरिएको सत्य निरूपण तथा | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | यौनजन्य हिंसाका मुद्दामा हदम्यादको व्यवस्था हटाउने र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको संशोधनलाई पक्ष राष्ट्रको अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व तथा सर्वोच्च अदालतको फैसला बमोजिम परिमार्जन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २३(क)) | मेलमिलाप आयोग ऐन, २०७१ को संशोधन विधेयकको मस्यौदामा सशस्त्र द्वन्द्वको समयमा भएका यौनजन्य हिंसाका मुद्दामा हदम्यादको व्यवस्था हटाउने गरी व्यवस्था भएको छ। दुई आयोगहरूको म्याद सकिन लाग्दा यो मस्यौदा विधेयक सार्वजनिक गरी नागरिक समाजसँग पनि छलफल गरिएकोमा सो विधेयक संसदमा भने हालसम्म दर्ता हुन सकेको अवस्था छैन ।<br><br>सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व तथा सर्वोच्च अदालतको मिति २०७१।११।१४ को फैसला बमोजिम परिमार्जन गर्ने उद्देश्यले यसको संशोधन विधेयकको मस्यौदामा थुप्रै सकारात्मक व्यवस्थाहरूका साथै केही थप परिमार्जन गर्नुपर्ने व्यवस्थाहरू रहेका छन् जसका बारेमा संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्च आयुक्तको कार्यालय (ओएचसीएचआर), पीडितहरूको संगठन र नागरिक समाजबाट सरकारलाई सुझाव समेत प्रस्तुत भएको छ । | |
| | ५.१४ दुवै आयोगको सञ्चालनका लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू उपलब्ध गराउने। (निष्कर्ष टिप्पणी, परिच्छेद २३(ख)) | वि.सं. २०७१ मा गठन भएको सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पार्ने व्यक्तिहरूको छानबिन आयोगमा पहिलो चरणमा नियुक्त भएका पदाधिकारीहरूको पदावधि समाप्तिपछि मिति २०७६।१०।०६ मा सरकारले नयाँ पदाधिकारीहरूको नियुक्ति गरेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोगमा पाँच जना सदस्यहरूमध्ये दुई जना महिला नियुक्त गरिएको छ भने बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा पाँच जना सदस्यहरूमध्ये एकजना महिला | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | सदस्य रहने गरी नियुक्ति भएको छ।[47]<br><br>यी आयोगहरूको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक पर्ने विज्ञ वा विशेषज्ञहरू (अपराध अनुसन्धान विज्ञ, विधि विज्ञान विशेषज्ञ, विशेषज्ञ चिकित्सक, कानून अध्यापक वा कानून व्यवसायी, मनोचिकित्सक, सम्पत्ति मूल्यांकनकर्ता र इन्जिनियर) मा सूचीकृत हुन योग्यता पुगेका इच्छुक व्यक्तिहरूले यी आयोगहरूमा दर्खास्त दिन मिति २०७६।१२।४मा सूचना प्रकाशित भएको छ।[48] यसका लागि विज्ञ तथा विशेषज्ञको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवाका शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७६ जारी भएको छ।<br><br>यी पहलहरू भएको भए तापनि यी दुई आयोगहरूको प्रभावकारी कार्यसम्पादनका लागि मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू अझै पर्याप्त नरहेको अवस्था छ। | |

[47]Human Rights Council, **Nepal National Report submitted in accordance with paragraph 5 of the annex to Human Rights Council resolution 16/21***, 3 November 2020, A/HRC/WG.6/37/NPL/1, pg. 5, para 25

[48]सत्य निरूपण तथा मेलमिलाप आयोगको सूचनाका लागि : http://trc.gov.np र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको सूचनाका लागि :https://ciedp.gov.npहेर्नुहोस्।

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ५.१५ सशस्त्र द्वन्द्वको समयमा पीडित भएका महिला र बालिकाहरूलाई अन्तरिम राहत र पूर्ण तथा प्रभावकारी क्षतिपूर्ति, पुनःस्थापना सहितको न्यायमा पहुँच दिने र भविष्यमा त्यस्ता घटना नदोहोरिने कुराको प्रत्याभूति गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २३(ग)) | दश वर्षे सशस्त्र द्वन्द्वको समयमा धेरै महिला तथा बालिकाहरू गैरन्यायिक हत्या, कुटपीट, बलात्कार, अंगभंग, जबर्जस्ती बेपत्ता लगायत विभिन्न किसिमका हिंसाबाट पीडित भएका छन् । कतिले आफ्ना परिवारका सदस्यलाई गुमाई वा परिवारका सदस्यको बलपूर्वक भएको बेपत्ताबाट हालसम्म पीडा भोगिरहेका छन् । यी पीडित महिला तथा बालिकाहरूमध्ये यौनहिंसा बाहेकका पीडितहरूले तत्कालीन शान्ति समिति मार्फत अन्तरिम राहत प्राप्त गरेको अवस्था छ भने सशस्त्र द्वन्द्वको समयमा यौन हिंसा भएका पीडित महिला तथा बालिकाहरूले हालसम्म अन्तरिम राहत प्राप्त गर्न सकेका छैनन् ।[49] यौन हिंसालाई अन्तरिम राहतको प्याकेजमा समेटिएको छैन ।<br><br>यी द्वन्द्व पीडित महिला तथा बालिकाहरूको पूर्ण तथा प्रभावकारी क्षतिपूर्ति, पुनःस्थापनासहितको न्यायमा पहुँच र भविष्यमा त्यस्ता घटना नदोहोरिने कुराको प्रत्याभूति गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको भूमिका महत्वपूर्ण छ । | कार्यान्वयनको क्रममा रहेको |

[49]Report of UN Special Rapporteur on Violence Against Women on Nepal, 2018

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ५.१६ महिला, शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००) लाई कार्यान्वयन गर्ने दोस्रो राष्ट्रिय कार्ययोजना पारित गर्ने कार्य चाँडो गरी पक्ष राज्यमा दिगो शान्ति कायम गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद २३(घ)) | महिला, शान्ति र सुरक्षासम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००) लाई कार्यान्वयन गर्ने पहिलो राष्ट्रिय कार्ययोजना, २०११-२०१६ को अवधि समाप्त भएपछि यसको दोस्रो राष्ट्रिय कार्ययोजनाको मस्यौदा गृह मन्त्रालयले तयार गरी मन्त्रिपरिषद्मा बुझाएको छ । यस कार्ययोजना तयार गर्ने क्रममा सरकारले सरोकारवाला निकायहरूसँग छलफल पनि चलाएको छ । यद्यपि महिला, शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००) लाई कार्यान्वयन गर्ने दोस्रो राष्ट्रिय कार्ययोजना हालसम्मक्ष परेका द्वन्द्व पीडित महिलाहरूले हालसम्म सरकारबाट कुनै राहत र परिपूरण सहयोग प्राप्त गर्नसकेको अवस्था छैन । | कार्यान्वयनको क्रममा रहेको |
| **धारा ६: बेचबिखन तथा शोषण विरुद्धको अधिकार *(मानव बेचबिखन र यौनकार्य माथिको शोषण)*** | ६.१ वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदारहरूमाथि लागू गरिएको प्रतिबन्ध फुकुवा गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(क)) | चौबीस वर्ष उमेर पूरा नभएका महिलाहरूलाई साउदी अरब, कतार, कुवेत, यु.ए.इ., ओमन, बहराइन, लेवनान र मलेशियामा घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जानबाट वञ्चित गर्नेगरी वैशाख २०७२ मा भएको कार्यकारी निर्णय[50] र संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले खाडी मुलुकले घरेलु कामदारसँग सम्बन्धित ठोस कानून नबनाउँदासम्म र नेपालसँग द्विपक्षीय श्रम सम्झौता नगर्दासम्म खाडी मुलुकमा नेपाली घरेलु | कार्यान्वयनको क्रममा रहेको |

[50]Uddhab Pd. Pyakurel, **Restrictive Labour Migration Policy on Nepalese Women and Consequences**, Sociology and Anthropology, Vol. 6 No. 8, 2018, pg. 51

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | कामदार पठाउने कार्य पूर्णतः बन्द गर्न मन्त्रिपरिषद्लाई मिति २०७३।१२।२० मा दिएको निर्देशन[51] बमोजिम हालसम्म वैदेशिक रोजगारमा यी खाडी मुलुकहरू र मलेशियामा घरेलु कामदारका रूपमा जान इच्छुक महिला कामदारहरू वैधानिक प्रक्रियाबाट जान सक्ने अवस्था छैन ।[52] यसबाट अवैधानिक तरिकाले विदेश जाने र मानव तस्करी र हिंसाको शिकार हुने प्रवृत्ति बढेको छ । यस निर्णयका विरुद्धमा महिला, कानून र विकास मञ्च लगायतका संस्थाहरूले सर्वोच्च अदालतमा रिट दायर गरी लामो समयदेखि विचाराधीन अवस्थामा रहेको छ ।<br><br>खाडी मुलुकहरूसँग दुई पक्षीय सम्झौता गरी घरेलु श्रमिकहरूलाई सुरक्षाको प्रत्याभूति दिई यी प्रतिबन्धित देशहरूमा समेत पठाउने सम्बन्धमा नेपाल सरकारले संवाद जारी राखेको छ । यस सम्बन्धमा संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले ओमान, साउदी अरब र यू.ए.ई. मा स्थलगत अवलोकन भ्रमण गरी सम्बन्धित मुलुकका राजदूतहरूसँग, राष्ट्रिय मानव अधिकार आयोग लगायत सरोकारवाला निकायहरूसँग छलफल र सुझाव संकलन गरेको | |

[51]http://annapurnapost.com/news/68000, मिति २०७३।१२।२०

[52]वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७२ मन्त्रिपरिषद्बाट मिति २०७२।०१।०८ मा स्वीकृत भई लागू रहेको छ । यस निर्देशिकाको दफा ३(३) ले साउदी अरब, कतार, कुवेत, यु.ए.इ, ओमन, वहराइन, लेवनान र मलेशियामा घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर चौबीस वर्ष पूरा भएको हुनुपर्ने भन्ने व्यवस्था गरेको छ जुन हालसम्म संशोधन भएको छैन । यस निर्देशिकामा मिति २०७३।०१।२१ मा भएको दोस्रो संशोधनले दफा ३ उपदफा ४ थप गरी घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने महिला कामदारका बच्चा २ वर्ष भन्दा कम उमेरको भएमा वैदेशिक रोजगारमा जान नपाइने व्यवस्था गरेको छ र यो व्यवस्था समेत हालसम्म परिमार्जन भएको छैन ।

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | छ र खाडी मुलुकको स्थलगत अनुगमन प्रतिवेदन मिति २०७७।६।१३ मा पारित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाएको छ ।[53] | |
| | ६.२ ग्रामीण, विस्थापित, आदिवासी जनजाति र दलित महिला तथा बालिकाहरूमा बेचबिखनका जोखिम र बेचबिखनको आपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(क)) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बेचबिखन विरुद्धमा रेडियो र टिभीबाट सन्देशमूलक कार्यक्रम प्रसारण गर्दै आएको छ । मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अपराध अनुसन्धानका लागि नेपाल प्रहरीमा छुट्टै विशेष एकाइको रूपमा मिति २०७५।०५।२७ गतेको मन्त्रिपरिषद्को निर्णयबाट मानव बेचबिखन अनुसन्धान ब्यूरो स्थापना भई कार्य सञ्चालनमा आएको छ । यस ब्यूरोले लैङ्गिक हिंसा विरुद्धको अभियान अन्तर्गत समुदाय-प्रहरी साझेदारीको अवधारणा अनुसार मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै पर्चापम्प्लेट वितरण गरिएको छ ।[54]<br><br>वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारका क्रममा मानव तस्करी र ठगीमा पर्नसक्ने र सुरक्षित रूपले वैदेशिक रोजगारीमा जानपर्ने बारे सूचना प्रवाह गर्न सबै कुरा राम्ररी बुझेर मात्र विदेश जानुपर्छ भन्ने सन्देश सहितका श्रव्य तथा श्रव्य दृश्य | कार्यान्वयनको क्रममा रहेको |

[53]उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति,https://hr.parliament.gov.np/uploads/attachments/hs3ydwm6l2irrpxi.pdf(accessed on 2021.2.21)

[54]जस्तै : मानव बेचबिखन अनुसन्धान ब्यूरोको तर्फबाट प्रहरी उपरीक्षक गोविन्द थपलिया सहित ३ जनाको टोली नुवाकोट जिल्लाको अति नै दुर्गम पञ्चकन्या गाउँपालिका र रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा सरोकारवाला निकाय, सुरक्षा निकाय, विद्यार्थी, जनप्रतिनिधि तथा सर्वसाधरणहरूसँग खटिई गई त्यहाँ जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | सामग्रीहरू निर्माण गरी रेडियो र टेलिभिजनहरूबाट नियमित प्रसारण गर्ने गरेको छ । नेपाल टेलिभिजन र रेडियो नेपालबाट वैदेशिक रोजगार बोर्डले सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी साप्ताहिक कार्यक्रमहरू विगत दुई वर्षदेखि प्रसारण गर्दै आइरहेको छ । वैदेशिक रोजगार विभागको मोबाइल एपबाट समेत यस्ता जानकारीहरू प्रदान गरिएको छ ।[55] साथै, स्वीस विकास नियोगको सहायतामा श्रम मन्त्रालयले हेल्भेटाससँगको साझेदारीमा सुरक्षित आप्रवासन (सामी) परियोजना सञ्चालन गरी ३९ जिल्लाहरूका १५३ स्थानीय पालिकाहरूमा आप्रवासी स्रोत केन्द्रहरू सञ्चालन गरेको छ । यी आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई सुरक्षित वैदेशिक रोजगारीका बारेमा जानकारी तथा परामर्श समेत दिने गरेको छ ।<br><br>एटविन र यसमा आबद्ध धेरै गैरसरकारी संस्थाहरूले ग्रामीण, विस्थापित, आदिवासी जनजाति र दलित महिला तथा बालिकाहरूमा बेचबिखनका जोखिम र बेचबिखनको आपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । | |

[55]वैदेशिक रोजगार बोर्डको सचिवालय, **वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७५।७६**, काठमाडौं, पृष्ठ १७

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ६.३ बेचबिखनका पीडितहरू समयमा नै पहिचान गर्ने र तिनीहरूलाई सुरक्षा सेवा प्रदान गर्ने सुनिश्चित गर्न आधारभूत कार्यविधि अवलम्बन गर्ने र त्यसका विषयवस्तु न्यायिक तथा कानून कार्यान्वयन गर्ने अधिकारी र सेवा प्रदायकहरूलाई प्रदान गरिने प्रशिक्षणमा पनि समावेश गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(ख)) | बेचबिखनका पीडितहरू समयमा नै पहिचान गर्ने र उनीहरूलाई सुरक्षा सेवा प्रदान गर्ने सुनिश्चितता गर्न आधारभूत कार्यविधिको मस्यौदा युएनओडिसीको सहयोगमा तयार भई सरोकारवाला निकायहरूसँग छलफल समेत भएको छ । तर कार्यविधि पारित भैसकेको छैन । | कार्यान्वयनको क्रममा रहेको |
| | ६.४ पीडित र साक्षीको संरक्षण सम्बन्धी विधेयक शीघ्र पारित गर्ने र नेपाल प्रहरी प्रतिष्ठान तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत | नेपालको संविधानको धारा २१ को व्यवस्था कार्यान्वयन गर्न अपराध पीडित संरक्षण ऐन, २०७५ पारित भई लागू भएको छ । तर यसको नियमावली हालसम्म नबनेकोले ऐनको प्रभावकारी कार्यान्वयनमा समस्या छ । मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा समेत पीडित तथा साक्षीको संरक्षण गर्ने बारेमा व्यवस्थाहरू रहेका छन् । | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | पीडितको संरक्षण सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्डबारे प्रशिक्षण प्रदान गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(ग)) | राष्ट्रिय न्यायिक प्रतिष्ठानले मानव बेचबिखन मुद्दाको अनुसन्धान तथा अभियोजनका उत्तम अभ्याससम्बन्धी तीनवटा प्रशिक्षण कार्यक्रमहरू वि.सं.२०७६ भाद्रमा सञ्चालन गरेको थियो । यी प्रशिक्षण कार्यक्रममा कुल १०१ जना न्याय क्षेत्रका पदाधिकारीहरू (न्यायाधीश, अदालतका कर्मचारी, सरकारी वकील र प्रहरी) सहभागी भएकोमा १६ जना महिला रहेका छन् । (थप विवरणका लागि अनुसूची ४ हेर्नुहोस् ।)<br><br>महिला, कानून र विकास मञ्चले न्याय क्षेत्रका कर्मचारीहरूलाई लक्षित गरी १३ वटा पाँच दिने अन्तर्क्रिया गोष्ठी सञ्चालन गरेको छ जसमा अपराध पीडितहरूको संरक्षण कसरी गर्ने भन्ने बारे पनि नमूना अभ्याससत्र समावेश छ । यसका लागि प्रदेश र स्थानीय तहमा परामर्श गरी तालिम सामग्री पनि बनाइएको छ । अपराध पीडित संरक्षण ऐनको बारेमा इन्फोग्राफिक भिडियो पनि बनाई सामाजिक सञ्जालमार्फत सम्प्रेषण गरेको छ । साथै, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध पीडित केन्द्रित दृष्टिकोण अपनाउनुपर्ने बारे साझा अवधारणापत्र हालै प्रकाशित गरी वितरण गरेको छ ।[56] | |

[56] www.fwld.org

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ६.५ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको संशोधन विधेयकलाई Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children सँग मेल खानेगरी अविलम्ब परिमार्जन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(घ)) | Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children (Palermo Protocol), 2000 ले व्यवस्था गरेका प्रावधानहरू अनुकूल हुनेगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन विधेयकको मस्यौदा २०७७ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार गरेको छ । यस मस्यौदा विधेयकमाथि सरोकारवाला निकायहरूसँग परामर्श तथा छलफल गरी सुझाव लिने कार्य भइरहेको छ । यस विधेयकले मानव बेचबिखनको परिभाषालाई फराकिलो पार्ने व्यवस्था गरेको छ । | कार्यान्वयनको क्रममा रहेको |
| | ६.६ विश्वव्यापी आवधिक पुनरावलोकनका समयमा गरिएका प्रतिबद्धता बमोजिम हुने गरी Protocol to Prevent, Suppress and | नेपालले "मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख" (अंग्रेजीमा, Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children (Palermo Protocol), 2000) लाई मिति २०७७।०३।०२ मा विना शर्त अनुमोदन गरेको छ । सङ्घीय संसदको राष्ट्रिय सभाबाट मिति २०७६।१०।०५ मा र प्रतिनिधि सभाबाट मिति २०७६।११।२९ मा | पूर्ण कार्यान्वयन |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | Punish Trafficking in Persons Especially Women and Children अविलम्ब अनुमोदन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(घ)) | यो पूरक आलेख पारित भएको हो । यसको प्रमाणिक नेपाली तथा अङग्रेजी प्रति राजपत्रमा प्रकाशन गरिएको छ ।[57] | |
| | ६.७ कसूरको गम्भीरता बमोजिम सजाय निर्धारण हुने र बेचबिखनका पीडितहरू आपराधिक दायित्वबाट मुक्त हुने कुराको सुनिश्चितता गरी महिला तथा बालबालिकाको बेचबिखन, भ्रष्टाचार र राज्यका अधिकारीहरूको मिलेमतो सम्बन्धी | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनले वैदेशिक रोजगारीका नाममा भएको मानव बेचबिखनका विषयलाई हालसम्म समेट्न सकेको छैन । यसकारण वैदेशिक रोजगारीका क्रममा मानव तस्करी, हिंसा र ठगीको शिकार भएका पीडित महिलाहरूले नेपाल फर्किएपछि वैदेशिक रोजगार ऐन अन्तर्गत मुद्दा दायर गनुपर्ने बाध्यता रहेकोले वैदेशिक रोजगारीका क्रममा भएको मानवतस्करी जस्तो जघन्य अपराधमा समेत पीडकलाई वैदेशिक रोजगार ऐन अन्तर्गत कम सजाय हुने गरेको अवस्था छ । अन्य प्रकृतिका मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा अदालतले कसूरको गम्भीरता बमोजिम सजाय निर्धारण गर्ने गरेको देखिन्छ ।<br>मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरहरूको अनुसन्धानका लागि नेपाल प्रहरीमा मानव बेचबिखन अनुसन्धान | कार्यान्वयनको क्रममा रहेको |

[57]**नेपाल राजपत्र**, भाग ६ खण्ड ७० संख्या ४, मिति २०७७।०१।२९,http://rajpatra.dop.gov.np/welcome/book/?ref=24040

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | मुद्दाहरूको अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय निर्धारण गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(ङ)) | व्यूरो स्थापना भई उक्त ब्यूरोबाट उजुरी दर्ताका लागि निम्नलिखित कार्यहरू भएका छन् :<br>१. जाहेरी लेख्ने काम ।<br>२. कानूनी परामर्श दिने ।<br>३ विदेशबाट फर्की आएकाहरूलाई विभिन्न आश्रयस्थलमा राख्ने तथा आवश्यक परामर्श दिने ।<br>४. भारतमा बेचिएका तथा अलपत्र परेकाहरूलाई उद्धार गर्ने ।<br>५. व्यूरोले सामाजिक सञ्जालबाट सम्पर्क गरी विदेशमा अलपत्र परेकाहरूको उद्धार कार्य समेत गर्ने गरेको छ ।<br>गैरसरकारी संस्थाहरुका अनुसार यस्ता मुद्दाको उजुरी दायरीमा समस्या छ र पीडितमैत्री अनुसन्धान अभियोजन व्यवस्था गनुपर्ने देखिन्छ । | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ६.८ बेचबिखनबाट पीडित महिला र बालिकाहरूलाई कानूनी परामर्श, स्वास्थ्य उपचार, मनोवैज्ञानिक सहयोग, पुनःस्थापना र क्षतिपूर्तिमा पहुँच लगायत निजहरूलाई पर्याप्त सुरक्षा र उपचार प्रदान गरिने सुनिश्चितता गर्न पुनःस्थापना केन्द्रहरूमा पर्याप्त स्रोतहरूको व्यवस्था गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद २५(च)) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत मानव बेचबिखन नियन्त्रण सम्बन्धी राष्ट्रिय समिति गठन भएको छ । यस मन्त्रालयले पीडित महिला तथा बालबालिकाहरूको उद्धार र स्वदेश फर्काउने कार्यहरू परराष्ट्र मन्त्रालय वा नेपाली नियोग र नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्यूरोसँगको सहकार्यमा गर्ने गरेको छ भने पुनःस्थापना केन्द्रको सञ्चालन र व्यवस्थापन, पीडितलाई मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी परामर्श तथा पीडितको सामाजिक पुनःस्थापना लगायतका कार्यहरू विभिन्न संघसंस्थाहरूसँगको समन्वय र सहकार्यमा गरिरहेको छ ।[58] मानव बेचबिखन पीडितहरूलाई स्वास्थ्य उपचार, मनोवैज्ञानिक सहयोग, कानूनी परामर्श, सीपमूलक तालिम, पुनःस्थापना लगायतको सहयोग गर्न नेपाल सरकारले मानव बेचबिखन पीडित पुनःस्थापना कोषको गठन गरेको छ जसमा आ.व.२०७५।७६ मा रु. १,००,००,०००।- (रु. एक करोड) विनियोजन भई हाल रू.२,६६,००,३८७।- मौज्दात रहेको छ । गै.स.सं.हरूले सञ्चालन गरिरहेका पुनःस्थापना केन्द्रमा पर्याप्त स्रोतहरूको भने अभाव रहेको देखिन्छ र सरकारको आर्थिक सहयोग अपुग देखिन्छ । ऐन संशोधन भई नसकेकोले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यहरूलाई सङ्घीय संरचना अनुरूप व्यापक बनाउन नसकेको र | कार्यान्वयनको क्रममा रहेको |

[58]गोमादेवी ढकाल पौडेल, मानव बेचबिखन नियन्त्रणमा मन्त्रालयको कार्यक्रम तथा आगामी योजना, **ओसारपसार**, अंक १९, एटविन, असोज २०७७, पृष्ठ १६

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | प्रदेश र स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण समिति र कोष खडा गर्न सकिएको अवस्था छैन ।[59]<br><br>वैदेशिक रोजगारीका क्रममा मानव तस्करी वा शारीरिक तथा मानसिक यातनाको कारण पीडित भएका वा मानसिक सन्तुलन बिग्री स्वदेश फिर्ता भएका महिला कामदारहरू समेतलाई निजले चाहेमा बढीमा तीन महिनासम्म सुरक्षित गृहमा राखी उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने गरी अल्पकालीन आवास गृह सञ्चालन गर्ने कार्यक्रमको प्रारम्भिक तयारी भएको छ ।[60] यस सम्बन्धमा वैदेशिक रोजगार बोर्डले निर्देशिकाको मस्यौदा समेत तयार गरी छलफलको क्रममा रहेको छ । हालसम्म वैदेशिक रोजगारीका क्रममा मानव तस्करी वा शारीरिक तथा मानसिक यातनाको कारण पीडित भई उद्धार भएर स्वदेश फर्किएका महिला कामदारहरूलाई वैदेशिक रोजगार बोर्डले विभिन्न गै.स.सं.हरू (जस्तै : एम्कास नेपाल, पौरखी, प्रवासी नेपाली समन्वय समिति, माइती नेपाल, एबीसी नेपाल, ओरेक) मा पुनःस्थापनाका लागि पठाउने गरेको छ । साथै, वैदेशिक रोजगारीका क्रममा हिंसामा परेका वा समस्यामा परेका महिला कामदारहरूलाई विदेशस्थित नियोगहरू मार्फत सुरक्षित गृहको सेवा प्रदान गर्ने गरेको छ ।[61] यसको स्तरोन्नति र | |

[59]गोमादेवी ढकाल पौडेल, मानव बेचबिखन नियन्त्रणमा मन्त्रालयको कार्यक्रम तथा आगामी योजना, **ओसारपसार**, अंक १९, एटविन, असोज २०७७, पृष्ठ १६

[60]वैदेशिक रोजगार बोर्डको सचिवालय, **वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७५।७६**, काठमाडौं, पृष्ठ १५

[61]वैदेशिक रोजगार बोर्डको सचिवालय, **प्रवास डायरी**, काठमाडौं, २०७६, पृष्ठ ४६

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | स्थानीय कर्मचारी परिचालनका लागि वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता उपलब्ध गराइएको छ ।[62]<br>मानव बेचबिखनबाट पीडित बालबालिकाहरूको उद्धार तथा पुन:स्थापनाका लागि नेपाल प्रहरीले विभिन्न सरोकारवाला निकाय संघ संस्थाहरूसँग सहकार्य एवं समन्वयात्मक भूमिका निर्वाह गर्दै आइरहेको छ । | |
| | ६.९ यौनकार्यमा संलग्न रहेका महिलाहरूको अनुगमन र उनीहरूको शोषणबाट कानूनी सुरक्षा सुनिश्चित गर्ने एक बृहत् नीति, कानूनी र नियमनकारी संरचना निर्माण गर्ने र त्यस्तो कार्यमा संलग्न भएकै कारणले उनीहरूलाई अभियोजन नगरिने | नेपालको कानूनले यौनकार्यलाई स्वतन्त्र पेशाका रूपमा वैधानिकता प्रदान गरेको छैन । यौनकार्यमा संलग्न रहेका महिलाहरूको दुर्व्यवहार र शोषण हुने गरेका केही घटनाहरू सार्वजनिक हुने गरेको भए तापनि यौनकार्यमा संलग्न रहेका महिलाहरूको शोषणबाट सुरक्षाका बारेमा हालसम्म स्पष्ट नीति वा कानून बनेको छैन र यस सन्दर्भमा कुनै अनुगमन संयन्त्र निर्माण भएको छैन । | कार्यान्वयन नभएको |

[62]वैदेशिक रोजगार बोर्डको सचिवालय, **वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७५।७६**, काठमाडौं, पृष्ठ १८

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | सुनिश्चितता गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २७(क)) | | |
| | ६.१० यौनकार्यमा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने र धम्क्याउने कानून कार्यान्वयन गर्ने अधिकारीहरूका सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने र पीडितहरूलाई लैङ्गिक संवेदनशील ढंगले सुरक्षा र सहयोग प्रदान गरिने कुराको सुनिश्चितता गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २७(ख)) | नेपाल प्रहरी, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार यौनकार्यमा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने बारेमा सञ्चार माध्यममा समाचारहरू यदाकदा प्रकाशित हुने गरेको भए तापनि यस सम्बन्धमा नेपाल प्रहरीमा उजुरी प्राप्त भएको छैन । | कार्यान्वयन नभएको |
| | ६.११ यौनकार्य छोड्न चाहने महिलाहरूको लागि बहिर्गमन कार्यक्रम सुदृढ | नेपाल सरकारले यौनकार्य छोड्न चाहने महिलाहरूका लागि बहिर्गमन कार्यक्रम हालसम्म सञ्चालन गरेको छैन । प्रदेश र स्थानीय तहहरूमा समेत यस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छैनन् । | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | तुल्याउने। (निष्कर्ष टिप्पणी, परिच्छेद २७(ग)) | | |
| धारा ७ : राजनीतिक र सार्वजनिक जीवनमा सहभागिताको अधिकार | ७.१ न्यायपालिका, कानून कार्यान्वयन र कूटनैतिक सेवामा, विशेषगरी निर्णायक तहमा, महिला र पुरुषबीच सारभूत समानता हासिल गर्न, महासन्धिको धारा ४ (१) र समितिको सामान्य सिफारिस नं ५ को मर्म अनुरूप हुने गरी लक्षित उपायहरू अवलम्बन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २९(क)) | वि.सं. २०७२ मा नेपालको संविधान जारी भई संविधान सभाबाट संविधानले मौलिक हकको रूपमा महिलाको हक, समानताको हकको विशेष व्यवस्था गरी सकारात्मक विभेदको उपायबाट राष्ट्रिय जीवनमा महिलाको प्रवेशलाई लैङ्गिक मूलप्रवाहीकरण मार्फत सुनिश्चितता गरेको सन्दर्भमा हाल[63],<br>• राष्ट्रिय सभामा ३७.३ र प्रतिनिधि सभामा ३२.७ प्रतिशत, प्रदेश सभामा ३४.४ र स्थानीय तहमा ४१ प्रतिशत महिलाको राजनीतिक सहभागिता रहेको छ।<br>• १८ वटा स्थानीय सरकारमा महिला मेयरहरू रहेका छन् ।<br>• निजामती सेवामा २४.८ प्रतिशत महिला रहेका छन्।<br>• महिला स्वास्थ्यकर्मीहरू ४६.९३ प्रतिशत रहेका छन् ।<br>• महिला पत्रकार १८ प्रतिशत रहेका छन्।<br>• साना र ठूला उद्यममा महिलाको अनुपात ३७.७ प्रतिशत रहेको छ ।<br>• महिला श्रमशक्तिको सहभागिता २६.३ प्रतिशत रहेको छ।<br>• जमिनमाथिको महिलाको स्वामित्व २६ प्रतिशत रहेको छ।<br>सर्वोच्च अदालतबाट प्राप्त जानकारी अनुसार हाल सबै तहका | कार्यान्वयनको क्रममा रहेका |

[63]महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त जानकारी

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | अदालतहरूमा कुल ३९८ न्यायाधीश संख्या रहेकोमा २६ जना (६.५३ %) महिला न्यायाधीशहरू नियुक्त भएका छन् । यसमध्ये सर्वोच्च अदालतमा ३ जना, उच्च अदालतमा १५ जना र जिल्ला अदालतमा ८ जना महिला न्यायाधीशहरू रहेका छन् । यस्तै न्याय सेवा अन्तर्गत राजपत्रांकित (रा.प.) प्रथम श्रेणीमा २३ जना कर्मचारीहरूमध्ये २ जना महिलाहरू, रा.प. दोस्रो श्रेणीमा १८० जनामध्ये १५ जना महिलाहरू, रा.प. तृतीय श्रेणीमा ६२७ जना मध्ये १३९ जना महिलाहरू, सहायकस्तरमा २४१२ जना मध्ये ४४९ जना महिलाहरू र श्रेणीविहीन तहमा ६३१ जना मध्ये १२८ जना महिला कर्मचारीहरू नियुक्त भई कार्यरत छन् । यसरी हाल कुल ४,२७१ न्याय सेवामा कार्यरत न्यायाधीशहरू र कर्मचारीहरूको संख्या रहेकोमा यसमध्ये ७५९ जना (१७.७७ %) को महिला सहभागिता रहेको छ ।[64]<br><br>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार नेपाल प्रहरीमा हाल जम्मा ६७,१६९ जना प्रहरी जनशक्ति रहेकोमा ६,८६३ जना महिला प्रहरी कर्मचारीहरू कार्यरत छन् । २.२४ प्रतिशत मात्र महिला वरिष्ठ प्रहरी अधिकृत रहेकोमा संगठनको नीति निर्माण र निर्णायक तहमा एकदमै न्यून उपस्थिति रहेको छ । यद्यपि प्रहरी संगठनमा महिला सहभागिता अभिवृद्धिका लागि भर्ना छनौट प्रक्रियामा महिलालाई केही प्राथमिकता दिइएको छ । २० प्रतिशत | |

[64]सूचनाको स्रोतः अनुसन्धान तथा योजना शाखा, सर्वोच्च अदालत, मिति २०७७/०९/०१

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | महिला कोटा, शारीरिक तन्दुरुस्ती (उचाइ, महिलालाई ५ फिट, पुरुषलाई ५ फिट २ इन्च), बाधापार र दौडको समय सीमा आदि सुविधाहरू दिइएको छ । भर्ना छनौटको समयमा विशेष गरी तराईका जिल्लाहरूबाट महिलालाई भर्नाको लागि प्रोत्साहन गर्ने, आदिवासी जनजाति, दलित महिलाहरूलाई प्रोत्साहन गर्ने कार्यहरू भएका छन् । | |
| | ७.२ निर्वाचनमा आरक्षण गरिएका स्थानको कार्यान्वयन तथा स्थानीय, जिल्ला र सङ्घीय तहमा राज्यका निकायहरूको संगठन संरचनाको अनुगमन र कार्यान्वयन गर्ने र यो नियमको परिपालना नगर्ने राजनीतिक दलहरूलाई दण्ड दिने सम्बन्धी उपायमा विचार गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २९( | निर्वाचनमा आरक्षण गरिएका स्थानको कार्यान्वयन तथा स्थानीय, जिल्ला र सङ्घीय तहमा राज्यका निकायहरूको संगठन संरचनाको अनुगमन गर्ने कार्य सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट भइरहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार महिलाको राज्यका विभिन्न निकायहरूमा संख्यात्मक उपस्थिति भए तापनि गुणात्मक उपस्थिति भने हुन सकेको छैन ।<br><br>सबै राजनीतिक दल निर्वाचन आयोगमा दर्ता गर्दा र महाधिवेशनहरूबाट केन्द्रीय समिति र सबै तहका समितिहरूमा ३३% महिला सहभागिता नभएकोमा कम्तीमा एक तिहाइ महिला सदस्य कायम गर्न अनिवार्य गर्ने गरी सर्वोच्च अदालतबाट मिति २०७७/१२/१ मा आदेश जारी भएको छ ।[65] निर्वाचन आयोगलाई कानूनमा तोकिएको व्यवस्था बमोजिम कम्तीमा एक | कार्यान्वयनको क्रममा रहेको |

[65]सेतोपाटी, **राजनीतिक दलका कमिटीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सर्वोच्च अदालतको आदेश**, मिति २०७७/१२/२,www.setopati.com/politic/161932

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ख)) | तिहाइ महिला महाधिवेशनबाट नचुनिएमा समितिलाई मान्यता नदिन र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी लगायतले सो प्रतिशत कायम नराखी दल दर्ता गरेको सन्दर्भमा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, अधिवक्ता इन्दु तुलाधर लगायतले वि.सं. २०७५ मा रिट दायर गरेका थिए । नेपालको संविधानको धारा २६९(२) ले कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनुपर्ने अनिवार्य शर्त तोकेको र राजनीतिक दल दर्तासम्बन्धी ऐन, २०७३ को दफा १५(४) मा दलको सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने किटानी व्यवस्था सहित ऐनको दफा १०(४) ले कुनै पनि राजनीतिक दल एकीकरण भएमा समेत एक तिहाइ महिला संख्या हुनैपर्ने शर्तलाई अनिवार्य गरेको सन्दर्भमा सर्वोच्च अदालतले दिएको फैसलाले राजनीतिक दल दर्ता गर्दा कानूनको कार्यान्वयन हुनुपर्ने कुरालाई स्थापित गरेको छ । | |
| | ७.३ निर्वाचित महिलाहरूको लागि लक्षित प्रशिक्षण र सल्लाह सम्बन्धी कार्यक्रम र वर्तमान तथा भविष्यका महिला नेताहरूलाई नेतृत्व र वार्ता कला तथा कुशलता सम्बन्धी | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्वाचित महिलाहरूको नेतृत्व विकास र क्षमता विकासका लागि विगत तीन वर्षदेखि विभिन्न प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।<br><br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा विरुद्धको सरल प्रश्नोत्तर तयार गरी स्थानीय तहमा वितरण गरेको छ ।<br>गैरसरकारी संस्थाहरूबाट पनि यस्ता तालिम र अभिमुखीकरण | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | कार्यक्रम अभिवृद्धि गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २९(ग)) | कार्यक्रमहरू सञ्चालन भएका छन् । | |
| | ७.४ निर्णय प्रक्रियामा दलित र आदिवासी जनजाति महिला लगायतका समाजका सम्पूर्ण समूहका महिलाहरूको पूर्ण र समान सहभागिताको महत्व सम्बन्धमा सार्वजनिक अधिकारीहरू र समाजको सचेतना अभिवृद्धि गर्ने । ( निष्कर्ष टिप्पणी, परिच्छेद २९(घ)) | गैरसरकारी संस्थाहरूबाट यस्ता थुप्रै तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भएका छन् । तर यस बारेमा एकीकृत तथ्यांकको अभाव छ । | कार्यान्वयनको क्रममा रहेको |
| **धारा ९: नागरिकता** | ९.१ विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा गरिएका प्रतिबद्धताहरू बमोजिम नेपाली महिलाहरूले देशभित्र | नेपालको संविधानमा रहेका नागरिकतासम्बन्धी महिला विरुद्ध भएका विभेदकारी व्यवस्थाहरू संशोधन भएको छैन । जस्तै : नेपाली पुरुष सरह नेपाली महिलाले स्वतन्त्र रूपले आफ्ना सन्तानलाई वंशजको आधारमा नागरिकता हस्तान्तरण गर्नसक्ने र आफ्ना विदेशी पतिलाई अङ्गीकृत नागरिकता दिन सक्ने व्यवस्था संविधानमा छैन । यस विषयमा संविधान संशोधनका बारेमा सङ्घीय संसदमा छलफल भएको छैन । तर गैरसरकारी | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | वा बाहिर जहाँ रहेता पनि निजका सन्ततिलाई र निजका विदेशी पतिलाई नेपाली पुरुषको सरहको शर्तमा आफूबाट नागरिकता प्रदान गर्नसक्ने कुराको प्रत्याभूत गर्न महासन्धिको धारा ९ (२) सँग बाझिएका संविधानका सम्पूर्ण विभेदकारी व्यवस्थाहरू संशोधन वा खारेज गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३१(क)) | संस्थाहरूबाट निरन्तर पैरवी भइरहेको छ । नागरिकताको अधिकारका लागि नागरिक समाजको सञ्जालले मिति २०७७०३।१६ मा तयार गरी सम्बन्धित निकायमा ध्यानाकर्षणको लागि बुझाएको मागपत्रमा यस विषयको उठान भएको छ। सिड महासन्धिको धारा ९ मा नेपालले कुनै शर्त नराखी महासन्धि अनुमोदन गरेको सन्दर्भमा वैवाहिक आधारमा समेत महिलाले स्वतन्त्र ढंगले नागरिकता हस्तान्तरण गर्न पाउनुपर्ने संवैधानिक र कानूनी व्यवस्थाका लागि पैरवी र सचेतना अभिवृद्धि गर्न महिला, कानून र विकास मञ्च लगायतका गै.स.सं.हरुले विभिन्न सरोकारवाला निकायहरुसँग अन्तर्क्रिया कार्यक्रमहरू गर्ने र सूचना चित्र (infographics) लगायत विभिन्न माध्यमहरुबाट सचेतना अभिवृद्धि गर्नेगरेको छ। | |
| | ९.२ पति वा पत्नीको परिवारको सहमति र सहयोग र पति कहाँको भन्ने सम्बन्धी र पतिको पहिचान सम्बन्धी कागजातहरूको | संविधानमा रहेको आमाको नामबाट सन्तानलाई नागरिकता दिन सकिने व्यवस्था लगायत अन्य संवैधानिक व्यवस्थाहरूको कार्यान्वयन गर्न नागरिकता ऐन संशोधन गर्ने विधेयक, २०७४ तयार भई प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विस्तृत छलफल पश्चात् पारित भएको छ । तर प्रतिनिधि सभा र राज्य सभाबाट पारित हुन बाँकी छ। पति वा पत्नीको परिवारको सहमति र सहयोग र पति कहाँको भन्ने | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | आवश्यकता हटाई नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक र सम्बन्धित नियमहरूका साथै जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐनको मस्यौदा महासन्धिको मर्म अनुरूप हुने गरी बनाउने (निष्कर्ष टिप्पणी, परिच्छेद ३१(ख)) | सम्बन्धी र पतिको पहिचान सम्बन्धी कागजातहरूको आवश्यकता हटाई नागरिकता दिने बारे नागरिकता सम्बन्धी नियमावलीमा सम्बोधन हुनुपर्ने विषय भएकोले नागरिकता ऐन संशोधन गर्ने विधेयकमा यी कार्यविधिगत कुराहरूका बारेमा उल्लेख भएको छैन र सैद्धान्तिक कुराहरू मात्र यस विधेयकले समेटेको देखिन्छ ।<br><br>जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ खारेज भई सिड महासन्धिको मर्म र व्यवस्था अनुकूल हुने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ पारित भई कार्यान्वयनमा आएको छ । यस ऐनले शिशुको जन्मको सूचना बाबु वा आमाले वा निजहरूको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले गर्नसक्ने[66] र स्वतः बदर हुने बालविवाह, बहुविवाह लगायतको विवाहको परिणामबाट जन्मेको शिशुको समेत जन्मदर्ता हुनसक्ने व्यवस्था गरेको छ ।[67] बालबालिकाको पहिचानसहित नामकरण र जन्मदर्ताको हक सुनिश्चित गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा शिशुको जन्मपछि आमा वा बाबुले शिशुको नाम राखी जन्मदर्ता गराउनुपर्ने[68], जबर्जस्ती करणी वा हाडनाता करणीबाट | |

[66]राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८(१)(क)
[67]राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २१(३)
[68]बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४(२)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनुपर्ने[69] र कुनै पनि औपचारिक कानूनी काम कारबाही वा लिखतमा बाबु पत्ता नलागेका बालबालिकाको हकमा निजको आमा र आमाको बाबु आमाको नाम उल्लेख गर्नसक्ने र आमाको पनि पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्ने[70] गरी कानूनले फराकिलो व्यवस्था गरेको छ । | |
| | ९.३ आमाको नेपाली नागरिकताको आधारमा निजको सन्ततिलाई ागरिकताको प्रमाणपत्र प्रदान गर्ने र नागरिकता सम्बन्धी निवेदन लिन अस्वीकार गरेमा सोको उजुरी गर्ने संयन्त्र स्थापना गर्ने सम्बन्धी सन् २०१३ मा जारी गरिएको परिपत्रका सम्बन्धमा जिल्ला प्रशासन | आमाको नेपाली नागरिकताको आधारमा सन्तानलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्ने र नागरिकतासम्बन्धी निवेदन लिन अस्वीकार गरेमा सोको उजुर गर्ने संयन्त्र स्थापना गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई गृह मन्त्रालयबाट २०६९ सालमा परिपत्र जारी भएको थियो । तर यस सन्दर्भमा जिल्ला प्रशासन कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरू जानकार छैनन् । गृह मन्त्रालयले नागरिकताबारे र यस परिपत्रका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयका अधिकारीहरूलाई प्रशिक्षण दिएको पाइएन ।<br><br>तर अक्टोबर २०१८ अगाडि राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत जिल्ला प्रशासन अधिकृतहरूलाई दिइने ३५ दिने तालिममा नागरिकताको बारेमा सत्र राखी प्रशिक्षण दिइने गरिएको थियो । | कार्यान्वयन नभएको |

[69]बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४(३)
[70]बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४(११)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | कार्यालयका अधिकारीहरूलाई प्रशिक्षण दिने (निष्कर्ष टिप्पणी, परिच्छेद ३१(ग)) | | |
| | ९.४ सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको अवस्था सम्बन्धी महासन्धि र सन् १९६१ को राज्यविहीनता न्यूनीकरण सम्बन्धी महासन्धिलाई सम्मिलन गर्ने। ( निष्कर्ष टिप्पणी, परिच्छेद ३१(ङ)) | सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको अवस्थासम्बन्धी महासन्धि र सन् १९६१ को राज्यविहीनता न्यूनीकरण सम्बन्धी महासन्धिलाई नेपालले हालसम्म सम्मिलन गरेको छैन । यी महासन्धिहरूमा नेपालले हस्ताक्षर समेत गरेको छैन ।[71] सम्मिलनका लागि सिफारिस प्राप्त भएका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु अगाडि नेपाल सरकारले आवश्यक कानूनी र संस्थागत आधार तथा क्षमता विकास गर्ने नीति राखेको कुरा नेपाल सरकारले तेस्रो विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review) का लागि मानवअधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा उल्लेख छ ।[72]<br>यी महासन्धिहरूका बारेमा सचेतना अभिवृद्धि गर्न नेपालीमा अनुवाद गरी राष्ट्रिय महिला आयोग र महिला, कानून र विकास मञ्चले वि.सं.२०७६ मा प्रकाशन गरेका थिए । यी महासन्धिहरूलाई अनुमोदन गर्नुपर्छ भन्ने बारेमा सरोकारवाला निकायहरूसँग चरणबद्ध छलफल कार्यक्रम पनि आयोजना भएको छ । | कार्यान्वयन नभएको |

[71] https://whatconvention.org/en/ratifications; https://treaties.un.org/doc/Publication

[72] Human Rights Council, **National report submitted in accordance with paragraph 5 of the annex to Human Rights Council Resolution 16/21***, 3 November 2020, pg 3, para 12, A/HRC/WG.6/37/NPL/1

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| **धारा १०: शिक्षा सम्बन्धी अधिकार** | १०.१ गरीब घरपरिवारका, दुर्गम क्षेत्रका, तल्लो जातका, आदिवासी जनजाति र धार्मिक तथा भाषिक अल्पसङ्ख्यक समूहका बालिकाहरू र शारीरिक अपाङ्गता भएका बालिकाहरूको लागि सहयोग संयन्त्र,छात्रवृत्ति र प्रोत्साहन अभिवृद्धि गरेर, शिक्षक शिक्षिकाहरूलाई समावेशी विद्यालयका सम्बन्धमा प्रशिक्षण दिएर र पक्ष राष्ट्रको विद्यालय क्षेत्र सुधार योजनाको खाकामा ती उपायहरूको कार्यान्वयनको | नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकको शिक्षाको हकलाई सुनिश्चित गरेको छ र यस मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ बनेका छन् । यस ऐन तथा नियमावलीले शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न प्रत्येक बालबालिकाको आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने व्यवस्था गरेको छ जुन सार्वजनिक विद्यालयहरूले उपलब्ध गराउनुपर्ने व्यवस्था छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले अपाङ्गता भएका बालबालिकाका लागि उपलब्धताको आधारमा निःशुल्क रूपमा उनीहरूको आवश्यकता बमोजिमको पाठ्यसामग्री र सिकाइ सामग्री, अपाङ्गताको प्रकृति अनुसार स्रोत कक्षा, विशेष तालिम प्राप्त शिक्षक, छात्रवृत्ति र अन्य आधारभूत शैक्षिक सुविधाको विशेष व्यवस्था मिलाउनुपर्ने र आर्थिक रूपले विपन्न वा मानसिक विकासको सूचकाङ्कको दृष्टिकोणले पछाडि परेका वा दलित समुदायका बालबालिकाको शिक्षालाई निरन्तरता दिन छात्रवृत्ति, दिवा खाजा, शैक्षिक सामग्री, विद्यालयको पोशाक र आवश्यकता र उपलब्धताको आधारमा आवासीय सुविधासहितको अध्ययन गर्ने विशेष व्यवस्था मिलाउन सक्ने कानूनी व्यवस्था गरेको छ ।[73] स्थानीय तहले आफ्नो क्षेत्रभित्र अपाङ्गता भएका बालबालिका, दलित बालबालिका, द्वन्द्व पीडित | कार्यान्वयनको क्रममा रहेको |

[73]अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम ६

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | अनुगमन गरेर शिक्षामा समानता र समावेशिता प्रवर्द्धन गर्ने क्रियाकलाप सुदृढ पार्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३३(क)) | व्यक्तिका छोराछोरी, अभिभावक पहिचान नभएका बालबालिका, विभिन्न प्रतिकूलताका कारण विद्यालय जान नसकेका वा जान छोडेका बालबालिकाहरूको विवरण राखी सो विवरणको आधारमा सार्वजनिक विद्यालयमा आधारभूत तह र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर प्रदान गर्नुपर्ने प्रावधान रहेको छ।[74]<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम अन्तर्गत दोस्रो चौमासिकमा विलक्षण प्रतिभा भएका महिला तथा किशोरीहरूको सम्मान र प्रोत्साहन कार्यक्रमका लागि रु. ३,००,०००।- बजेट विनियोजन गरेको छ।<br>सङ्घीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअनुसार दिगो विकासको चौथो लक्ष्य अन्तर्गत सन् २०३० सम्म सबैलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य रहेकोले सो हासिल गर्न नेपालले सन् २०१९ मा दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारूप (National Framework for Sustainable Development Goal 4) तयार गरेको थियो। प्रदेश र स्थानीय तहहरूसँगको परामर्शमा तयार गरेको यस प्रारूपमा शिक्षामा समान पहुँच सुनिश्चित गर्न प्रत्येक तहका सरकारका जिम्मेवारीहरू तोकिएका छन्। शिक्षा ऐन, २०२८ लाई समयसापेक्ष बनाउन विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च | |

[74]अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम १०

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | शिक्षाको व्यवस्था सहित मस्यौदा शिक्षा विधेयक तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिका लागि पठाइएको छ ।<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय क्षेत्र सुधार योजना, २०७३/०७४-२०७९/०८० तयार गरी कार्यान्वयन गरिरहेको छ । शिक्षाको पहुँचमा समानता र समावेशिता सुनिश्चित गर्न, शैक्षिक गुणस्तर सुधार गर्न र सङ्घीय संरचनामा शैक्षिक संस्थानहरूलाई सुदृढ गर्ने उद्देश्यले तयार भएको यस योजनाको कार्यान्वयनमा विश्व बैंक, एसियाली विकास बैंकलगायतका विकास साझेदारहरूको आर्थिक सहयोग रहेको छ । एसियाली विकास बैंकले सन् २०१९ जुलाईमा यस योजना अन्तर्गत सञ्चालन भएको विद्यालय क्षेत्र कार्यक्रमको मूल्याङ्कन गरेको छ जसअनुसार सरकारले विकास साझेदारहरूसँग मिलेर यस योजना अन्तर्गत लैङ्गिक तथा सीमान्तकृत समुदाय कार्ययोजना तयार गरेको र कार्ययोजना अन्तर्गत शिक्षामा सीमान्तकृत वर्गका बालबालिकाहरूको पहुँच र समावेशिता बढाउन छात्रवृत्ति, दिवा खाजा, बालविकास कार्यक्रमहरू, स्थानीय भाषामा पाठ्यक्रम विकास गर्ने र लिङ्ग, जातीयताका आधारमा तथ्यांक राख्ने शिक्षा व्यवस्थापन तथा सूचना प्रणालीको पूर्ण कार्यान्वयन भएको कुरा प्रतिवेदनमा उल्लेख छ ।[75] १० वर्षे नयाँ शिक्षा क्षेत्र योजना (२०७८-२०८८) विकास गर्ने क्रममा शिक्षा | |

[75]ADB, **Performance Evaluation Report- School Sector Program (Nepal)**, July 2019, pg 7

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | क्षेत्र विकास कार्य ढाँचा, २०७७ (सङ्घ, प्रदेश र स्थानीय तहमा शैक्षिक योजना विकासका लागि) तयार भएको छ।[76] त्यस्तै शिक्षामा समानता, समावेशिता, पहुँच, गुणस्तर, शिक्षक समायोजन लगायतका विषयहरूमा निर्देशन दिन राष्ट्रिय शिक्षा नीति, २०७६ बनेको छ।<br><br>स्थानीय तहमा शिक्षकको दरबन्दी सिर्जना गर्ने र समायोजन गर्ने काम शुरु भएको छ।<br><br>सार्वजनिक विद्यालयहरूमा बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्न रु. ३२ लाख विनियोजन भएको, आधारभूत तहको लागि निःशुल्क पाठ्यपुस्तक, पहिला ४३ जिल्लामा मात्र व्यवस्था रहेकोमा यस आर्थिक वर्षदेखि कक्षा १ देखि ५ कक्षासम्मका सबै जिल्लाका बालबालिकाका लागि दिवा खाजा दिने व्यवस्था गरिएको छ।<br><br>अपाङ्गता भएका बालबालिकाहरूलाई अपाङ्गताको प्रकृति अनुसार फरक छात्रवृत्ति प्रदान गर्ने गरिएको छ। गम्भीर अपाङ्गता भएका बालबालिकाहरूका लागि छात्रावासमा बस्ने खाने समेतको व्यवस्था मिलाइएको छ। यी कार्यक्रमहरूका लागि सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहहरूमा सशर्त अनुदान दिएको छ।<br><br>सङ्घीय संरचनाको अवलम्बनपछि शिक्षक शिक्षिकाहरूलाई | |

[76] https://moe.gov.np/article/1381/plandevelopmentfra.html

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | समावेशी शिक्षाका बारेमा प्रशिक्षण गर्ने कार्यक्रमहरू प्रदेश तहका तालिम केन्द्रहरूबाट गरिँदै आएको भए तापनि समावेशी शिक्षाका बारेमा प्रशिक्षण दिनसक्ने स्रोत व्यक्तिहरूको प्रदेशस्तरमा कमी रहेको र सबै शिक्षक शिक्षिकाहरूले पहुँच प्राप्त गर्न नसकेको अवस्था छ ।<br><br>शिक्षामा समानता र समावेशिता प्रवर्द्धन गर्न छात्रवृत्ति लगायतका कार्यक्रमहरूका लागि सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रदेश र स्थानीय सरकारलाई अनुदानका रूपमा विनियोजन गरेको बजेटले लाभान्वित वर्गमा पारेको असरका बारेमा कार्यक्रमको प्रतिवेदन सङ्घीय मन्त्रालयलाई बुझाउनु नपर्ने र महालेखामा खर्चको विवरण मात्र बुझाए पुग्ने अवस्थाले गर्दा सङ्घीय संरचनामा मुलुक जानु अगाडिको समयमा जस्तो कार्यक्रमको पूरा विवरण संघीय मन्त्रालयसँग रहन सकेको अवस्था भने छैन । | |
| | १०.२ समुदायबाट मनासिब दूरीमा रहने गरी बालिका तथा अपाङ्ग मैत्रीविद्यालयहरू रहेको सुनिश्चित गर्ने र स्वच्छ खानेपानी र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका अन्तर्गत विद्यालय निर्माण निर्देशिका बनेको छ जसमा ह्विलचेयर जाने ऱ्याम्प सहितका अपाङ्गता मैत्री विद्यालय निर्माण गर्नुपर्ने भन्ने कुरा उल्लेख भएको छ । पछिल्लो समय निर्माण भएका विद्यालय भवनहरूलाई अपाङ्गमैत्री बनाउन ह्विलचेयर जाने ऱ्याम्पको व्यवस्था गरिएको छ.। तर विद्यालय | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | बालिकाहरूको लागि छुट्टै सफा शौचालयको व्यवस्था गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३३(ख)) | भवनहरूलाई थप अपाङ्गमैत्री बनाउन शौचालय लगायतका संरचनाहरू समेत अपाङ्गता अनुकूल निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।[77]<br>हालसम्म नेपालमा अपाङ्गता भएका बालबालिकाहरूका लागि ३३ वटा विशेष विद्यालयहरू, ३८० वटा एकीकृत विद्यालयहरू र २३ वटा समावेशी विद्यालयहरू सञ्चालनमा छन्।<br>सार्वजनिक विद्यालयहरूमा छात्राहरूलाई पानी सहितको छुट्टै शौचालय निर्माण गर्ने भन्ने कार्यक्रम रहेको छ। किशोरी छात्राहरूले महिनाबारीको समयमा विद्यालय नजाने गरेको अवस्थालाई सम्बोधन गर्न नेपालभरि किशोरी छात्राहरूलाई स्यानिटरी प्याड वितरण गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ। सरकारसँगको समन्वय र सहकार्यमा गैरसरकारी संस्थाहरूबाट पनि विद्यालयहरूमा छात्राहरूका लागि शौचालय निर्माण गर्ने, स्वच्छ खानेपानी उपलब्ध गराउने, स्यानिटरी प्याड वितरण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्। | |
| | १०.३ विद्यालय भित्र र बाहिर बालिकाको सुरक्षा सुनिश्चित गरी छात्राहरूमाथि हुने हिंसा, सजाय, वा लैङ्गिक हिंसाका मुद्दामा प्रभावकारी अनुसन्धान | विद्यार्थी बालबालिकाहरूमाथि हुने कुनै पनि किसिमका हिंसा वा दुर्व्यवहारबाट संरक्षण प्रदान गर्न र ती घटनाहरू घटेमा विद्यालय तहबाट सुनुवाई गरी कारबाही गर्ने उद्देश्यले वि.सं. २०७५ देखि सबै विद्यालयहरूमा गुनासो पेटिका (complaint box) राख्ने व्यवस्था गरिएको छ। यस विषयमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा समेत उल्लेख गरिएको छ। विद्यार्थीहरूका समस्या सुनी सहयोग गर्न सबै विद्यालयहरूमा सकेसम्म महिला शिक्षिका | कार्यान्वयनको क्रममा रहेको |

[77] चैत्र २०७७ मा आयोजना गरेको राष्ट्रिय गोष्ठीमा एक सहभागीले राख्नु भएको धारणा।

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | र अभियोजन गर्ने र सुरक्षित विद्यालय घोषणापत्र पारित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३३(ग)) | रहने गरी २०६६।६७ सालदेखि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गर्ने व्यवस्था छ । धेरैवटा स्थानीय तहहरूबाट बालबालिकाहरूलाई हिंसाबाट सुरक्षित राख्न प्रतिरक्षा तालिम दिने गरिएको छ ।<br>विद्यालय परिसर लैङ्गिक मैत्री बनाउने उद्देश्यले good touch, bad touch र किशोरीहरू महिनावारी भएको समयमा किशोरहरूले मर्यादा कायम गरुन् र सहयोग गरुन् भन्ने उद्देश्यले पाठ्यक्रम परिमार्जन पुनरावलोकन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सम्बन्धित निकायसँग जानकारी लिई समन्वय गरिरहेको छ ।<br>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार बालबालिकाहरूमाथि हुने यौन दुर्व्यवहारका घटनाहरू, लागुऔषध दुर्व्यसनी जस्ता घटनाहरूलाई न्यूनीकरण गर्न तथा बालबालिका एवं अभिभावकहरूलाई समेत सचेतना गर्नका लागि विभिन्न विद्यालयमा सम्पर्क कार्यक्रम सञ्चालन गरिएका छन् । यस सम्बन्धी विभिन्न पर्चा पम्पलेट प्रकाशन गरी प्रचारप्रसार गरिएको छ । लैङ्गिक हिंसा लगायत यौन दुर्व्यवहारसम्बन्धी जनचेतनामूलक सार्वजनिक भिडियो सन्देश (पिएसए) निर्माण गरी विभिन्न सञ्चारमाध्यमबाट प्रसारण गरिएको छ । | |
| | १०.४ शिक्षक शिक्षिका प्रशिक्षण केन्द्र र कलेजहरूमा महिलाको प्रवेश वृद्धि | प्राथमिक र माध्यमिक तहमा शिक्षिकाहरूको प्रवेशलाई बढाउन शिक्षा नियमावलीमा महिलाहरूलाई आरक्षणको व्यवस्था गरिएको छ जसअनुसार शिक्षक सेवामा दरखास्त दिने खुला समूह अन्तर्गतका उम्मेदवारहरूमध्ये ४५ प्रतिशत सिट विभिन्न | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | लगायतका कार्य गरेर प्राथमिक र माध्यमिक तहमा शिक्षिकाको अनुपात अभिवृद्धि गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३३(घ)) | सीमान्तकृत वर्गलाई छुट्याइएको छ र सो ४५ प्रतिशतलाई शत प्रतिशत मानी यसको ३३ प्रतिशत कोटा महिलाका लागि छुट्याइने व्यवस्था रहेको छ । यस कानूनी व्यवस्थाका कारण महिला शिक्षिकाहरूको अनुपात विद्यालयमा उल्लेखनीय रूपमा वृद्धि भएको छ । वि.सं. २०७६ को तथ्यांक अनुसार सार्वजनिक विद्यालयहरूमा प्राथमिक तहमा शिक्षिकाहरूको अनुपात ४४.६ प्रतिशत रहेको छ[78] भने माध्यमिक तहमा २४.३२ प्रतिशत रहेको छ । वि.सं. २०७५ मा माध्यमिक तहमा शिक्षिकाहरू २२.९४ प्रतिशत रहेकोले शिक्षिकाहरूको माध्यमिक तहको शैक्षिक अध्यापनमा वृद्धि भइरहेको देखिन्छ ।[79]<br>छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ ले कुनै पनि अध्ययन, अनुसन्धान वा प्रशिक्षणका लागि प्रदान गरिने आर्थिक सहयोगमा महिला, विपन्न, अपाङ्ग, जनजाति र दलित, दुर्गम क्षेत्रका व्यक्तिलाई तोकिए बमोजिम छात्रवृत्ति सुरक्षित गर्ने व्यवस्था छ ।[80] साथै, चिकित्सा शिक्षा ऐनमा पनि महिलाका लागि चिकित्सा शिक्षा अध्ययन गर्न छात्रवृत्ति सुरक्षित गर्ने व्यवस्था गरिएको छ । यी प्रावधानहरूको कार्यान्वयनले पनि महिलाहरूको उच्च शिक्षा | |

[78]Primary Education, Teachers (% female) in Nepal was reported at 44.6 % in 2019, according to the World Bank collection of development indicators, compiled from officially recognized sources. In: **Trading Economics**, https://tradingeconomics.com/nepal/primary-education-teachers-percent-female-wb-data.html

[79]UNESCO Institute for Statistics, **Secondary Education - Female Teachers %, Nepal data,** Data as of September 2020, uis.unesco.org. In: https://data.worldbank.org/indicator/SE.SEC.TCHR.FE.ZS?locations=NP

[80]छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३ क.

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | अध्ययनमा सहयोग पुगेको अवस्था छ । | |
| | १०.५ शिक्षामा हुने विभेदका विरुद्ध संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठन महासन्धिमा सम्मिलन हुने। (निष्कर्ष टिप्पणी, परिच्छेद ३३(ङ)) | संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठनले सन् १९६० मा पारित गरेको शिक्षामा हुने विभेद विरुद्धको महासन्धिलाई नेपालले हालसम्म सम्मिलन गरेको छैन । सम्मिलनका लागि सिफारिस प्राप्त भएका यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु अगाडि नेपाल सरकारले आवश्यक कानूनी र संस्थागत आधार तथा क्षमता विकास गर्ने नीति राखेको कुरा नेपाल सरकारले तेस्रो विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review) का लागि मानवअधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा उल्लेख छ ।[81] | कार्यान्वयन नभएको |
| **धारा ११: रोजगारीको अधिकार *(रोजगारी/ आप्रवासी महिला कामदार)*** | ११.१ औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरू, विशेषगरी घरेलु काममा संलग्न कामदारहरूमा सामाजिक सुरक्षासम्बन्धी अधिकारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने | सुरक्षित वैदेशिक रोजगारी, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमबारे स्थानीय सञ्चार माध्यमबाट सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रदेश नम्बर १, ४ र ५ मा सञ्चारकर्मीहरूसँग अन्तक्रिया कार्यक्रम समेत वैदेशिक रोजगार बोर्डमार्फत सम्पन्न भएका छन् ।[82] योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले वार्षिक रु. १५०० बुझाएमा कामदारको करार अवधिभित्र मृत्यु भएमा वा दुर्घटनामा परी अंगभंग भएमा अंगभंगको प्रकृति हेरी उसको हकवाला वा उसलाई बढीमा रु. ७,००,०००।- (रु. सात लाख) कल्याणकारी | कार्यान्वयनको क्रममा रहेको |

[81]Human Rights Council, National Report submitted in accordance with paragraph 5 of the annex to Human Rights Council Resolution 16/21*, 3 November 2020, pg 3, para 12, A/HRC/WG.6/37/NPL/1
[82]वैदेशिक रोजगार बोर्डको सचिवालय, **वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७५।७६**, काठमाडौं, पृष्ठ १८

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनमा व्यवस्था गरिए बमोजिमको सुरक्षणको कार्यान्वयनका लागि पर्याप्त स्रोतहरू व्यवस्था गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३५(ख)) | कोष मार्फत आर्थिक सहायता उपलब्ध गराउने र कामदारका सन्तानलाई १७ वर्ष उमेर नपुग्दासम्म शैक्षिक छात्रवृत्ति प्रदान गर्ने समेतको व्यवस्था रहेको छ।[83] | |
| | ११.२ यौनजन्य दुर्व्यवहारका घटनामा मौन रहने संस्कारको अन्त्य गर्न, गोप्य र सुरक्षित उजुरी संयन्त्र स्थापना गर्न र कार्यस्थलमा यौनजन्य दुर्व्यवहारका पीडितहरूको न्यायमा पहुँचको लागि सहजीकरण गर्न सार्वजनिक र निजी क्षेत्रका कामदार र | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण ऐन, २०७० र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण आचारसंहिता, २०७४ तयार भई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सम्बन्धित निकायमा उपलब्ध गराउने र निरन्तर जानकारी गर्ने कार्य गरिरहेको छ।<br>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार :<br>❖ नेपाल प्रहरीको "लैङ्गिक नीति, २०६९" जारी भई यस नीतिले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई समेत समेटी संगठनको उच्च प्राथमिकतामा राखी मातहत सम्पूर्ण प्रहरी कार्यालयहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई सचेतना एवं परिपत्र गरिएको ।<br>❖ गृह मन्त्रालयबाट जारी गरिएको "प्रहरी कर्मचारीका लागि | कार्यान्वयनको क्रममा रहेको |

[83]वैदेशिक रोजगार बोर्डको सचिवालय, **प्रवास डायरी**, काठमाडौं, २०७६, पृष्ठ ४६ र ४७

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | रोजगारदाताहरूलाई यौनजन्य दुर्व्यवहार विरुद्धको आचारसंहिता र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐनको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३५(ग)) | लैङ्गिक हिंसासम्बन्धी आचारसंहिता, २०७१" बारे मातहतका सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई अनुशिक्षण दिइएको ।<br>❖ "नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहितासम्बन्धी कार्यादेश, २०७७" तयार भई जारी गरिएको छ ।<br>वैदेशिक रोजगारमा जाने महिला कामदारहरूलाई वैदेशिक रोजगार बोर्ड मार्फत तीन दिन (१८ घण्टा) को पूर्व प्रस्थान अभिमुखीकरण तालिम दिने गरिएको छ जसमा कार्यस्थलमा अपनाउनुपर्ने सावधानी र सुरक्षा अन्तर्गत कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार समेतका विषयमा जानकारी उपलब्ध गराइएको छ ।[84] यस तालिमका लागि लाग्ने शुल्क रु. ७०० (रु. सात सय) वैदेशिक रोजगार बोर्डको सचिवालयबाट महिलाहरूका लागि सोधभर्ना हुने विशेष व्यवस्था रहेको छ ।[85]<br>७, ८ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संस्थागत नीतिमा कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नहुनेबारे व्यवस्था राख्न महिला, कानून र विकास मञ्चले विशेषज्ञ सेवा दिएको र यसबारेमा कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरेको छ । न्यायसेवा तालिम केन्द्रले निजामती महिला कर्मचारीहरूलाई सन् २०१८ अगाडि दिने गरेको तालिममा यो विषयमा पनि प्रशिक्षण दिइएको छ । | |

[84]वैदेशिक रोजगार बोर्डको सचिवालय, **प्रवास डायरी**, काठमाडौं, २०७६, पृष्ठ ५
[85]वैदेशिक रोजगार बोर्डको सचिवालय, **प्रवास डायरी**, काठमाडौं, २०७६, पृष्ठ ५

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | ११.३ आप्रवासी महिला घरेलु कामदार सम्बन्धी निर्देशिकाको शीघ्र परिमार्जन गरी पक्ष राष्ट्रभित्र र बाहिर रोजगारीमा महिलाको समान पहुँच प्रत्याभूत गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३७(क)) | वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७२ मन्त्रिपरिषद्बाट मिति २०७२।०१।०८ मा स्वीकृत भई मिति २०७३।१२।०३ मा तेस्रो पटक केही प्रावधानहरू परिमार्जन भएका छन् । तर यस निर्देशिकाको दफा ३(३) ले साउदी अरब, कतार, कुवेत, यु.ए.इ, ओमन, बहराइन, लेवनान र मलेशियामा घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर चौबीस वर्ष पूरा भएको हुनु पर्ने भन्ने व्यवस्था गरेको छ जुन हालसम्म संशोधन भएको छैन । यस निर्देशिकाको मिति २०७३।०१।२१ मा भएको दोस्रो संशोधनले दफा ३ उपदफा ४ थप गरी घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने महिला कामदारका बच्चा २ वर्षभन्दा कम उमेर भएको भएमा वैदेशिक रोजगारमा जान नपाइने व्यवस्था गरेको छ र यो व्यवस्था समेत हालसम्म परिमार्जन भएको छैन । महिलाहरूलाई सुरक्षा प्रदान गर्ने नाममा बनाइएका यस्ता प्रावधानहरूले वैदेशिक रोजगारीमा समान पहुँचको अधिकारबाट महिलालाई वञ्चित गरेको अवस्था छ । | कार्यान्वयन नभएको |
| | ११.४ सम्पूर्ण दुई पक्षीय सम्झौताहरूमा श्रम ऐनमा व्यवस्था गरिएको घरेलु काम लगायतसँग सम्बन्धित मापदण्डहरू समावेश गर्ने र प्रस्थानपूर्व र आगमनपश्चात् लैङ्गिक | वैदेशिक रोजगारमा जाने महिला कामदारहरू समेतलाई वैदेशिक रोजगार बोर्ड मार्फत तीन दिन (१८ घण्टा) को अनिवार्य प्रस्थानपूर्व अभिमुखीकरण तालिम दिने गरिएको छ जसमा कार्यस्थलमा अपनाउनुपर्ने सावधानी र सुरक्षा, वैदेशिक रोजगार सम्बन्धी कानून, गन्तव्य मुलुकको अवस्था र त्यहाँको श्रम कानून र विदेश पुगी सम्झौता अनुसारको काम नभएमा वा हिंसामा परेमा के गर्ने भन्ने बारेमा सामान्य जानकारी समेत प्रदान | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | संवेदनशील अभिमुखीकरण सेवा अभिवृद्धि गर्ने, वैदेशिक रोजगार, गन्तव्य मुलुकमा र वैदेशिक रोजगार ऐन अन्तर्गतको आप्रवासी महिलाको अधिकार र ती अधिकार दाबी गर्नेसम्बन्धी कानूनी सचेतना समावेश गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३७(ख)) | गरिन्छ ।[86] यस तालिमका लागि लाग्ने शुल्क रु. ७०० (रु. सात सय) वैदेशिक रोजगार बोर्डको सचिवालयबाट महिलाहरूका लागि सोधभर्ना हुने विशेष व्यवस्था रहेको छ । यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्न बोर्डले सुरक्षित आप्रवासन परियोजना अन्तर्गत "घरेलु कामदारका रूपमा विदेश जाने महिलाले ध्यान दिनुपर्ने कुराहरू" नामक पर्चा समेत प्रकाशन गरी वितरण गरेको छ । वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरूका लागि आगमन पश्चात् भने लैङ्गिक संवेदनशील अभिमुखीकरण तालिम दिने व्यवस्था छैन । | |
| | ११.५ पक्ष राष्ट्रमा फर्किने नेपाली आप्रवासी महिलाको सामाजिक पुनःस्थापनाको लागि एक नीति अवलम्बन गर्ने र सेवा व्यवस्था अभिवृद्धि गर्ने (निष्कर्ष | वैदेशिक रोजगारीबाट फर्केका महिला समेतका कामदारहरूको सामाजिक तथा आर्थिक पुनः एकीकरण गर्ने उद्देश्यले कार्यक्रमको विस्तृत खाका तयार गरी[87] वैदेशिक रोजगार बोर्डले कार्यक्रमको बजेट स्वीकृत गरेको छ । यसको कार्यान्वयनका लागि पुनर्एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को मस्यौदा तयार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा स्वीकृतिका लागि पठाइएको छ । यस मस्यौदा कार्यविधिमा वैदेशिक रोजगारीमा समस्यामा परी फर्किएका | कार्यान्वयनको क्रममा रहेको |

[86]वैदेशिक रोजगार बोर्डको सचिवालय, **प्रवास डायरी**, काठमाडौं, २०७६, पृष्ठ ५
[87]वैदेशिक रोजगार बोर्डको सचिवालय, **वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७५।७६**, काठमाडौं, पृष्ठ १८

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | टिप्पणी, परिच्छेद ३७(ग)) | कामदारको पूँजी, सीप, प्रविधि र अनुभवलाई नेपालमा नै उपयोग गरी स्वरोजगारी र उद्यमशीलता अभिवृद्धि गर्न निःशुल्क तालिम तथा परामर्श सेवा र पूँजीगत तथा प्राविधिक सहयोगका लागि सहजीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । आर्थिक रूपले कमजोर रहेको वा गर्भवती वा दूधे बालबालिका स्याहार्नुपर्ने महिला तथा अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था सहितको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था समेत रहेको छ । यस कार्यविधिमा कामदारहरूको सामाजिक पुनःस्थापनाका पक्षमा खासै व्यवस्था रहेको छैन । | |
| | ११.६ अन्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदार सम्बन्धी महासन्धि, २०११ (नं. १८९) अनुमोदन गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ३७(घ)) | नेपालले हालसम्म अन्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदारसम्बन्धी महासन्धि, २०११ (नं. १८९) लाई अनुमोदन गरेको छैन ।[88] अनुमोदनका लागि सिफारिस प्राप्त भएका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु अगाडि नेपाल सरकारले आवश्यक कानूनी र संस्थागत आधार तथा क्षमता विकास गर्ने नीति राखेको कुरा नेपाल सरकारले तेस्रो विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review) का लागि मानवअधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा उल्लेख छ।[89] | कार्यान्वयन नभएको |
| **धारा १२ : स्वास्थ्य सम्बन्धी अधिकार** | १२.१ शिक्षाको सबै तहमा यौन तथा | पाँच वर्षदेखि १८ वर्षसम्मको उमेरका बालबालिकाहरूलाई लक्षित गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि | कार्यान्वयनको क्रममा रहेको |

[88] https://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:11300:0::NO::P11300_INSTRUMENT_ID:2551460

[89] Human Rights Council, **National Report submitted in accordance with paragraph 5 of the annex to Human Rights Council Resolution 16/21***, 3 November 2020, pg 3, para 12, A/HRC/WG.6/37/NPL/1

<table>
<tr><th>सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू</th><th>सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव</th><th>निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था</th><th>कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको)</th></tr>
<tr><td></td><td>प्रजनन स्वास्थ्य र अधिकार, कलिलो उमेरमा हुने गर्भधारण रोकथामको लागि जिम्मेवार यौन व्यवहार र उपायहरू तथा यौन सम्पर्कबाट सर्ने संक्रमणसम्बन्धी जानकारी समावेश गरी उमेर सुहाँउदो र लैङ्गिक रूपमा संवेदनशील, बृहत् यौन शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने र ती पाठ्यक्रम अध्यापन गराउन शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण दिने (निष्कर्ष</td><td>मन्त्रालयको आधारभूत पाठ्यक्रम प्रणालीमा बृहत् यौनिकता शिक्षा[90]समावेश भएको छ । यद्यपि पाठ्यक्रमको स्वरूप, शिक्षक र शिक्षिकाले कक्षाकोठामा पढाउने प्रक्रियामा गर्नुपर्ने सुधारका कार्यहरू धेरै छन् । हालको पाठ्यक्रममा कक्षा १ देखि १० सम्म समावेश भएका यौनिकता शिक्षासम्बन्धी विषयहरू यसप्रकार रहेका छन् :[91]
<table>
<tr><th>कक्षा १–३</th><th>कक्षा ४–५</th><th>कक्षा ६</th></tr>
<tr><td>• किशोरावस्था<br>• किशोरावस्थामा हुने शारीरिक परिवर्तन<br>• यौन शिक्षा र यसको महत्व<br>• प्रजनन स्वास्थ्यसँग सम्बन्ध राख्ने महिला र पुरुषका</td><td>• प्रजनन स्वास्थ्य<br>• व्यक्तिगत सरसफाइ<br>• शरीरका बाहिरी अंगहरूको परिचय र तिनीहरूको सरसफाइ (कक्षा १)<br>• बाहिरी अंगहरूको</td><td>• प्रजनन स्वास्थ्य<br>• शरीरका यौन तथा प्रजनन अंगहरूलाई सफा राख्ने विधि (कक्षा ४)<br>• यौन तथा प्रजनन अंगहरूको सफाइ र रजस्वला (कक्षा ५)<br>• रोगहरूको परिचय, बिरामीलाई गर्नुपर्ने सहयोग र सद्भाव</td></tr>
</table></td><td></td></tr>
</table>

[90]बृहत् यौनिकता शिक्षा भन्नाले यौनिकता सम्बन्धी ज्ञान, संवेग, शारीरिक र सामाजिक पक्षहरूको सिकाइ प्रक्रिया हो जुन पाठ्यक्रममा आधारित हुन्छ ।

[91]युवा र राईट हियर राईट नाउ, **यौन शिक्षामा बहुआयामिक धारणा : नेपालमा यौन शिक्षालाई संस्थागत गर्नको लागि पैरवी पत्र,** मार्च २०२०, पृष्ठ ३ र ४

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | टिप्पणी, परिच्छेद ३९(क)) | बाहिरी अंगहरू<br>• अंगहरूलाई सफा र संक्रमणमुक्त राख्ने विधि<br>सफाई गर्ने विधि (कक्षा २)<br>• अंगहरू सफा राख्नुपर्ने कारणहरू (कक्षा ३)<br>(कक्षा ४)<br>• एच.आइ.भी. र एड्सको परिचय (कक्षा ५)<br><br>**कक्षा ७**<br>• किशोरावस्थाका चरणहरू<br>• यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको महत्व<br>• स्वप्नदोष, वीर्य उत्पादन हुने, गर्भधारण हुने प्रक्रिया<br>• प्रजनन स्वास्थ्यसँग<br><br>**कक्षा ८**<br>• जिम्मेवारपूर्ण यौन व्यवहारका लागि किशोरकिशोरीहरूको दायित्व<br>• सुरक्षित मातृत्वका प्रणालीहरू<br>• बृहत्तर यौनिकता शिक्षाको अवधारणा र यसको<br><br>**कक्षा ९**<br>• किशोरावस्था<br>• यौनिकता शिक्षा<br>• प्रजनन स्वास्थ्य<br>• प्रजनन अधिकार<br><br>**कक्षा १०**<br>• यौन संक्रमित रोगहरू (AIDS, Syphilis, Gonorrhea, Cancroid)<br>• सुरक्षित मातृत्व<br>• मातृत्व स्वास्थ्य सेवा<br>• Adolescence | |

<table>
<tr><th>सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू</th><th>सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव</th><th>निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था</th><th>कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको)</th></tr>
<tr><td></td><td></td><td><table><tr><td>सम्बन्ध राख्ने अंगहरूलाई सफा र संक्रमणमुक्त राख्ने विधि</td><td>महत्व</td><td></td><td></td></tr></table><br>कक्षा १ देखि ५ को पाठ्यक्रम उमेर सुहाँउदो नभएको, कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रम अनिवार्य गरिए पनि यौन तथा प्रजनन स्वास्थ्य, अधिकार र लैङ्गिकताका बारेमा पर्याप्त रूपमा समावेश नभएको र कक्षा ९ र १० मा स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको पाठ्यक्रममा यौनिकता शिक्षा समावेश भएको भए तापनि यस विषयलाई एक वर्ष अघिदेखि ऐच्छिक विषयको रूपमा राखिएकोले सबै विद्यार्थीहरूलाई यो शिक्षा प्रदान गर्न सम्भव देखिंदैन । अहिलेको अवस्थामा बृहत्तर यौनिकता शिक्षा विद्यालय जाने बालबालिकामा मात्रै सीमित छ र त्यसले गर्दा विद्यालय बाहिर रहेका बालबालिका बृहत्तर यौनिकता शिक्षाको महत्व र जानकारीबाट वञ्चित छन् ।[92]<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, युएनएफपीए, युएन वुमन</td><td></td></tr>
</table>

[92]युवा र राइट हियर राइट नाउ, **यौन शिक्षामा बहुआयामिक धारणा : नेपालमा यौन शिक्षालाई संस्थागत गर्नको लागि पैरवी पत्र,** मार्च २०२०, पृष्ठ २-४

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | लगायत अन्य चार संस्थाहरूको साझेदारीमा "किशोर किशोरीहरूका लागि बृहत् यौनिकता शिक्षा" नामक फ्लिप चार्ट जनवरी २०२१ मा प्रकाशन भएको छ। यो चार्ट शिक्षक र दौंतरी शिक्षकमार्फत किशोर-किशोरी र युवाको बृहत् यौनिकता शिक्षासम्बन्धी ज्ञान तथा सीप बढाउनका लागि उपयोगी स्रोत सामग्री रहेको छ।[93]<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यान्वयनमा ल्याएको विद्यालय क्षेत्र विकास योजना (इ.सं २०१६–२०२३) मा विद्यालयको पाठ्यक्रममा किशोर किशोरीहरूका लागि बृहत्तर यौनिकता शिक्षा समावेश गर्ने र उक्त शिक्षा अध्यापन गराउनका लागि शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई महत्वपूर्ण अङ्गको रूपमा अङ्गीकार गरिएको छ । सोहीअनुरूप किशोरीहरूलाई बृहत्तर यौनिकता शिक्षासम्बन्धी विषयहरूको अध्यापन गराउन र मनोविमर्श दिनका लागि आवश्यक ज्ञान तथा सीपको आवश्यकता देखिएको परिप्रेक्ष्यमा किशोर किशोरीहरूलाई बृहत्तर यौनिकता शिक्षासम्बन्धी विषय अध्यापन गराउने कार्यमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम प्रशिक्षक निर्देशिकाको विकास गरिएको हो ।<br><br>किशोरीहरूलाई बृहत्तर यौनिकता शिक्षासम्बन्धी विषयहरूको अध्यापन गराउन र मनोपरामर्श तथा मनोविमर्श दिनका लागि | |

[93] https://nepal.unfpa.org/en/publications/cse-flip-chart

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | आवश्यक ज्ञान तथा सीपको आवश्यकता देखिएको परिप्रेक्ष्यमा किशोर किशोरीहरूलाई बृहत्तर यौनिकता शिक्षासम्बन्धी विषय अध्यापन गराउने कार्यमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले "बृहत्तर यौनिकता शिक्षा : तालिम निर्देशिका" र "शिक्षक स्रोत सामग्री" एनसीइडी, युएनएफपीए र सिसो नेपालले मार्च २०१८ मा प्रकाशन गरेका छन् । | |
| | १२.२ सम्पूर्ण परिस्थितिमा गर्भपतनलाई अपराध नमान्ने, जबर्जस्ती करणी, हाडनाता करणी, शिशुलाई हुने गम्भीर अपाङ्गता, आमाको जीवनमा जोखिम हुँदाका अवस्थाहरूमा | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले केही अवस्थाहरूमा गर्भपतन गर्न पाइने कुरालाई वैधानिक गरेको छ र सो अवस्था भन्दा बाहेकका अवस्थाहरूमा भएको गर्भपतनलाई अपराध मानेको छ । यसरी यस ऐनले सिड समितिले दिएको सिफारिस बमोजिम सुरक्षित गर्भपतनको अधिकार सुनिश्चित गर्न सम्पूर्ण परिस्थितिमा गर्भपतनलाई अपराध नमानिने गरी व्यवस्था भने गरेको छैन ।<br><br>सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद ४ को दफा १५ मा सुरक्षित गर्भपतन गर्न पाउने वैधानिक अवस्थाहरूको बारेमा व्यवस्था गरिएको छ[94] | कार्यान्वयनको क्रममा रहेको |

[94]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद ४ दफा १५ मा सुरक्षित गर्भपतन गर्न पाउने अवस्थाहरूको बारेमा गर्भवती महिलाहरूलाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार देहाय बमोजिम हुनेछ भनी व्यवस्था गरिएको छ :
क) गर्भवती महिलाको मञ्जुरीले १२ हप्ता सम्मको गर्भ
ख) गर्भपतन नगरएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शरीरिक वा मानसिक स्वास्थ्य खराव हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरी बमोजिम २८ हप्ता सम्मको गर्भ
ग) जवरजस्ती करणी वा हाडनाता करणीवाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले २८ हप्ता सम्मको गर्भ
घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | गर्भपतन वैधानिक हुने व्यवस्था थप गर्ने र कम्तीमा पनि आमाको स्वास्थ्यमा जोखिम भएको अवस्थामा गर्भपतनलाई वैधानिक बनाउने गरी सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन संशोधन गर्ने र सुरक्षित गर्भपतन सेवाहरू र क्लिनिकहरूका बारेमा सचेतना अभिवृद्धि गर्न पर्याप्त बजेट विनियोजन गर्ने ( निष्कर्ष टिप्पणी, | जसअनुसार जबर्जस्ती करणी, हाडनाता करणी, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराव हुनसक्ने वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरी भएमा, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भपतन गराउन सकिने व्यवस्था छ । यी व्यवस्थाहरू विद्यमान सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा रहेकोले यी व्यवस्थाहरू थप गर्नुपर्ने अवस्था देखिँदैन । यद्यपि गर्भ संरक्षण विरुद्धको कसूरका सन्दर्भमा मुलुकी अपराध संहिता २०७४ मा समेत व्यवस्था भएको र यसको दफा १८९ ले गर्भपतन गराउन सकिने अवस्थाहरूका बारेमा केही फरक व्यवस्थाहरू गरेकोले स्वास्थ्यकर्मी, कानून कार्यान्वयन गर्ने निकायहरूमा कुन कानूनको प्रयोग गर्ने भन्ने बारेमा दुविधा रहेको छ ।[95] जस्तै : मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ ले गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा | |

ङ) भ्रूणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुनसक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ ।
दफा १६ मा बलपूर्वक गर्भपतन गराउन नहुने अवस्थाका बारेमा पनि व्यवस्था रहेको छ ।
दफा १७ मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था गरिएको छ ।

[95] Center for Reproductive Rights (CRR), FWLD and JuRI-Nepal, **Joint Submission to the Universal Periodic Review of Nepal**, 2020. Available at: www.fwld.org

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | परिच्छेद ३९(ख)) | पुग्नसक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराव हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीले[96] र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा[97] जतिसुकै हप्ताको गर्भ पतन गराउन सकिने व्यवस्था छ । त्यस्तै जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्ता सम्मको गर्भा गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने[98] व्यवस्था यस संहितामा रहेको छ । सुरक्षित गर्भपतन सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ र मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ लाई एकरूपता कायम हुने गरी संशोधन गर्नुपर्ने आवश्यकता छ ।<br>नागरिक समाजको तर्फबाट महिला, कानून र विकास मञ्चले यसबारे ऐनको संशोधनको लागि नमूना विधेयक सेन्टर फर रिप्रोडक्टिभ हेल्थ राइटको सहयोगमा तयार गरेको छ । सरकार र संसदसँग यस नमूना विधेयकमाथि छलफल गर्ने योजना रहेको छ । नमूना विधेयक पैरवी गर्ने आधार बन्नेछ । | |
| | १२.३ विश्वव्यापी | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दुर्गम | कार्यान्वयनको क्रममा रहेको |

[96]मुलुकी अपराध संहिता २०७४ को दफा १८९(ख)
[97]मुलुकी अपराध संहिता २०७४ को दफा १८९(घ)
[98]मुलुकी अपराध संहिता, २०७४ को दफा १८९(ग)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | आवधिक पुनरावलोकनका समयमा गरिएका प्रतिबद्धताहरूको मर्म अनुरूप हुने गरी ग्रामीण र दुर्गम क्षेत्र लगायतका सम्पूर्ण महिलाहरू र बालिकाहरूको उच्च गुणस्तरीय र उमेर सुहाउँदा यौनजन्य र प्रजनन स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न उपायहरू सुदृढ गर्ने र पर्याप्त स्रोत वितरण गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ३९(ग)) | क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि छुट्टै बजेट विनियोजन गरी हवाई उद्धार कार्यक्रम सञ्चालन गरेको छ । आ.व. २०७५/७६ देखि हालसम्म जम्मा १८३ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार गरी स्वास्थ्य केन्द्र पुऱ्याएर उनीहरुलाई प्रसूति सेवा प्रदान गरिएको छ ।<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार :<br>१. परिवार कल्याण महाशाखाले सुरक्षित मातृत्व सेवामा दुर्गम क्षेत्र लगायतका सम्पूर्ण महिलाहरूको पहुँच सुनिश्चित गर्न आ. व. २०७७/७८ मा केन्द्र, प्रदेश तथा स्थानीय तहमा कुल रु. तीन सय तीस करोड (रु. ३३० करोड) बजेट विनियोजन गरिएको छ । सुरक्षित मातृत्व सेवामा महिलाहरूलाई निःशुल्क सेवा प्रदान गर्नुका साथै स्वास्थ्य संस्थामा सेवा लिन आउनका लागि यातायात खर्च, ANC (antenatal care) जाँच बापत उत्प्रेरणा खर्च प्रदान गर्नका लागि बजेट विनियोजन गरेको छ ।<br>२. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा विगत दुई वर्षमा ANC(Ante Natal Care)देखि PNC (prenatal care) सम्मका निःशुल्क सेवा, निःशुल्क प्रसूति सेवा, MNH (maternal and neonatal health) सेवा प्रदायक स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम, अस्पताल तथा समुदायमा, दुर्गम ठाउमा नर्सिङ्ग कर्मचारीबाट Rural ultrasound सेवा प्रदान, सुरक्षित गर्भपतन सेवा, MPDSR | |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | (maternal and perinatal death survelliance and response)कार्यक्रम सञ्चालन, मातृ तथा नवजात शिशु सेवाको पुनरावलोकन गरी SMNH (Safe Motherhood and Newborn Health) Roadmap, २०३० जारी गरिएको, SBA (Skilled birth attendance)रणनीति संशोधन गरिएको, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७५ जारी गरी कार्यान्वयन गरिरहेको छ ।<br>प्रदेश २ र त्यहाँका स्थानीय तहहरूले 'बेटी बचाओ' कार्यक्रम सञ्चालन गरेका छन् जसअन्तर्गत छोरीको जन्मलाई प्रोत्साहन गर्न छोरी जन्मँदा भत्ता दिने व्यवस्था गरिएको छ । | |
| | १२.४ दलित, आदिवासी जनजाति महिला, अपाङ्गता भएका महिला, समलिङ्गी महिला, द्विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति, यौनकार्यमा संलग्न महिला र दुर्गम क्षेत्रका महिलाहरू | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २९ ले कसैलाई पनि उनको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक अवस्था, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट सङ्क्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटि) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमले भेदभाव गर्न नपाइने व्यवस्था गरेको | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | विरुद्ध स्वास्थ्य सेवा प्रदायकहरूबाट हुने भेदभाव अन्त्य गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ३९(घ)) | छ । स्वास्थ्य सेवा प्रदायकहरू लगायत कुनै पनि व्यक्तिले यस्तो भेदभाव गरेमा कसूर मानिने[99] र यस्तो कसूर गरेको ठहरेमा कसूरदारलाई छ महिनासम्मको कैद सजाय वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुने[100] र पीडितलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति दिने[101] व्यवस्था कानूनमा छ ।<br><br>यस्ता सीमान्तकृत वर्गका महिलाहरू विरुद्ध स्वास्थ्य सेवा प्रदायकहरूबाट भेदभाव हुने गरेको घटनाहरू सार्वजनिक हुने गरेको भए तापनि नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार यस किसिमको उजुरी हालसम्म प्रहरीमा दर्ता हुन आएको छैन । | |
| **धारा १४ : सुविधाबाट वञ्चित महिलाहरूको समूह** | १४.१ आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रको मर्म अनुरूप, आदिवासी जनजाति महिलाहरूको अधिकार, विशेषगरी | आदिवासी जनजाति महिलाहरूको अधिकार, विशेषगरी आत्मनिर्णयको अधिकारलाई स्पष्ट रूपले मान्यता दिने गरी संविधान संशोधन भएको छैन । आदिवासी जनजाति मानिसहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रको मर्म अनुरूप संविधानमा आदिवासी जनजाति महिलाहरूको थप अधिकार सुनिश्चित हुनुपर्ने माग गै.स.सं.हरूले राख्दै आएका छन् । | कार्यान्वयन नभएको |

[99]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २५(ठ)
[100]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २६(क)
[101]सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २७

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | आत्मनिर्णयको अधिकारलाई स्पष्ट रूपले मान्यता दिने गरी संविधान संशोधन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ४१(क)) | | |
| **धारा १६ : विवाह तथा पारिवारिक सम्बन्धको अधिकार** ***(विवाह र परिवार सम्बन्धी विभेदकारी कानून)*** | १६.१ सबै प्रकारका बहुविवाहलाई गैरकानूनी बनाउन, महिलाले बच्चालाई जन्म दिएमा उक्त बच्चाको बुबासँग स्वतः विवाह हुने देवानी संहिताको प्रावधान खारेज गर्ने र महिलाले स्वतन्त्र र पूर्ण सहमतिमा मात्रै विवाह गर्ने सुनिश्चित गर्न कानूनी सुरक्षाको स्थापना गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ४३(क)) | मुलुकी देवानी संहिताको दफा ७४(१) बमोजिम कुनै पनि पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी बच्चालाई जन्म दिएमा त्यस्तो महिला र पुरुषबीच स्वतः विवाह हुने व्यवस्था छ । यो प्रावधान हालसम्म संशोधन वा खारेज भएको छैन । यद्यपि यस संहिताको दफा ७४(२) मा मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा (घ) बुँदा थप भएको छ जसअनुसार बहुविवाह कायम हुने अवस्था भएमा बच्चा जन्मिएको भए तापनि महिलाको पुरुषसँग स्वतः विवाह कायम नहुने संशोधित व्यवस्था छ ।<br><br>दफा ७४ (१) को सन्दर्भमा बच्चा जन्मेकै आधारमा महिलाको स्वतन्त्र सहमति विना स्वतः विवाह कायम भएको मानिने व्यवस्थाले महिलाको लैङ्गिक तथा यौनिक स्वतन्त्रतामाथि नियन्त्रण हुन जाने देखिन्छ । यस्तो अवस्थाबाट महिलालाई कानूनी संरक्षण गर्न आवश्यक छ । यस कानूनको संशोधनको माग सहित महिला जागरण तथा विकास केन्द्र लगायतका गै.स.सं.हरूले मिति २०७७।०९।१६ मा कानून, न्याय तथा | कार्यान्वयनको क्रममा रहेको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | संसदीय मामिला मन्त्रालयमा ध्यानाकर्षण पत्र बुझाएको छ । | |
| | १६.२ दर्ता नगरिएका विवाह अन्तर्गतका र सो विवाह तथा बहुविवाहको समाप्तिबाट उत्पन्न हुने महिलाको अधिकारको संरक्षण गर्न कानूनी व्यवस्था गर्ने, धार्मिक र परम्परागत विवाह लगायतका सम्पूर्ण विवाहहरूको दर्ता अनिवार्य गर्ने र अपराध संहितामा व्यवस्था गरिएको विवाहको लागि आवश्यक न्यूनतम उमेरहदको प्रावधानको पूर्ण कार्यान्वयन गर्ने | मुलुकी देवानी संहिताको दफा ७६ ले विवाह दर्ताको व्यवस्था गर्दै कानून बमोजिम तोकिएको अधिकारी समक्ष निवेदन दिएर विवाह दर्ता गराउनुपर्ने प्रावधान छ । यस दफामा कुन किसिमको विवाह भन्ने कुरा उल्लेख नभएकोले गर्दा धार्मिक र परम्परागत विवाह लगायतका सम्पूर्ण विवाहहरूको दर्ता गर्नुपर्ने कानूनी व्यवस्था रहेको नै बुझिन्छ । तर हालसम्म कानूनले विवाह दर्तालाई अनिवार्य बनाएको छैन । विवाह भएको कति दिनभित्र विवाह दर्ता गर्नुपर्ने हो र दर्ता नगरेमा जरिवाना सजाय के हुने भन्ने बारेमा मुलुकी देवानी संहितामा कुनै ठोस प्रावधान छैन । जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ खारेज भई बनेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ ले विवाह भएको पैंतीस दिनभित्र पतिपत्नी दुवैले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा विवाह दर्ता गर्नुपर्ने[102] र सो म्याद नाघेपछि विवाह दर्ता गर्नुपर्ने भएमा तोकिए बमोजिमको शुल्क तिरी विवाह दर्ता हुनसक्ने[103] व्यवस्था गरेको छ ।<br><br>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार नेपाल प्रहरीबाट समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत बालविवाहसम्बन्धी आ.व.२०७५।७६ मा ८३१ वटा र आ.व.२०७६।७७ मा ७९३ वटा जनचेतनामूलक | कार्यान्वयनको क्रममा रहेको |

[102]राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८(१)
[103]राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १९(३)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | (निष्कर्ष टिप्पणी, परिच्छेद ४३(ख)) | कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने अन्य लैङ्गिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रमहरूमा बहुविवाहको विषय समेत समावेश गरी सञ्चालन गरिएका छन् ।<br>स्थानीय केही संघसंस्थाहरूले बेलाबेलामा गर्ने गरेको जनचेतनामूलक कार्यक्रम मार्फत विवाह गर्न २० वर्ष उमेर पुगेको हुनुपर्ने र सानोमा विवाह गर्दा छोरीहरूको शरीरमा र शिशुमा पर्ने असरका बारेमा जानकारी पाई धनुषा जिल्लाका क्षीरेश्वरनाथ नगरपालिकाका मुसहर समुदायका केही किशोरीहरू आफू र समुदायका अन्य किशोरीहरूको बालविवाह विरुद्ध जागरण अभियानमा लागेका छन् ।[104] | |
| | १६.३ बाल विवाहको प्रचलन उन्मूलन गर्ने र सम्पूर्ण बालविवाह बदर घोषित हुने, बालविवाह हुने बालबालिकाहरू | मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ मा बालविवाह स्वतः बदर हुने व्यवस्था रहेको छ ।[105] महिला र पुरुषको उमेर बीस वर्ष नपुगी विवाह भएमा सो स्वतः बदर हुने कानूनी प्रावधान छ । तर व्यवहारमा बालविवाह हालसम्म पनि प्रचलनमा रहेको पाइन्छ । युनिसेफको एक | कार्यान्वयनको क्रममा रहेको |

[104]अन्नपूर्ण पोष्ट, **जसले रोकिरहेछन् बालविवाह**, काठमाडौं, २०७७।१०।२६

[105]मुलुकी देवानी संहिताको दफा ७२(१)(ग) र मुलुकी अपराध संहिताको दफा १७३

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | दण्डित नहुने र त्यस्तो सम्बन्धको समाप्ति पश्चात् निजहरूको अधिकारमा पहुँच हुने कुराको सुनिश्चितता गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ४३(ग)) | अध्ययन अनुसार नेपालमा ३७ प्रतिशत बालिकाहरुको विवाह अठार वर्ष उमेर नपुगी हुने गरेको छ ।[106] बालविवाहको प्रचलन उन्मूलन गर्न तीन तहको सरकार तथा गैरसरकारी संस्थाहरूबाट कार्यक्रमहरू सञ्चालन भएका छन् ।<br><br>मुलुकी अपराध संहिताको दफा १७३ को उपदफा १ र ३ अनुसार बालविवाह हुने बालबालिकाहरू समेत दण्डित हुने व्यवस्था छ । यस प्रावधान अनुसार कुनै पनि व्यक्तिले बीस वर्ष उमेर नपुगी विवाह गरेमा वा गराएमा विवाह गर्ने वा गराउने व्यक्तिहरूलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैंयाँसम्म जरिवाना हुने व्यवस्था छ । यो प्रावधान संशोधनका लागि कुनै पहल भएको छैन ।<br><br>बालविवाह बदर भई सम्बन्धको समाप्ति पश्चात् निजहरूको सम्पत्तिमाथिको अधिकार स्थापित गर्ने र निजबाट जन्मिएको सन्तानको हक अधिकारमा पहुँच हुने कुराको सुनिश्चितता गर्ने कुरा भने चुनौतीपूर्ण नै देखिन्छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २१(३) ले स्वत: बदर हुने बालविवाह, बहुविवाह लगायतका विवाहको दर्तामा रोक लगाएको भए तापनि त्यस्तो विवाहको परिणामबाट जन्मिएका शिशुहरूको जन्म दर्ता गर्ने विषयलाई प्रतिकूल असर नपर्ने व्यवस्था गरेको | |

[106] According to UNICEF, 37 percent of girls in Nepal marry before age 18. Ten percent are married by age 15.UNICEF, **State of the World's Children data**, http://data.unicef.org/child-protection/child-marriage.html In: Human Rights Watch, **Our Time to Sing and Play: Child Marriage in Nepal**, 2016, pg. 23. Available at: https://www.hrw.org/sites/default/files/report_pdf/nepal0816_web.pdf (accessed on 2021.3.1)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | छ । कुनै महिला र पुरुषबीच वैवाहिक सम्बन्ध कायम नहुँदाको अवस्थामा समेत निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा, स्वास्थ्योपचारमा कुनै भेदभाव गर्न नहुने व्यवस्था बालबालिकासम्बन्धी ऐनको दफा ५(४) मा रहेको छ ।<br><br>महिला, कानून र विकास मञ्च लगायतका गै.स.सं.हरूले वि.सं. २०७५ मा देवानी संहिता अन्तर्गतको बालविवाहसम्बन्धी प्रावधानहरूको संशोधनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय लगायतका मन्त्रालयमा ज्ञापनपत्र बुझाई ध्यानाकर्षण गराएको छ । | |
| | १६.४ विवाह र सम्बन्ध विच्छेदको विषयमा समानता प्रवर्द्धन गर्ने कानूनी र नीतिगत उपायहरू मार्फत पतिले तीन पटक तलाक दिएपछि सम्बन्ध विच्छेद हुने प्रचलन उन्मूलन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ४३(घ)) | पतिले तीन पटक तलाक दिएपछि सम्बन्ध विच्छेद हुने व्यवस्था मुस्लिम समुदायमा प्रचलनका रूपमा रहेको छ । तर नेपालको कानूनमा तीन तलाकलाई मान्यता दिइएको छैन । कुनै पनि महिला वा पुरुषले सम्बन्ध विच्छेद गर्न अदालतमा नै निवेदन दिनुपर्ने मुलुकी देवानी संहिताको व्यवस्था रहेको छ । प्रचलनका रूपमा मात्र सीमित तीन तलाक प्रणालीको उन्मूलनका लागि मुस्लिम समुदायमा सचेतना अभिवृद्धि कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता देखिन्छ । | कार्यान्वयनको क्रममा रहेको |
| | १६.५ जग्गा जमिन लगायतको सम्पत्तिमा महिला र पुरुषको | जग्गा जमिन लगायतका पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकारसम्बन्धी कानूनी प्रावधानहरू रहेको भए तापनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । विवाहिता छोरीले पनि पैतृक | कार्यान्वयन नभएको |

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | समान पैतृक अधिकार सम्बन्धी कानूनी प्रावधानहरू लागू गर्ने। (निष्कर्ष टिप्पणी, परिच्छेद ४३(च)) | सम्पत्तिमा कानूनी अधिकार पाउने बारेमा धेरै व्यक्तिमा जानकारी छैन । सम्पत्तिमा महिला र पुरुषको समान अधिकार रहने कानूनको कार्यान्वयनको अवस्थाबारे युएनडिपीको सहयोगमा महिला, कानून र विकास मञ्चले गरेको अध्ययनमा पैतृक सम्पत्तिको अंशवण्डा गर्दा मालपोत कार्यालयले अनिवार्य रूपमा छोरी भए नभएको बुझ्नुपर्ने र छोरीको संलग्नतामा मात्र अंशबण्डा गर्नुपर्ने भन्ने समेत सुझाव दिएको छ । तर व्यवहारमा अझै पनि छोरीहरूको छोरा समान पैतृक सम्पत्तिमा समान अधिकार सुनिश्चित हुन सकेको देखिंदैन । | |
| **तथ्यांक संकलन तथा विश्लेषण** | समिति पक्ष राष्ट्रलाई लिङ्ग, लैङ्गिकता, उमेर, जातीयता, जात, वैवाहिक अवस्था, अपाङ्गता र व्यवसायको आधारमा विविधीकृत तथ्याङ्क सङ्कलन गर्न तथ्याङ्क ऐनको अविलम्ब परिमार्जन गर्न र सम्पूर्ण राज्यका नीति र कार्यक्रमबाट त्यस्तो तथ्याङ्क सङ्कलन | तथ्याङ्क ऐन, २०१९ लाई संशोधन गर्न र एकीकरण गर्न तथ्याङ्क विधेयक तयार भई मिति २०७६।११।२८ मा सङ्घीय संसदको राष्ट्रिय सभामा दर्ता भएको छ । यद्यपि यस विधेयकमा लिङ्ग, लैङ्गिकता, उमेर, जातीयता, जात, वैवाहिक अवस्था, अपाङ्गता र व्यवसायको आधारमा विविधीकृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने भन्ने व्यवस्था रहेको छैन । यस विधेयकमा तथ्याङ्क प्राप्ति र तथ्याङ्कीय विधि उपयोग सम्बन्धी नेपाल सरकारले छुट्टै निर्देशिका बनाउन सक्ने व्यवस्था गरेको छ ।[107]<br>नेपाल सरकारले राष्ट्रिय जनगणना २०७८ को प्रयोजनको लागि स्वीकृत गरेको प्रश्नावलीमा लिङ्ग, लैङ्गिकता, उमेर, जातीयता, जात, वैवाहिक अवस्था, अपाङ्गता र व्यवसायको आधारमा केही तथ्याङ्कहरू संकलन गर्ने कुरा उल्लेख छ । जस्तै : प्रश्नावलीमा परिवारका सदस्य संख्यामा पुरुष, महिला, अन्य लिङ्गी खुलाइएको, | कार्यान्वयनको क्रममा रहेको |

[107]तथ्याङ्क विधेयकको दफा ३३

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | अनिवार्य बनाउन सिफारिस गर्दछ। ( निष्कर्ष टिप्पणी, परिच्छेद ४५) | बैंक वा वित्तीय संस्थामा खाता रहेको परिवारको पुरुष, महिला संख्या, महिलाको नाममा घर जग्गा, व्यक्तिगत विवरण अन्तर्गत अपाङ्गताको प्रकार, विवाहको उमेर आदि खुलाइएको छ ।[108]प्रश्नावलीमा परिवारको मुलीको नाम उल्लेख गर्ने जनाइए पनि लिङ्ग खुलाउने बारे उल्लेख छैन ।<br>नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका अनुसार निर्देशनालयले नेपालभरि घट्ने लैङ्गिक हिंसा सम्बन्धी अपराध (जबर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग, बहुविवाह, बालविवाह, बोक्सीको आरोप, जातीय छुवाछुत, अवैध गर्भपतन, बालयौन दुराचार, अप्राकृतिक मैथुन, घरेलु हिंसा) को विश्लेषणात्मक तथ्यांक मासिक रूपमा अद्यावधिक गर्ने गरेको छ । अन्य सरकारी निकायहरूको तथ्याङ्कप्रणाली हेर्दा लिङ्ग लगायतका विविध आधारमा खण्डीकृत तथ्याङ्क राखी प्रतिवेदनहरू तयार गर्ने गरेको देखिएको छैन । जस्तै : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा २०७५।७६ सालसम्म लैङ्गिक आधारमा विविधीकृत तथ्याङ्क राखी प्रकाशन गर्ने गरिएको छैन । यद्यपि सर्वोच्च अदालतले यस उप्रान्तका वार्षिक प्रतिवेदन तयार गर्दा लैङ्गिक आधारमा पृथक्-पृथक् तथ्याङ्कहरुको संकलन र विवेचनासमेत गर्न मुद्दा मामिलाको विवरण तथा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूको विवरण लैङ्गिक आधारमा राख्न | |

[108]नेपाल सरकार, **नेपाल राजपत्र**, खण्ड ७०, संख्या २०, काठमाडौं, १५ भदौ २०७७,http://rajpatra.dop.gov.np/

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | सफ्टवेयरमा परिमार्जन गर्ने लगायतको रणनीति अवलम्बन गर्ने कुरा उल्लेख छ ।[109] | |
| **प्रचार प्रसार** | निष्कर्ष सुझावहरूको पूर्ण कार्यान्वयनका लागि यसलाई पक्ष राष्ट्रको आधिकारिक भाषामा समयमा नै राज्यको सबै तहका सम्बन्धित निकायहरू (राष्ट्रिय, प्रदेशस्तर र स्थानीय) मा विशेषगरी सरकार, मन्त्रालयहरू, सङ्घीय संसद र न्यायापालिकामा प्रचार प्रसारगर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ४८) | राष्ट्रिय महिला आयोगले वि.सं. २०७७ मा 'महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिसँग सम्बन्धित स्रोत सामग्री' नेपालीमा १,००० प्रति र अङ्ग्रेजी भाषामा १,००० प्रति प्रकाशन गरी वितरण गरेको छ । यस स्रोत सामग्रीमा सिड महासन्धि, यसको इच्छाधीन आलेख, सिड समितिको निष्कर्ष टिप्पणी र सिड समितिद्वारा कोभिड-१९ को सम्बन्धमा जारी मार्गदर्शन सबै व्यक्तिहरूको जानकारीका लागि राखिएको छ । यसलाई राष्ट्रिय महिला आयोगको वेभसाइट https://www.nwc.gov.np/publicationमा समेत राखिएको छ । आयोगले सिड महासन्धि र सिड समितिले नेपाललाई दिएका सुझावहरु सहितको निष्कर्ष टिप्पणीको बारेमा सरोकारवाला निकायहरूलाई सुसूचित गर्न आयोगको नियमित कार्यक्रम अन्तर्गत विभिन्न प्रदेश र स्थानीय तहका पदाधिकारीहरूका लागि छलफल कार्यक्रम सञ्चालन गरी जानकारी दिँदै आएको छ ।<br><br>महिला, कानून र विकास मञ्चले डिसेम्बर २०१८ मा सिड समितिले नेपालको छैटौं प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणीको नेपालीमा अनुवाद गरी नेपालीमा १,००० प्रति र अङ्ग्रेजी | कार्यान्वयनको क्रममा रहेको |

[109]सर्वोच्च अदालत, **सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५।०७६**, नेपाल, २०७६, पृष्ठ ५७

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | | भाषामा १,००० प्रति प्रकाशन गरी वितरण गरेको छ । साथै, महिला, कानून र विकास मञ्चको वेबसाइट https://fwld.org/publicationsर मेरो अधिकार एपमा समेत सर्वसाधारणको जानकारी र प्रचार प्रसारका लागि सिड समितिको निष्कर्ष टिप्पणीलाई राखेको छ । सिड समितिको निष्कर्ष टिप्पणी प्रचारप्रसारकै लागि महिला, कानून र विकास मञ्चले विभिन्न मन्त्रालयहरूका लैङ्गिक सम्पर्क व्यक्तिहरू, सांसद्हरू लगायत विभिन्न सरोकारवाला निकायहरूका लागि ४ देखि ५ वटा छलफल कार्यक्रमहरू समेत आयोजना गरेको छ । | |
| **अन्य महासन्धिहरूको अनुमोदन** | आप्रवासी कामदारहरू र तिनका परिवारहरूका अधिकारको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र बलपूर्वक बेपत्ता पारिएका सबै मानिसहरूको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्ने (निष्कर्ष टिप्पणी, | नेपालले हालसम्म आप्रवासी कामदारहरू र तिनका परिवारहरूका अधिकारको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० र बलपूर्वक बेपत्ता पारिएका सबै मानिसहरूको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ लाई अनुमोदन गरेको छैन । यी महासन्धिहरूमा नेपालले हस्ताक्षर समेत गरेको छैन ।[110] अनुमोदनका लागि सिफारिस प्राप्त भएका यी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु अगाडि नेपाल सरकारले आवश्यक कानूनी र संस्थागत आधार तथा क्षमता विकास गर्ने नीति राखेको कुरा नेपाल सरकारले तेस्रो विश्वव्यापी आवधिक | कार्यान्वयन नभएको |

[110]**UN Treaty Body Database**, https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Treaty.aspx?CountryID=122&Lang=EN (accessed on 2021.1.2)

| सिड महासन्धिसँग सम्बन्धित विषयवस्तुहरू | सिड समितिबाट नेपाललाई प्राप्त निष्कर्ष सुझाव | निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था | कार्यान्वयनको समग्र स्थिति (पूर्ण कार्यान्वयन, कार्यान्वयनको क्रममा रहेको, कार्यान्वयन नभएको) |
|---|---|---|---|
| | परिच्छेद ५०) | पुनरावलोकन (Universal Periodic Review) का लागि मानवअधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा उल्लेख छ।[111] | |
| **निष्कर्ष सुझाव परिपालनाको जानकारी** | महासन्धिको धारा ३१ (क)-(ख) र ४३ (ख) र (ग) मा उल्लिखित सिफारिसहरूको कार्यान्वयन गर्न चालिएका आवश्यक कदमसम्बन्धी लिखित जानकारी दुई वर्षभित्र प्रदान गर्ने ( निष्कर्ष टिप्पणी, परिच्छेद ५१) | सिड महासन्धिको धारा ३१ (क)-(ख) र ४३ (ख) र (ग) मा उल्लिखित नागरिकता र परम्परागत हानिकारक अभ्यास अन्तर्गत बालविवाह सम्बन्धी सिफारिसहरूको कार्यान्वयन गर्न चालिएका कदमसम्बन्धी लिखित जानकारी (फलोअप प्रतिवेदन) नेपाल सरकारले १ फेब्रुअरी २०२१ मा सिड समितिले प्राप्त गर्ने गरी बुझाएको छ।[112] | पूर्ण कार्यान्वयन |

[111]Human Rights Council, **National Report submitted in accordance with paragraph 5 of the annex to Human Rights Council Resolution 16/21*,** 3 November 2020, pg 3, para 12, A/HRC/WG.6/37/NPL/1

[112]Committee on the Elimination of Discrimination against Women, **Information received from Nepal on follow-up to the concluding observations on its sixth periodic report of Nepal**, 3 February 2021, CEDAW/C/NPL/FCO/6, https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CEDAW%2fC%2fNPL%2fFCO%2f6&Lang=en

# भाग-४
# निष्कर्ष, सुझाव तथा उपसंहार

## ४.१. निष्कर्ष

सिड समितिले नेपालको छैटौं आवधिक प्रतिवेदनमाथि सन् २०१८ नोभेम्बर १४ मा दिएको निष्कर्ष टिप्पणीमा महिला समानता प्रवर्द्धन गर्न र महिला विरुद्धको विभेद अन्त्य गर्न महासन्धिको धारा १ देखि १६ अन्तर्गत विभिन्न २१ विषयहरूमा सुझावहरू दिएको छ । यी सुझावहरूमध्ये केही लामा सुझावहरूलाई निष्कर्ष टिप्पणीको अनुगमन संयन्त्र (CEDAW Concluding Observation Monitoring Framework) मा व्यवस्था गरिए बमोजिम यस अध्ययनका लागि टुक्रचाएर जम्मा ८४ वटा सुझावहरू बनाइएकोमा जम्मा ४ वटा सुझावहरूको पूर्ण कार्यान्वयन भएको अवस्था देखिन्छ भने हालसम्म ६० वटा सुझावहरूमा केही कार्य भएको कारण कार्यान्वयनको क्रममा रहेको अवस्था छ । सिड समितिले दिएका बाँकी २० वटा सुझावहरू हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

पूर्ण कार्यान्वयन भएका सिड समितिका चारवटा निष्कर्ष सुझावहरू निम्नानुसार छन् :

- राष्ट्रिय महिला आयोगमा तीन जना पदाधिकारीहरूको नियुक्ति भएको छ ।
- बीस वर्ष नपुगी भएको विवाह स्वतः बदर हुने मुलुकी अपराध संहिता, २०७४ को व्यवस्था अनुकूल हुने गरी मुलुकी देवानी संहिता, २०७४ को संशोधन भएको छ ।
- नेपालले "मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख" (Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children (Palermo Protocol), 2000) लाई मिति २०७७।०३।०२ मा विनाशर्त अनुमोदन गरेको छ ।
- सिड महासन्धिको धारा ३१ (क), (ख) र ४३ (ख) र (ग) मा उल्लिखित नागरिकता र परम्परागत हानिकारक अभ्यास अन्तर्गत बालविवाहसम्बन्धी सिफारिसहरूको कार्यान्वयन गर्न चालिएका कदमसम्बन्धी लिखित जानकारी (फलोअप प्रतिवेदन) नेपाल सरकारले १ फेब्रुअरी २०२१ मा सिड समितिलाई बुझाएको छ ।[113]

यसरी यस अध्ययनबाट सिड समितिले दिएका प्रायःजसो सुझावहरू कार्यान्वयनको क्रममा रहेको (६० वटा सुझावहरू : ७१.४%) देखिन्छ भने करिव एक चौथाइ सुझावहरू (२० वटा सुझावहरू : २३.८%) हालसम्म कार्यान्वयन हुन नसकेको देखिन्छ । यी कार्यान्वयन हुन बाँकी सुझावहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । सिड समितिले दिएका सिफारिसहरूको कार्यान्वयन एकाङ्गी रूपमा सरकारको मात्र दायित्व नभई गैरसरकारी संस्थाहरूको पनि हो र यस कार्यमा गैरसरकारी संस्थाहरूले समेत सिड समितिको सुझावहरूको कार्यान्वयनका लागि सरकारलाई थप सहयोग र सहकार्य गर्न आवश्यक देखिन्छ ।

---

[113] Committee on the Elimination of Discrimination against Women, **Information received from Nepal on follow-up to the concluding observations on its sixth periodic report of Nepal**, 3 February 2021, CEDAW/C/NPL/FCO/6, https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CEDAW%2fC%2fNPL%2fFCO%2f6&Lang=en

कार्यान्वयन नभएका अधिकांश सुझावहरू विभेदरहित कानूनहरूको निर्माण, परिमार्जन र अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्ने सम्बन्धी रहेका छन् । यस सम्बन्धमा विधायिका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सरोकारवाला निकायहरूसँग छलफल गरी कानून सुधारमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

## ४.२. सुझाव

१. सिड समितिले दिएका कार्यान्वयन हुन बाँकी सुझावहरूको शीघ्र कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले तदारुकता देखाई तीन तहको सरकारबीच समन्वय र पर्याप्त बजेट विनियोजन सहित आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

२. सिड महासन्धि र सिड समितिले दिएका सुझावहरूको बारेमा अझै पनि तीन तहका सरकारका पदाधिकारीहरूलाई पर्याप्त जानकारी भएको नपाइएकोले सिड समितिका सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि यस महासन्धि र सिड समितिले दिएका सुझावहरूका बारेमा सरोकारवाला निकायहरूलाई अभिमुखीकरण तालिम दिनुपर्ने जरुरी देखिएको छ ।

३. सिड समितिले विभेदरहित कानूनहरूको निर्माण, परिमार्जन र अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गर्ने सम्बन्धी दिएका अधिकांश सुझावहरू कार्यान्वयन हुन बाँकी रहेको देखिएकोले यस सम्बन्धमा विधायिका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सरोकारवाला निकायहरूसँग छलफल गरी कानून निर्माण तथा सुधारमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

४. सङ्घीय संरचनामा तीन तहका सरकारबाट भइरहेका कार्यहरूको एकीकृत प्रतिवेदन र तथ्यांक राख्ने व्यवस्था नहुँदा भइरहेका कामहरूका बारेमा यस्ता अध्ययन प्रतिवेदनमा समीक्षा गर्न समेत चुनौतीपूर्ण रहेको छ । यसर्थ महिला अधिकारका क्षेत्रमा तीन तहका सरकारबाट भएका कामहरूको एकीकृत तथ्यांक, प्रतिवेदन, कामको अनुगमन र समीक्षा गर्ने प्रणालीको विकास गनुपर्ने आवश्यकता छ ।

५. सङ्घीय संरचनामा जानु अघि हरेक स्थानीय तहमा महिला र बालबालिका कार्यालय र दश प्रतिशत महिला लक्षित बजेट विनियोजन हुनेगरेकोमा यो अवस्था हाल रहेको पाईंदैन । सबै स्थानीय र प्रदेश तहमा महिला समानता र सशक्तीकरणका क्षेत्रमा प्रभावकारी रूपले कार्य गर्न साधन, स्रोत र अधिकार सम्पन्न विषयगत एकाइ, पर्याप्त मानव स्रोत र महिला लक्षित बजेटको विनियोजन हुनुपर्ने देखिन्छ । साथै, केन्द्रमा जस्तै स्थानीय र प्रदेश तहमा समेत लैङ्गिक उत्तरदायी बजेटको वार्षिक मूल्याङ्कन गर्न आवश्यक छ ।

६. लैङ्गिक हिंसा पीडित महिला तथा बालिकाहरुलाई आश्रयस्थलमा राखी आवश्यक स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी परामर्श लगायतका सेवा प्रदान गर्न सरकारले गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा विभिन्न स्थानीय तहहरुमा आश्रयस्थल संचालन गर्ने, आश्रयस्थल सञ्चालनका ला समयमा पर्याप्त बजेटको निकासा गर्ने र आश्रयस्थल सञ्चालनको न्यूनतम मापदण्ड बनाउनु देखिन्छ ।

७. सबै स्थानीय र प्रदेश तहमा गठन भएको लैङ्गिक हिंसा निवारण कोषमा पर्याप्त बजेट उपलब्ध गर हिंसा पीडित महिला तथा बालिकाहरुको सहज पहुँच सुनिश्चित गर्न जरुरी छ ।

८. नागरिकताका सवालमा महिलामाथि भएको विभेद सम्बोधन गर्न यथाशीघ्र नागरिकता संशो विधेयक पारित गर्न आवश्यक छ । ऐन संशोधन नहुँदासम्म नागरिकता बनाउन नसकेका नेपा

महिलाहरूले शिक्षा, रोजगार, आर्थिक कारोबार गर्न भोग्न परेका समस्याहरूलाई तत्काल सम्बोधन गर्न परिचयपत्र दिने व्यवस्था गरी समस्या समाधान गर्ने वैकल्पिक आधारको सिर्जना गर्नेतिर राज्यले कदम चाल्नुपर्ने देखिन्छ ।

९. राष्ट्रिय महिला आयोगमा पाँच जना पदाधिकारीहरूमध्ये दुई जना पदाधिकारीहरूको नियुक्ति बाँकी रहेकोले शीघ्र पदाधिकारीहरूको नियुक्ति गरी आयोगलाई पूर्णता दिन आवश्यक छ ।

१०. महिला अधिकारसँग सम्बन्धित कुनै पनि नीति, ऐन, अध्यादेश, नियम मस्यौदा तयार गर्दा राष्ट्रिय महिला आयोगको अनिवार्य रूपले परामर्श लिनुपर्ने व्यवस्था हुन जरुरी देखिएको छ । साथै, महिलाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई पनि कानून र योजना निर्माण प्रक्रियामा सहभागी गराउन जरुरी छ ।

११. नेपालमा महिला अधिकारसम्बन्धी कतिपय कानूनहरू राम्रा बनेका छन्, तर प्रभावकारी कार्यान्वयन हुनसकेको अवस्था छैन । यसर्थ कानूनको प्रभावकारी कार्यान्वयनमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

१२. स्थानीय बजेट, नीति र कार्यक्रम तर्जुमा गर्दा महिलाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिनुपर्ने देखिन्छ ।

१३. विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबाट लैङ्गिक समानता, न्याय र सशक्तीकरणका विभिन्न विषयहरूमा सरकारी पदाधिकारीहरू र सर्वसाधारणहरूको क्षमता अभिवृद्धि र सचेतनाका लागि अभिमुखीकरण तालिम र सचेतना कार्यक्रमहरू सञ्चालन भएको पाइए तापनि यसमा दोहोरोपना नहुने र सबै क्षेत्रका लक्षित वर्गका व्यक्तिहरूले कार्यक्रममा समान सहभागिताको अवसर पाउने कुराको सुनिश्चितता गर्न आवश्यक छ ।

## ४.३. उपसंहार

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि (CEDAW) को पक्ष राष्ट्रको हैसियतले सृजित भएको राष्ट्रिय दायित्व अन्तर्गत सिड समिति समक्ष प्रत्येक चार-चार वर्षमा बुझाउनु पर्ने आवधिक प्रतिवेदनको छैटौं चरणको प्रतिवेदन नेपालले सन् २०१८ नोभेम्बरमा बुझाएकोमा सो उपर समितिबाट प्राप्त निष्कर्ष टिप्पणीहरुको कार्यान्वयनको अवस्थाबारे आयोगले विभिन्न सरोकारवाला निकाय तथा पदाधिकारीहरूसँग परामर्श गरी, प्रश्नावली मार्फत तथा प्रदेशस्तरमा अन्तर्क्रिया समेत गरी प्राप्त सूचनाको आधारमा यो अध्ययन प्रतिवेदन तयार गरेको छ । CEDAW महासन्धिलाई महिलाका हक अधिकार सम्बन्धमा Principle Bill of Women Rights भन्ने गरिन्छ । तसर्थ, यस महासन्धिले अङ्गीकार गरेको सारभूत समानता (Substantive Equality) का आधारमा महिलाका आवश्यकता सम्बोधन हुने गरी कार्यान्वयन गर्ने निकायहरूले नीति, योजना, कार्यक्रमहरू ल्याउनु पर्ने कुरा CEDAW समितिले नेपालको छैटौं प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणीमा रहेको छ ।

नेपालमा संघीय शासन प्रणाली शुरु भएपछि तीन तहकै सरकारहरूले महिलाको हक, अधिकारको संरक्षण र समग्र विकासमा गरेका कामकारवाहीको सूचना सङ्कलन र अध्ययन गर्ने काम यस आयोगबाट पहिलो पटक भएको छ । यसबाट संघ, प्रदेश र स्थानीय तहलाई भावी कार्यदिशा पहिल्याउन समेत यस अध्ययनले आवश्यक मार्ग निर्देश गर्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

यस अध्ययनको वास्तविक चित्र माथि प्रतिबिम्बित भइसकेको छ । कुनै पनि अध्ययन आफैँमा पूर्ण हुँदैन । खासगरी कोभिड-१९ सङक्रमणको महामारीबीच गरिएको यस अध्ययनमा पनि केही कमीकमजोरी रहेका हुन सक्छन् । विषम परिस्थितिको बाबजुद यस प्रतिवेदनमा सम्भव भएसम्मका सूचना र तथ्याङ्क सङ्कलन गरिएको छ । विभिन्न परिस्थितिका कारण स्थानीय तहको सूचना तुलनात्मक रूपमा केही कम मात्रामा समावेश भएको देखिन्छ । सिड समितिले दिएका सुझावहरूलाई प्रतिशतको आधारमा विश्लेषण गर्दा सुझाव कार्यान्वयनको अवस्था सन्तोषजनक देखिएको छ ।

मूल रूपमा यस अध्ययनले निम्न कुराहरु औंल्याएको छ-

१. मुलुकमा संघीयताको अभ्यासपछि तीन तहको सरकारका बीचमा महिलाका हक, हितसँग सम्बन्धित नीति निर्माण र कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहकार्य बढाउनु पर्ने,
२. नेपाल पक्ष राष्ट्र भएको महिला हक अधिकार संरक्षण र विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको बारेमा स्थानीय तहमा जानकारी न्यून रहेको हुँदा थप जानकारी प्रवाह हुनुपर्ने,
३. महिला हक, अधिकारसम्बद्ध कानून कार्यान्वयनको पक्षलाई प्रदेश र स्थानीय तहमा थप सुदृढ बनाउनु पर्ने,
४. संघमा सिडका प्रावधान अनुरूपका महिला सशक्तीकरणसम्बन्धी कानून निर्माण, परिमार्जन, निर्देशिका, मापदण्ड तयार गर्ने काम सक्रियतापूर्वक भएकोमा तदनुरूप कार्यान्वयनमा पनि गति दिनुपर्ने,
५. प्रदेश र स्थानीय तहमा संस्थागत क्षमता अभिवृद्धिका साथै नीति कार्यान्वयन गर्ने जनशक्तिको पनि क्षमता अभिवृद्धि गर्नु पर्ने,
६. महिलासम्बद्ध विभेद रहित कानूनहरू निर्माण, संशोधन र केही अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गर्न संघीय निकायहरुलाई सुझाव दिइएकोमा पूर्ण कार्यान्वयन नभएकोले कार्यान्वयन हुन बाँकी विषयहरूलाई आगामी दिनमा प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने,
७. प्रदेश र स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा अन्यौल रहेकोले यसलाई सम्बोधन गर्नुपर्ने,
८. महिलाको न्यायमा पहुँच बढाउने सम्बन्धमा अधिकांश निकायहरूमा कानूनी परामर्श र निःशुल्क कानूनी सहायताका कार्ययोजना कार्यान्वयनमा रहेकोमा समाजका सीमान्तकृत वर्गका महिलालाई न्यायमा सहज पहुँच स्थापित गर्न विशेष जोड दिनुपर्ने,
९. समाजमा व्याप्त हानिकारक अभ्यासहरू सम्बन्धमा विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमहरू तीनै तहमा सञ्चालनमा रहेकोमा यसलाई आगामी दिनमा थप विस्तार गरी निरन्तरता दिनुपर्ने ।

